# लिगलिगकोट र घले राजवंश :

## एक ऐतिहासिक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय अन्तर्गत

पृथ्वीनारायण क्याम्पस, पोखरा, इतिहास तथा संस्कृति विभाग

स्नातकोत्तर तह द्धितीय वर्षको छैठौं पत्रको

प्रयोजनका लागि प्रस्तुत

**शोध-पत्र**

शोधार्थी

जिबन कुमार राना

क्याम्पस रोल नं.: ०३/२०६८

परीक्षा रोल नं.:४८००३०

त्रि.वि.रजिष्ट्रेशन नं.: ६-२-४८-२८२८-२००७

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस,

पोखरा, २०७३

# त्रिभुवन विश्वविद्यालय

# मानविकी तथा सामाजिकशास्त्र सङ्काय इतिहास तथा संस्कृति विभाग

# पृथ्वीनारायण क्याम्पस, पोखरा

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय इतिहास विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरुप छैठौं पत्रको प्रयोजनका लागि श्री जिबन कुमार रानाले **" लिगलिगकोट र घले राजवंश : एक ऐतिहासिक अध्ययन"** शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नु भएको हो । शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नु भएको यस शोधकार्यबाट म सन्तुष्ट छु । उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : ………/……….//……..

……………….

डा. दीर्घमान गुरुङ

सहप्राध्यापक

इतिहास तथा संस्कृति विभाग,

पृथ्वीनारायण क्याम्पस,

पोखरा

## त्रिभुवन विश्वविद्यालय

## मानविकी तथा सामाजिक शास्त्र सङ्काय इतिहास तथा संस्कृति विभाग

## पृथ्वीनारायण क्याम्पस, पोखरा

### स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय इतिहास विषयको स्नातकोत्तर तह छैठौं पत्रको पाठ्यक्रम अनुरुप श्री जिबन कुमार रानाले **" लिगलिगकोट र घले राजवंश : एक ऐतिहासिक अध्ययन"** शीर्षकमा तयार पार्नुभएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. बिभागीय प्रमुख प्रा.डा. ज्ञान बहादुर कार्की .......................................

२. बाह्य परीक्षक प्रा. डा. दिल बहादुर क्षेत्री ........................................

३. शोध निर्देशक सह प्राध्यापक डा. दीर्घमान गुरुङ ........................................

मिति : ............./.........../...........

# प्राक्कथन

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत गण्डकी अञ्चलको गोरखा जिल्लामा पर्ने लिगलिगकोट मध्यकालीन भुरे-टाकुरे राजाको पालामा एक शक्तिशाली र छुट्टै प्रजातान्त्रिक परिपाटी बोकेको एक घले राज्य हो । गोरखामा शाह राज्य स्थापना गर्ने द्रव्य शाहको पहिलो पाईला लिगलिगकोटबाट नै स्थापित हुन पुग्यो । गोरखाका ३२ कोटहरूमध्ये लिगलिगकोट एक हो । नेपालको इतिहासमा महत्वपूर्ण र अर्थपूर्ण बनेको यस कोटको बारेमा आजसम्म कसैले पनि कलम चलाउने जमर्को गरेको पाईदैन् । आजसम्म हामीले पढेको र जानेको खाली "लिगलिगकोटमा घले राजा थिए, द्रव्य शाहले जितेका थिए" मात्र लेखिनुले नेपालको शाह राजाहरुको इतिहासमै अपुरो र खल्लो हुने हुनाले "लिगलिगकोट" कै घले राजाको बारेमा खोजिनीति गर्ने खुल्दुलीको कारण र त्यहाँ रहेका राजदरबारको भग्नावशेष, मन्दिर, गुठी व्यवस्था र वर्तमान अवस्थाबारे पनि प्रकाश पार्ने उद्देश्यले यो शोधपत्र तयार गरिएको छ ।

नेपाल विभिन्न ऐतिहासिक स्थलहरू, कोटहरू, धार्मिक तथा सांस्कृतिक सम्पदाले शोभायमान देश हो । नेपालका कतिपय चौबिसे तथा बाइसे राज्यहरूको अस्तित्वको परिणाम नै हालको नेपाल हो भने धार्मिक भावनाले ओतप्रोत भएको पनि पाइन्छ । यसको ज्वलन्त नमूनाको रुपमा देशभरि छरिएका कोट, मठमन्दिर तथा गुठी व्यवस्थालाई लिन सकिन्छ । कोटको ऐतिहासिक अध्ययनले त्यहाँको ऐतिहासिक, राजनैतिक, सांस्कृतिक र धार्मिक पक्ष झल्काउछ भने धर्मले संस्कार, संस्कारले संस्कृति र संस्कृतिले सभ्यताको निर्माण गर्ने भएकोले नेपाली संस्कृतिको निर्माणमा यी सम्पदाहरूले प्रत्यक्ष रुपमा प्रभाव पारेकै छन् र पार्दै रहनेछन् । कुनै पनि समाजको सभ्यताको पहिचान त्यस समाजको संस्कृतिमा निर्भर पर्दछ । त्यसैले समाजको मेरुदण्डको रुपमा रहेको संस्कृति र सभ्यताको जननी धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदा नै हुन भन्न सकिन्छ । यसर्थ कोट, मन्दिर तथा गुठी व्यवस्था, संस्कृति तथा सभ्यता बिच अन्योन्याश्रीत सम्बन्ध रहेको हुन्छ । यिनीहरू एक अर्काका परिपुरक हुन भन्ने तथ्यलाई नकार्न मिल्दैन ।

शाहवंशीय राजाहरूको बारेमा धेरैले लेख, रचना र शोधपत्र लेखे तर घले वंशीय राजाहरूको बारेमा त्यसरी नलेखिएको हुँदा लिगलिगकोट र घलेको बारेमा अध्ययन, अनुसन्धान गर्नु धेरै चुनौतिपूर्ण विषय हो । लिगलिगकोटको बारेमा इतिहास खोज्न ज्यादै

गाह्रो पऱ्यो । स्थलगत भ्रमण गरें, पुराना अभिलेख, शिलालेख, ताम्रपत्रको खोजी गरें तर कतै केही प्रमाण, स्रोत भेट्टाउन सकिएन् । पुस्तकालय केन्द्रित भएर निरन्तर घले र लिगलिगकोट बारे खोजी गर्न थालें । पोखरामा भएका घले समाज, तमु समाजमा पनि पुगें । यो अनुसन्धान तयार पार्दा ज्ञान र अनुभवको कमीले गर्दा यसमा अनेक त्रुटीहरू, कमी, कमजोरी हुन सक्छन् । त्यसका निम्ति क्षमा चाहन्छु । यस शोधपत्रले लिगलिगकोटको घले वंशको बारेमा अध्ययन अनुसन्धान गर्न चाहने जिज्ञासु अन्वेषकहरूलाई थोरै मात्रामा भएपनि सहयोग मिल्ने आशा लिएको छु ।

सर्वप्रथम " लिगलिगकोट र घले वंश : एक ऐतिहासिक अध्ययन" शीर्षकमा शोधपत्र तयार गर्ने सुअवसर प्रदान गर्ने त्रि.वि.वि., पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभाग, पोखरालाई धन्यवाद दिन चाहन्छु । मलाई इतिहास विषय अध्ययन गर्न र शोधपत्र लेख्न प्रेरित गरिरहनु भएका श्रदेय गुरुद्धय प्रा. डा. दिल बहादुर क्षेत्री, प्रा.डा. ज्ञान बहादुर कार्की ज्यूमा हार्दिक  कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो अत्यन्त व्यस्त समय कटौति गरी शुरुदेखि नै मलाई नीति, निर्देशन, सल्लाह, सुझाव दिनुहुने श्रद्धेय गुरु तथा शोध निर्देशक सह प्राध्यापक डा. दीर्घमान गुरुङज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यस्तै मेरो इतिहास विषयमा स्नातकोत्तरको सुरुदेखि अन्तिमसम्म निरन्तर सहयोग पुऱ्याइरहनु भएका श्रद्धेय गुरु उप प्राध्यापक चन्द्रकान्त पौडेल, सहप्राध्यापक ज्योति भट्टचन, सहप्राध्यापक राधा भण्डारी, सह प्राध्यापक रश्मी ढेवाजु, सहप्राध्यापक बसन्त पराजुली, शिक्षण सहायक नारायण प्रसाद ढकाल लगायत विभागका सम्पूर्ण गुरुजनहरूमा आभार व्यक्त गर्दछु ।

यस शोधकार्यको सिलसिलामा अन्तर्वार्ता र घले वंश सम्बन्धी जानकारी गराउनुहुने घले समाज पोखराको सचिव प्रेम घले, लिगलिगकोट घलेवंशको इतिहासकार एवम् जानकार मनोज घर्तिमगरलाई पनि धन्यवाद नदिइरहन सक्दैन् । यो शोधसँग सम्बन्धित गुठीहरूको जानकारी तथा अन्य अभिलेखको प्रतिलिपि तथा आवश्यक जानकारी प्रदान गरी सहयोग गर्नुहुने गोर्खा आँपपिपल (खोलीगाउँ) निवासी श्री बेद बहादुर रानाप्रति पनि आभार व्यक्त गर्न चाहन्छु । पुस्तक एवम् पत्रपत्रिका उपलब्ध गराई सहयोग गर्ने त्रि.वि.वि. पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पृथ्वीनारायण क्याम्पसका कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

भ्रमण तथा अवलोकनको क्रम तथा सामाग्री सङ्कलनमा सहयोग गर्ने आँपपिपल (खोलीगाउँ) निवासी श्री ज्ञानेन्द्र रानालाई पनि धन्यवाद दिन चाहन्छु ।

आफू अशिक्षित रहेर पनि स्कूल जीवनसम्म पढाएर मेरी हजुरआमाले मलाई शिक्षाको उज्यालो दिनुभयो । यो शोधपत्र लेख्ने क्रममा अहिले उहाँ नरहेतापनि स्वर्गीय हजुरआमा मोती रानालाई सम्भन चाहन्छु । शोधपत्र तयार पार्दा मलाई सल्लाह, सहयोग दिइरहनु भएका मेरा बुवा शिवराज राना र आमा कौशिला रानाका साथै यस शोधपत्रलाई यथा सम्भव शुद्धताका साथ बडो मेहनत पूर्वक छिटो छरितो कम्प्यूटरमा लिपीबद्ध गरी सहयोग गर्ने आदर्श अफसेट प्रिन्टर्सलाई धन्यवाद नदिइरहन सक्दिन ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनार्थ त्रि.वि.वि. पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभाग, पोखरा समक्ष प्रस्तुत गर्दछु ।

मिति :

................................

जिबन कुमार राना

इतिहास तथा संस्कृति विभाग,

त्रिभुवन विश्व विद्यालय

पृथ्वीनारायण क्याम्पस,

पोखरा

# विषय सुची

**सिफारिस पत्र**
**स्वीकृति पत्र**
**प्राक्कथन**
**विषय सुची**

| | | | पृष्ठ |
|---|---|---|---|
| **परिच्छेद - एक** | | **अध्ययनको परिचय** | **१-६** |
| | १.१ | परिचय | १-२ |
| | १.२ | समस्याको कथन | २ |
| | १.३ | अध्ययनको उद्देश्य | २ |
| | १.४ | पूर्व कार्यको समीक्षा | २-४ |
| | १.५ | शोधविधि | ४ |
| | १.६ | अध्ययनको सीमा | ४ |
| | १.७ | अध्ययनको महत्व | ४-५ |
| | १.८ | अध्ययनको सङ्गठन | ५-६ |
| **परिच्छेद - दुई** | | **अध्ययनको भौगोलिक पक्ष** | **७-२०** |
| | २.१ | लिगलिगकोटको भौगोलिक परिचय | ७ |
| | २.२ | लिगलिगकोटको नामाकरण | ७-८ |
| | २.३ | घले वंशको उत्पति | ८-९ |
| | | २.३.१ विभिन्न जातीहरूमा 'घले' उपथर | ९-११ |
| | २.४ | नेपालमा घले वंशको प्रवेश | ११-१३ |
| | | २.४.१ घले वंशावली | १४-१५ |
| | २.५ | लिगलिगकोट आक्रमण पूर्वका विभिन्न राज्यका चर्चित घले राजाहरू | १६-१८ |
| | २.६ | घले राज्यहरूमा खान (शाह) हरूको आक्रमण | १८-२० |
| **परिच्छेद - तीन** | | **अध्ययनको सैद्धान्तिक पक्ष** | **२१-३३** |
| | ३.१ | लिगलिगकोटको राजा छान्ने विधि | २१-२२ |
| | ३.२ | लिगलिगकोटका घले राजाहरू | २२-२४ |
| | ३.३ | प्रशासनिक र सैनिक क्षेत्रमा लिगलिगकोटका घलेहरू | २४ |
| | ३.४ | लिगलिगकोटमाथि द्रव्य शाहको आक्रमण | २४-२७ |
| | ३.५ | द्रव्य शाहको आक्रमणपछि लिगलिगकोटको अवस्था | २७-२८ |
| | ३.६ | लिगलिगकोटको विद्रोह | २८-२९ |
| | ३.७ | लिगलिगकोटको विषयमा गोरखा र लमजुङ विच युद्धहरू | २९-३० |
| | | ३.७.१ पृथ्वीपती शाहको समयमा भएको युद्धहरू | ३०-३२ |
| | | ३.७.२ नरभूपाल शाहको समयमा भएको युद्ध | ३२-३३ |
| **परिच्छेद - चार** | | **अध्ययनको विश्लेषण** | **३४-४१** |
| | ४.१ | जातीय संरचना | ३४ |
| | | ४.१.१ भाषा | ३४ |

| | | |
|---|---|---|
| | ४.१.२ भेषभूषा | ३५ |
| ४.२ | शैक्षिक संरचना | ३५-३६ |
| | ४.२.१ शक संवत् | ३६ |
| ४.३ | परराष्ट्र सम्बन्ध | ३६-३७ |
| ४.४ | आर्थिक संरचना | ३७-३८ |
| ४.५ | शासन व्यवस्थाको संरचना | ३८-३९ |
| | ४.५.१ सिमाना एवम् जनसङ्ख्या | ३९-४० |
| | ४.५.२ हातहतियार र लडाई गर्ने शैली | ४०-४१ |
| **परिच्छेद - पाँच** | **धार्मीक पक्ष** | **४२-५६** |
| ५.१ | धर्म संस्कृति | ४२-४३ |
| ५.२ | चाडपर्व | ४३ |
| ५.३ | लिगलिगकोट दरवारको वर्तमान अवस्था | ४४-४५ |
| ५.४ | लिगलिगकोट अर्न्तगतको महत्वपूर्ण ऐतिहासिक स्थलहरू | ४५-४७ |
| ५.५ | लिगलिग भूमे कालिका मन्दिरको उत्पती तथा स्थापना | ४८ |
| | ५.५.१ पूजा विधि र परम्परा | ४९ |
| | ५.५.२ विशेष पूजा | ४९-५० |
| | ५.५.३ जनसाधारण तथा जनविश्वास | ५०-५१ |
| | ५.५.४ लिगलिग भूमे कालिका मन्दिरको बनोट शैली र वस्तुकला | ५१-५२ |
| | ५.५.५ गुठी व्यवस्था र वर्तमान अवस्था | ५२-५४ |
| ५.६ | लिगलिगकोट विकास अभियान | ५४-५६ |
| **परिच्छेद - छ** | **निष्कर्ष र सुझाव** | **५७-५९** |
| ६.१ | निष्कर्ष | ५७-५८ |
| ६.२ | सुझावहरु | ५८-५९ |

**सन्दर्भ सामाग्री**

**अनुसुची**

| | |
|---|---|
| १ | अन्तर्वार्ता लिएका व्यक्तिहरुको नामावली |
| २ | अन्तवार्ताको क्रममा सोधिएका प्रश्नावली |
| ३ | लिगलिगकोट विकास अभियान स्थापनाकाल देखिका पदाधिकारीहरु |
| ४ | घलेहरुले वर्तमान नेपालको निम्न १२ वटा जिल्लाहरुमा राज्य गरेका थिए |
| ५ | लमजुङ र गोरखाका घले राज्यहरु |
| ६ | वर्तमान गोरखा जिल्लाभित्र त्यसबेलाको लिगलिग राज्य |
| ७ | लिगलिगकोटमा तारा आकारमा रहेका दरबारको भगनावेशको नक्सा |
| ८ | लिगलिगकोटमा हुने दौड्ने बाटोको नक्सा |
| ९ | लिगलिगकोटमा दौड प्रतियोगिताको पर्चा |
| १० | लिगलिगकोट विकास अभियानको विधान अन्तर्गत परिच्छेद १ |
| ११ | फोटोहरु |

# परिच्छेद - एक

# अध्ययनको परिचय

## १.१ परिचय (Introduction)

विश्वको मानचित्रमा नेपाल सानो राष्ट्रको रुपमा देखिएतापनि यसको आफ्नै किसिमको विशेषता र पहिचान छ । भौगोलिक रुपले नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजित भएता पनि राजनैतिक आधारमा १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरिएको छ । वि.सं. २०६२/०६३ को जन आन्दोलनको महत्वपूर्ण उपलब्धि स्वरुप नेपाल र नेपाली जनताद्वारा प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गरी देशमा दिगो शान्ति कायम गर्न नेपालीले आफ्नो लागि आफैले लेखेको पहिलो संविधान नेपालको संविधान २०७२ ले नेपाललाई ७ संघीय राज्यमा विभाजन गरेको छ । यी मध्ये हालको ४ नं. प्रदेश (साविकको पश्चिमाञ्चल विकास क्षेत्र) अन्तर्गत गण्डकी अञ्चलमा पर्ने गोरखा जिल्ला अलौकिक प्राकृतिक सौन्दर्य तथा पवित्र स्थलको रुपमा रहेको जिल्ला हो ।

बाइसे र चौबिसे राज्य र त्यो भन्दा पनि अगाडिको समय जहाँ घले राजाहरुले आठौं शताब्दी र त्यो भन्दा अगाडी सिंजाबाट शुरु गरी वर्तमान नेपालको १२ वटा जिल्लामा घलेहरूले शासन गरेका थिए (घले, २०६५: २१) । यद्यपि गोरखामा पनि लिगलिगकोट, वारपाक, तल्लोकोट लगायत यसका अन्य छिमेकी राज्यहरू रहेका थिए । नेपाल एकीकरण गर्ने शाहवंशीय राजाका पूर्खा द्रव्य शाहको प्रथम आक्रमणमा लिगलिगकोट परेको थियो । त्यहाँ अन्य राज्यहरू भन्दा पृथक दौडमा जितेर राजा छान्ने प्रजातान्त्रिक पद्धति विश्वकै एक नमुना पद्धति थियो (घर्तीमगर, २०७१:६१) । वि.सं. १६१५ मा दशैंको दिन अप्रत्यासित तवरले द्रव्य शाहले आक्रमण गरी यसको विलय भएतापनि बेला बेलामा विद्रोह र युद्धहरूबाट मुक्त हुँदै फेरी गोरखा राज्यमा विलय हुन पुगेको थियो । यसर्थ नेपालको इतिहास लेखनमा लिगलिगकोटलाई छुट्याउन भने अवस्य मिल्दैन् । लिगलिगकोटको इतिहासलाई नसमेट्ने हो भने शाह वंशीय इतिहास पनि अपुरो रहन्छ ।

प्रस्तुत अध्ययनमा घले राज्यहरू मध्ये एक महत्वपूर्ण राज्य जसले नेपालको इतिहासमा महत्वपूर्ण अर्थ राख्छ । लिगलिगकोटको ऐतिहासिक तथा साँस्कृतिक विश्लेषण गर्नु, घले

जातिको परापूर्वकालदेखि लिगलिगकोटमा राज्य संचालन तथा त्यहाँको संस्कार, संस्कृतिको अध्ययन आदि पक्षको बारेमा यहाँ अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२. समस्याको कथन (Statement of the Problem)

नेपालको इतिहासमा घले राजवंश मध्ये आफ्नै छुट्टै विशेषता र मौलिकता भएको लिगलिगकोट राज्यको आफ्नै ऐतिहासिक तथा सांस्कृतिक महत्व छ । अहिलेसम्म लिगलिगकोटको इतिहासलाई आम जनसमक्ष ल्याउने काम नभएका कारण लिगलिगकोटमा घले राजालाई द्रव्य शाहले जिते भन्नेमा मात्र सीमित रहेको छ । लिगलिगकोटमा राजा को को थिए त ? भन्ने समेत कसैलाई थाहाँ नभएको अहिलेको अवस्था हो । लिगलिगकोटको इतिहास जनसमक्ष नआउदा यिनीहरूको महत्व घट्दै गएर समयको गतिसँगै एकदिन यिनीहरूको ऐतिहासिक अस्तित्वनै लोप हुने यथार्थलाई आत्मसात गरेर विभिन्न स्रोतहरू सनदपत्र, पुस्तक, पत्रपत्रिका तथा अन्य प्रामाणिक स्रोतहरूका आधारमा लिगलिगकोटको अध्ययन गर्नु तथा ऐतिहासिक दस्तावेज तयार पार्नु नै यस शोध अध्ययनको प्रमुख समस्या हो ।

## १.३ अध्ययनको उद्देश्य (Objective of the study)

यस शोध कार्यको उद्देश्यहरु मुलतः निम्न छन् :

क) लिगलिगकोटको नामाकरणको बारेमा जानकारी दिनु ।

ख) घलेहरू को हुन र कहाँबाट आगमन भयो भन्ने बारेमा जानकारी दिनु ।

ग) लिगलिगकोटमा द्रव्य शाहको आक्रमण र त्यसपछिका घटनाहरूका बारेमा प्रकाश पार्नु ।

घ) लिगलिगकोटको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक अवस्थाको चित्रण गर्नु ।

## १.४ पूर्व कार्यको समीक्षा (Review of the Literature)

लिगलिगकोटको बारेमा विभिन्न विद्वानहरूले आ-आफ्नै ढंगले सानातिना लेख तथा पुस्तकहरूमा प्रकाश पार्ने कार्य गरेको पाइन्छ जो निम्नानुसार छन् :

दिनेशराज पन्त (२०५०) द्वारा लिखित 'गोरखाको इतिहास' मा शाहवंशीय इतिहास लेख्ने क्रममा केही अंश घले राज्यहरूको पनि पर्न गएको छ । यसमा गोरखाको शाहहरूले घले राज्यहरू हड्पेको कुराहरू मात्र समेटिएको छ ।

भद्र बहादुर घले (२०६५) ले "घले राजवंशको संक्षिप्त ऐतिहासिक परिचय" नामक पुस्तकमा घलेहरू पश्चिमबाट पूर्वतर्फ आगमनको साथै विभिन्न स्थानहरूमा राज्य स्थापना र विलयको बारेमा लेखिएतापनि लिगलिगकोटको बारेमा सामान्य जानकारी मात्र दिईएको छ ।

डिल्लीजंग तमुद्वारा (२०५६) मा लिखित "तमु जातिको लुकेको इतिहास" पुस्तकमा अधिकांश गुरुङ जातिको आगमन, धर्म, संस्कार आदिको बारेमा उल्लेख गरेतापनि घले राज्य र लिगलिगकोटको बारेमा सामान्य जानकारी दिइएको छ ।

जगमान गुरुङद्वारा (२०४१) मा लिखित "नेपालको एकीकरणमा गुरुङहरूको भूमिका" पुस्तकमा गोरखा र त्यसदेखि पूर्वका घले राज्यहरूको नामावली उल्लेख गरेको पाइन्छ ।

डिल्लीराज शर्माको (२०५५) मा लिखित "नेपालको किल्ला वस्तुकला" मा केवल वर्तमान अवस्थामा लिगलिग दरवारको भगनावशेषको बारेमा थोरै प्रकाश पारिएको छ ।

डा.मेदिनी प्रसाद शर्माले (२०४७) मा लेखेको "नेपालको आधुनिक इतिहास" मा द्रव्य शाहले लिगलिगको घले राजा उपर आक्रमण गरेको उल्लेख गरेका छन् ।"

जगमान गुरुङद्वारा (२०३४) मा लिखित "गुरुङ जाति तथा संस्कृति" पुस्तकमा घलेहरूको पूर्वजको बारेमा लेखिएतापनि लिगलिगकोटको बारेमा थोरै उल्लेख मात्र गरेका पाइन्छ ।

मनोज घर्ती मगरको (२०७१) मा प्रकाशित "भर्तिको फन्दा" पुस्तकमा लिगलिगकोटको राजाको नाम र राजा छान्ने परिपाटीको बारेमा सामान्य जानकारी दिइएको छ ।

योगी नरहरिनाथद्वारा (२०२२) सालमा प्रकाशित "इतिहास प्रकाशमा सन्धिपत्र सङ्ग्रह ( भाग-१)" मा लिगलिगकोटमा युद्ध कसरी भयो भन्ने बारेमा सामान्य जानकारी दिइएको छ ।

पैंडि, ईन्द्रबहादुर अदिलेम गुरुङको (२०६८) "तमु (गुरुङ) सांस्कृतिक दिग्दर्शन" मा अधिकांश गुरुङ जातिको संस्कृतिको बारेमा प्रकाश पारिएको छ । यसका साथै त्यहाँ घलेको संस्कार र संस्कृतिको बारेमा जानकारी दिईएको छ ।

यसरी विभिन्न विद्वानहरूले लिगलिगकोट राज्यका बारेमा केही हद्सम्म प्रकाश पारेका भए पनि समग्रमा प्रकाश पार्ने प्रयास कसैबाट पनि भएको छैन् । अतः यहाँ लिगलिगकोट राज्यका बारेमा प्रमाण जुटाउन सकिएसम्म प्रमाणहरू जुटाई विविध पक्षमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

## १.५ शोधविधि (Research Methodology)

यो शोधविधि मुख्यत : निम्न विधिमा आधारित छ :

### क) प्राथमिक स्रोत

शिलालेख, गुठी व्यवस्थासँग सम्बन्धी कागजातहरू र गढीमा पाइएका पुराना हतियार, घण्टा आदिको अध्ययनका साथै इट्टा, टायल लगाएतका सामाग्रीहरू र आवश्यकता अनुसार जानकारी भएका विज्ञहरूसँग अन्तवार्ता लिइएको छ ।

### ख) सहायक स्रोत

अध्ययनसँग सम्बन्धित कोट, मन्दिर तथा घले जाति र घले वंशीय राज्यको बारेमा प्रकाशित लेख, रचना, पुस्तक आदिको बारेमा अध्ययन गरिएको छ ।

यो शोधपत्रलाई अन्वेषणात्मक र विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको छ । प

## १.६ अध्ययनको सीमा (Limitation of Study)

कुनै पनि अध्ययनको निश्चित सीमा भएन भने अध्ययन गर्न गाह्रो हुने हुनाले यस अध्ययनमा पनि निश्चित सीमाको निर्धारण गरिएको छ । लिगलिगकोट जहाँ ऐतिहासिक एवम् धार्मिक महत्व र विशेषता बोकेको दरवारको भग्नावशेष, मन्दिर, लिगलिगकोटसँग सम्बन्धित अन्य स्थानहरू रहेका छन् । नेपालको एकीकरण गर्ने शाहवंशको विजित प्रथम पाइला लिगलिगको समग्र अध्ययन गर्नु कम जटिल कुरा होइन् । यसैले यो अनुसन्धान लिगलिगकोटको अध्ययनमा मात्र सिमित हुनेछ ।

## १.७ अध्ययनको महत्व (Justification of the study)

नेपालको डाँडा, किल्लाहरूमा रहेका असङ्ख्य भुरे टाकुरे दरवारहरूको भग्नावशेषहरू अहिलेसम्म पनि हामीले देख्न सक्छौं । ती भग्नावशेषहरू मध्ये इतिहासमा नलेखिएको,

हराउने अवस्थामा पुगिसकेको घले वंशी राज्यहरूको र त्यसमा पनि लिगलिगकोट जसले नेपालकै इतिहासमा शाह वंशीय राजाहरूलाई फलाउने र फुलाउने अनि नेपाल एकीकरणलाई टेवा पुऱ्याउने गरी द्रव्य शाहको प्रथम आक्रमण मात्र नरही प्रथम विजय प्राप्त गरेको स्थानको बारेमा जनसमक्ष जानकारी दिनु यस्तै गरी द्रव्य शाहले आक्रमण गरे पश्चात पृथ्वीनारायण शाहसम्मको अवधिमा लिगलिगकोटको अवस्था र त्यहाँको आर्थिक, धार्मिक, सांस्कृतिक पक्षसँग सरोकार राख्ने र सोसँग जानकारी लिन र लेख्न खोज्ने जिज्ञासुहरूलाई थप सहयोग पुऱ्याउनु अध्ययनको महत्व रहेको छ । घले जातिहरू को थिए र उनीहरु विभिन्न जातिहरूमा के कसरी विभाजित भएको थिए भन्ने बारेमा अनि त्यहाँ रहेका मठ मन्दिर र अन्य धार्मिक महत्वलाई प्रकाश पारी नेपालको क्षेत्रीय इतिहास लेखनको चौतारीमा इँटा थप्नु पनि यस अध्ययनको विशेष महत्व रहने अपेक्षा गर्न सकिन्छ ।

## १.८ अध्ययनको सङ्गठन (Organization of the Study)

यो शोधपत्र छ परिच्छेदमा विभाजन गरिएको छः

परिच्छेद एकमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध विधि, अध्ययनको सीमा, अध्ययनको महत्व र अध्ययनको सङ्गठन रहेका छन् ।

परिच्छेद दुईमा लिगलिगकोटको भौगोलिक परिचय, लिगलिगकोटको नामाकरण, घले वंशको उत्पति, विभिन्न जातिहरूमा 'घले' उपथर, घले वंशावली, नेपालमा घले वंशको प्रवेश, लिगलिगकोट आक्रमण पूर्वका विभिन्न राज्यका चर्चित घले राजाहरू, घले राज्यहरूमा खान (शाह)हरूको आक्रमणको बारेमा चर्चा गरिएको छ ।

परिच्छेद तिनमा लिगलिगकोटको राजा छान्ने विधि, लिगलिगकोटका घले राजाहरू, प्रशासनिक र सैनिक क्षेत्रमा लिगलिगकोटका घलेहरू, लिगलिगकोट माथि द्रव्य शाहको आक्रमण, आक्रमणपछि लिगलिगकोटको अवस्था, लिगलिगकोटको विद्रोह, लिगलिगकोटको विषयमा गोरखा र लमजुङ विच भएको युद्धहरू, गोर्खाली राजा पृथ्वीपति शाह र नरभूपाल शाहको समयमा भएको युद्धहरुको बारेमा वर्णन गरिएको छ ।

परिच्छेद चारमा शासन व्यवस्था, सीमाना एवम् जनसङ्ख्या, परराष्ट्र सम्बन्ध, हातहतियार र लडाई गर्ने शैली, जातीय स्थिति, धर्म-संस्कृति, चाडपर्व, विद्या, भाषा, शक संवतको प्रयोग, भेषभूषा, खाद्यान्न र पेशाको बारेमा जानकारी दिइएको छ ।

परिच्छेद पाँचमा लिगलिगकोट दरवारको वर्तमान अवस्था, लिगलिगकोट दरवार अन्तर्गतका ऐतिहासिक स्थलहरू, लिगलिगकोटमा अवस्थित लिगलिग भूमे कालिका मन्दिर तथा गुठी व्यवस्था, लिगलिग भूमे कालिका मन्दिरको उत्पति तथा स्थापना, पूजाविधि र परम्परा, विशेष पूजा, जनसाधारण तथा जनविश्वास, लिगलिग भूमे कालिका मन्दिरको वनोट शैली र वस्तुकला, गुठी व्यवस्था र वर्तमान अवस्था, लिगलिगकोट विकास अभियानको बारेमा उल्लेख गरिएको छ ।

परिच्छेद छ मा शोधकार्यको निष्कर्ष प्रस्तुत गरिएको छ ।

# परिच्छेद - दुई

# अध्ययनको भौगोलिक पक्ष

## २.१. लिगलिगकोटको भौगोलिक परिचय

गण्डकी अञ्चलका जिल्लाहरूमध्ये सबैभन्दा ठूलो जिल्ला गोरखा नेपालको मानचित्रमा ८७° २७" देखि ८४° ५८" पूर्व देशान्तर र २०° १५" देखि २८° ४५" सम्मको उत्तरी अक्षांशभित्र फैलिएको छ । यसै जिल्लाको आँपपिपल गा.वि.स. हाल पालुङटार नगरपालिका भित्र लिगलिगकोट पर्दछ (मेचीदेखि महाकालीसम्म, भाग-३, २०३१:६०) । यसको पूर्वमा गोरखा जिल्लाकै छोप्राक, उत्तरमा हर्मी, दक्षिणमा पालुङटार र खोप्लाङ गा.वि.स.हरू अनि पश्चिमतिर लमजुङ जिल्ला रहेका छन् । लिगलिगकोट समुन्द्री सतहबाट ४ हजार ७ सय ९० फिट उचाइमा पर्छ जुन गोरखाको आँपपिपल गा.वि.स.को वडा नं. १,२,३,४,५ र ८ नम्बर समेटिएको छ । वि.सं. २०७१ मंसिरबाट यो क्षेत्र पालुङटार नगरपालिको वडा नं. १३ मा पारिएको छ (घर्तीमगर, २०७१:२२) । लिगलिगकोटबाट पूर्वतिर गोरखा दरवार रहेको डाँडो, पश्चिममा नरहरी शाहको दरवार रहेको रागिनास डाँडो, उत्तरतिर आधा घण्टा पैदल यात्रामा पुग्न सकिने हर्मीकोट लगायत बिहानीको सूर्योदय सँगै रमणीय हिमश्रृङ्खला, बेलुकी चेपे र मर्स्याङ्दीको क्षितिजमा देखिने सुर्यास्तको दृश्यवलोकन देख्न सकिन्छ (लिगलिगे दौड, २०६७:२) । लिगलिगकोटको डाँडोमा जहाँ कोटहरू, गढीहरू र मन्दिर रहेका छन् । हाल त्यहाँ ज्ञानेन्द्र रानाको नेतृत्वमा लगाइएका सल्लाघारीले ढाकिएको छन् । यस कोटको तीनतिर भिर पहराहरू छन् । यसको केही तल खोलीगाउँ, महितोल, पाँच्यान, आँपपिपल, जस्ता घना वस्ती रहेको छ । लिगलिगकोट पुग्नलाई हामीले काठमाडौं-पोखरा (पृथ्वी राजमार्ग) को विच स्थान डुम्रेमा ओर्लेर आँपपिपल जाने गाडी पक्रनुपर्दछ । डुम्रेबाट साढे एक घण्टाको बसयात्रामा तुरतुरे, ठाँटीपोखरी हुँदै लिगलिगकोट (आँपपिपल) पुग्न सकिन्छ ( स्थलगत भ्रमण) । ऐतिहासिक कालमा आँपपिपल, पालुङटार, हर्मी, खोप्लाङ र छोप्राक जस्ता वर्तमान स्थानहरू मिलेर बनेको यस लिगलिगकोट राज्यको छिमेकी राज्यहरू लमजुङ, तनहुँ, गोरखा, वारपाक आदि थिए ।

## २.२ लिगलिगकोटको नामाकरण

लिगलिगकोट मगर शासित राज्य भएकोले लिङलिङकोटमा चलनचल्तीको भाषा पनि मगर नै थियो । राज्यको नामाकरण पनि यही भाषाबाट गरिएको थियो । मगर भाषामा 'लिङलिङ' भन्नाले स्नीग्ध, सफा, कन्चन, छ्याङ्ग भन्ने हुन्छ । लिङलिङकोट दरवारबाट हेर्दा अहिले

पनि चारै तिर क्षितिजका प्राकृतिक छटा खुल्ला, स्पष्ट र छ्याङ्ग देखिन्छ । मगर भाषाको लिङलिङबाट नै अपभ्रंश भएर 'लिगलिग' रहन गएको हो । त्यसो त 'लिगलिग' शब्द 'लिखलिख' बाट अपभ्रंश भएर बनेको भन्ने भनाईहरु पनि छन् । मगर भाषामा 'लिखलिख' को अर्थ सिमाना हो । लिगलिगकोटलाई लमजुङ र गोरखा राज्यको सिमानाको रुपमा लिने गरिन्छ । त्यसबेला लिङलिङलाई "सात सय लिङलिङ" पनि भन्ने गरिन्थ्यो । आपँपिपल, खोप्लाङ, हर्मी, पालुङटार र छोप्राक गरी पाँच गाउँका सात सय घरधुरी समेटेर लिङलिङकोटलाई प्रशासनिक इकाइ बनाइएको थियो (घर्तीमगर, २०७१:२३) ।

लिच्छविकालमा गढलाई 'कोट' भनिन्थ्यो । नेपाली बोलचालमा आएको किल्लाको अर्थ बुझाउने गढ, गढी, गड, गौंडा, क्वाथ, कोत, जोङ, खलङ्गा, चोरक आदि सबै आन्तरिक सुरक्षा र आक्रमणको सामना गर्ने हेतुले निर्मित स्थानहरू हुन् (विष्ट, २०३९:१) । आजकल पनि डाडाँका टुप्पामा ढुङ्गाका पर्खाल भेटिन्छन् । तिनलाई आजकल हामी 'कोट' भन्दछौं । उसबेलाका राजदरवार यिनै हुन् । गोरखाको लिगलिग डाँडो पनि एउटा राज्य थियो (देवकोटा, २०२५:३१-३२) । आठ, नौ थुमहरू मिलाएर एउटा कोटको स्थापना गरिन्थ्यो । कोटहरूमा उमराव हाकिम हुन्थे । जहाँबाट राज्यमा शासन गरिन्थ्यो । त्यहाँका राजाका दरवार र प्रशासनिक कार्यालय, विभिन्न कार्यालयहरूको व्यवस्था गरेको स्थानको नाम नै कोट थियो (घले, २०६५:५३) ।

## २.३ घले वंशको उत्पति

घले वंशको उत्पत्ति सम्बन्धमा एक किम्वदन्ती पाइन्छ । सो अनुसार वर्तमान चिनको केराङ खोला नजिक दुई वटा ढोग नाम गरेका ठाउँहरू छन् । माथिल्लो ढोग रहेको ठाउँमा एउटा गुम्बा छ । त्यहाँ एउटा ज्योमो (झुमा) बसेकी थिइन् । एक दिन आँगनमा तान बुन्दा चर्को घाम लागेको बेला तानमाथि एउटा असिनाको डल्ला खस्यो । ज्योमोले असिना खाईन र गर्भवती भइन् । यौनसम्पर्क विना बच्चा जन्मेकोले समाजदेखि बच्नको लागि उनले पधेरौं जादाँ बाटोमा बच्चा भेट्टाएर टिपेको बताइन् । बाखाको दुध खुवाईयो । बच्चा ७ वर्ष पुगेपछि ल्हासा जाऔं भन्यो । उनी नाङ्लोमा चढेर ल्हासा पुगे । त्यहाँ उनको विवाह भयो । दुई छोराहरू भए । ठूलोले विवाह नगरी तपस्या गरी बस्यो र कान्छो राजा भयो । त्यही कान्छोको सन्तानहरू नै आजका घलेका सन्तान हुन् । घलेहरू त्यही असिनाबाट जन्मेको सन्तान भएको हुनाले घलेको गोत्र सूर्यवंशी भएको हो भन्ने पनि छन् । बाखाको दुध खुलाएर बाँचेको हुनाले उनीहरुका सन्तान दरसन्तानले बाखाको मासु नखाएको हो ।

घले जातिका मानिसहरुले बाख्रालाई आमा सरह ठान्दछन् (तमु, २०५६:४६) । घलेहरूलाई घले भाषामा "लिला" भन्दछन् । २०४८ साल र २०५८ सालको जनगणना अनुसार घलेहरूको जनसङ्ख्या नजनाइएको भएता पनि नेपालमा घले भाषा बोल्ने ४५,००० र घले लेख्नेहरूको सङ्ख्या करिव ३,५०,००० पुगेका पाइन्छ (गुरुङ, २०६८:४६९) ।

### २.३.१ विभिन्न जातीहरूमा 'घले' उपथर

घले थर गुरुङ, तामाङ, मगरमा पनि पाइएको छ (अन्तवार्ता : मनोज घर्तीमगर, वर्ष-२९) । घलेलाई निमिट्यान्न पार्न घले भएको थाहाँ पाए २० रुपैंया जरिवाना वा जेल हाल्ने मात्र नभएर मृत्युदण्ड दिने राजाको उर्दी थियो । यसरी घलेहरू भाग्दा भाग्दै मगर बस्तितिर पुगेकाहरु आफ्नो ज्यान बचाउन मगर घले बने । तामाङ बस्तितिर पुगेकालाई "तामाङ घले" भनियो भने गुरुङहरूको वस्तीमा पुगेकालाई गुरुङ घले भनियो (समाधान दैनिक, २०७३ वैशाख ६) । घले राज वंशको विज्ञ जगमान गुरुङ्ग अनुसार घलेहरु सबैका राजा थिए । यसर्थ, घलेले गुरुङ, तामाङ र मगर जातिलाई रक्त सम्बन्ध र साँस्कृतिक सम्बन्धमा जोड्ने गरेको देखिन्छ ।

#### क) गुरुङ जातिमा घले

खड्काहरूले लमजुङमाथि आक्रमण गरे । लडाई लड्न लमजुङका घले राजाले कास्कीका नुतारिचोङलाई सहयोग मागे वापत सहयोग दिएर कास्कीमा नुतारिचोङका सेनाले खड्का फौजीहरूलाई लमजुङ आक्रमणमा विफल पारी भगाई दिए । यसबाट घले राजाले खुसी भई आफ्नो छोरी दिएर बैवाहिक सम्बन्ध कायम गरे । त्यहाँबाट नै घले र गुरुङहरूको बीच मैत्री तथा रक्त सम्बन्ध कायम भएर घले राजा, घोताने काजी, लामिछाने मन्त्री र लामालाई गुरुको उच्च पदमा आसीन गराईएको पाइन्छ (तमु, २०५६ : ४६) । यस्तै गरी म्हिनकुंगि (गुरुङको थर) ले घले राजाको छोरी विवाह गरेकाले नै गुरुङ घले रहन गएको कुरा माथिल्लाकोटको मान बहादुर घलेकी काली घलेनीबाट वि.सं. २०११ सालमा प्राप्त वंशावलीमा उल्लेख गरिएको पाइन्छ । यसैगरी यी तथ्यलाई घलेवंशको इतिहासकारहरू जगमान गुरुङ, इमानसिं चेम्जोङ, भद्र घले, डोलराज काफ्ले आदिले उल्लेख गरेका छन् । गुरुङहरूले (घले गुरुङले) राज्य गरेको राज्यहरू खासगरी वारपाक, सिक्लेस, कास्की, लमजुङ, अर्मला, कहोल आदिलाई लिन सकिन्छ । घलेहरूले शासन गरेको विशाल क्षेत्रलाई तमुवान भन्ने गरिन्छ ।

#### ख) तामाङ जातिमा घले

ल्हयेको नेतृत्वमा सफुंतिग्याल्सा (मनाङ) आई मनोह्योंकारी कुलको छोरी बौद्ध धर्म अंगाली स्थायी रुपमा बसोबास गर्न थाले । त्यहाँ चार पुत्रहरू जन्मे । क्रमशः आसा, बिसा, कप्सा, योसा । समय वित्दै जाँदा महाराज जडरोरेको शासन कालमा आफ्नो नातिहरूको विवाह घले वंशमा रुपान्तरण गर्नुभयो । साँबृ घले, रिल्ते घले र ध्याल्दे घले नामाकरण गरियो । प्हेकाचिरीको कान्छा राजकुमार चेकासिरीको नेतृत्वमा पाँच गाउँको केही मानिसहरू लिइ ताँमा वंशमा रुपान्तरण गराई पूर्व दिशामा गई बसोवास गरे (तमु, २०५६:४४) । यही ताँमा वंश नै तामाङ जातिमा परिणत भएको पाइन्छ । 'घले' थर तामाङ जातिमा उल्लेख छ (तामाङ, २०५१:६१) । तामाङ राज्य वा तामाङको घले राज्यहरू गोरखादेखि पूर्व धादिङ निभारचोर, चरेङ्ग, फिर्केप आदि स्थानमा भएको पाईन्छ ।

### ग) मगर जातिमा घले

घलेलाई थापामगरको उपथर दिईएको उल्लेख गरिएको छ (थापा, २०४९:१०७) ।

गोरखाको लिगलिगकोटमा शासन गर्ने घलेलाई इतिहासकारहरूले 'मगर' भनेका छन् । द्रव्य शाहको पालामा लिगलिगमा घले थरका मगर राजाहरूले राज्य गर्दथे (थापा, २०५०: २१०) । लिगलिगकोटमा घलेमगर राजा थिए । दौडमा प्रथम आउने व्यक्ति एक वर्ष राजा हुने चलन थियो । वि.सं. १६१५ मा त्यहाँ द्रव्य शाहले षड्यन्त्र गरी घले राजाको हत्या गरे (दहाल, २०५३:१३२) । लिगलिगकोटमा दौडमा जितेर घलेमगर राजाले राज्य गरेको पाईन्छ (शर्मा, २०४७:४१) । लिगलिग मात्र नभएर हर्मीमा समेत दलु घलेमगरको सानो राज्य थियो (आरमीट्मा, २०६०:१६) । भर्तीको फन्दा र लिगलिगे दौडमा राजालाई दलसुर घलेमगर लेखिएको छ । "Drabya shah, first of all, attacked the place called liglig. It was under the rule of the Ghales of the Magar tribe." (अर्याल एण्ड ढुङ्गेल, १९७०:१०७) । यस्तैगरी कृष्ण राज अर्यालले "Drabya shah defeated the Magar kings of liglig and the khadka kings of Gorkha and thus created the bigger kingdom of Gorkha भनी उल्लेख गरेका छन् (अर्याल, १९७५:४६) । लिगलिगकोटको उत्तरी भागमा हर्मीकोट, हर्मीभञ्याङ र दक्षिणी सिमानामा हर्मीको डाँडा गाँउ छन् । काँध तमुवान हो भने कछाड चाही मगराँत हो । लिगलिगकोटको घले राजा मगर नै थिए । लिगलिगका घले मगर जिम्ववालले सबैभन्दा बढी कर बुझाउने गरेको प्रमाणहरु पनि फेला परेका छन् (अर्न्तवार्ता : जगमान गुरुङ्ग, वर्ष -) । यसरी नेपालका विभिन्न विद्वानहरूले लिगलिगकोटमा घले मगरले राज्य गरेको उल्लेख गरेका छन् ।

## २.४ नेपालमा घले वंशको प्रवेश

घलेहरु मंगोलियन हुन् (अर्न्तवार्ता : जगमान गुरुङ्ग, वर्ष-६५) । जतिपनि मंगोलियन ईसा पूर्व चीनबाट भारत र भारतबाट नेपाल प्रवेश गरे, तिनीहरु हुण, हेप्ताल, शक आदिको रुपमा चिनिन्छन् । ईसा पूर्व पाँचौ शताब्दीमा चीनमा हुण जाति थिए (शाक्य, २०६० : ४) । यिनीहरु भारतमा प्रवेश गरी भारतको मध्य प्रदेशमा शासन गरेको अनि यी हुणहरुलाई धपाएर गुप्तले शासन गरेका थिए (क्राउथर र फिन्ले, १९८१ : ५३८) । धपिएका हुणहरु मगर जातिको रुपमा नेपालमा स्थानतरण भएको थियो (आचार्य, २०५४:५४) । मगर र गुरुङ्ग जातिका पूर्खा एकै बंशका हुन (रानामगर, २०५८:१८) । अहिले घलेहरु मगर र गुरुङ्ग दुबै जातिमा हुनाले घलेहरु पनि हुणका सन्तान रहेको अनि उनीहरु चीनबाट भारत र भारतबाट नेपालमा प्रवेश गरेको मान्न सकिन्छ । घलेवंशको इतिहासलाई हेर्ने हो भने उनीहरूले नेपालमा राज्य संचालन गरेको शताब्दिऔं अगाडि जानुपर्ने देखिन्छ । घलेहरूले नेपालको पश्चिमबाट क्रमशः राज्य संचालन पूर्वतर्फ बढाएको देखिन्छ । लगभग आठौं शताब्दीको अन्तरमा जुम्लामा घलेहरुले राज्य स्थापना गरेको त्यहाँका अभिलेखहरूमा पाइन्छ । राजा पृथ्वी मल्ल देवले सन् १३७९ (वि.सं. १४३६) मा दुल्लुकोट भञ्ज्याङमा राखेको कोटी अभिलेख स्तम्भमा क्रोसिक्हाल घलेदेखि ६ वटा राजा च्याँसुर घलेसम्मको नाम उल्लेख भएको पाइन्छ (घले, २०६५:२०-२१) । घलेले अन्दाजी ४०० वर्षसम्म सिँन्जामा राज्य गरेको अनुमान गर्न सकिन्छ । पं. शिखर नाथ सुवेदीले प्युठान भन्ने स्थानमा पनि घलेले राज्य गरेको उल्लेख गरेका छन् । जुम्लादेखि पूर्व छिमीक्याल्सा आएर घले च्यासुर राजाले राज्य स्थापना गरे । घले राजाहरुले वर्तमान भारतको केदारनाथ, बद्रीनाथ, बैश्वान र ज्वाला हुँदै जुम्लाको सिँन्जा प्रान्तमा आई राज्यको स्थापना गर्नुभन्दा अगाडि प्युठान जिल्लामा पनि केहीकाल घलेले राज्य गरेका थिए । जुम्लाबाट छिमिक्याल्सा हुँदै सिक्री भोटमा राज्य शासन गरे । घलेहरुले सवुतोक्यालसामा आएर शासन गरे । यसपछी त्यहाँ क्रोसीक्याल घले राजाले राज्य शासन गर्न थाले । क्रोसिक्याल घले बडो दूरदर्शी, बुद्धिमान र योग्य शासक थिए । उनले आफ्नो राज्य शासन कालमा निकै राम्रो कार्यहरु गरेका थिए । राज्य संचालनमा पछि शासन गर्ने घले राजाहरूलाई सजिलो र सरल भएको थियो ।

घलेहरूले वर्तमान नेपालको बाह्रवटा जिल्लाहरूमा नेपालको एकिकरणको समयसम्म राज्य संचालन गरेको देखिन्छ । घलेहरूले शासन गरेको १२ जिल्लाहरूमा प्युठान, सिँन्जा, बाग्लुङ,

मुस्ताङ, पर्वत, कास्की, मनाङ, लमजुङ, स्याङ्जा, तनहुँ, धादिङ र गोरखा पर्दछन् (घले, २०६५:२) । गोरखा जिल्लामा पनि घलेहरूले हर्मी, छोप्राक, सिरानचोक, अंजिरगढ, सिमजुङ, वारपाक र लिगलिगकोटमा शासन गरेको पाइन्छ (आरमीट्मा, २०६०:१६) । गोरखा जिल्लाभित्रको लिगलिग राज्य र त्यहाँ शासन गर्ने घलेविच विशेष सम्बन्ध रहेको पाइन्छ ।

आठौं शताब्दीतिर सिँन्जामा राजा क्रोसिक्हालले आफ्नो सनातन यजुर्वेद छोडी अथर्ववेद अन्तर्गतको कौलमार्ग बौद्ध मत लिए । उनका छोराहरू सिस्योर र यिनका छोरा सस्येर भए । यिनका छोरा मुस्येर र यिनका छोरा लसेर भए । यिनका छोरा डिसिं र तिनका छोरा तोमिच्या र यिनका छोरा पोतिक्ह्याल भए । यिनका फेरी शक्तिक्हाल र मुक्तिक्ह्याल दुई छोरा भए । शक्तिक्हालले सबुतोक्यालसामा नै रजाई गरि बसे । मुक्तिक्हालले चीन गई रजाई गरे । शक्तिक्हालका ३ छोराहरू हीराक्ह्याल, मोतिक्ह्याल, र लतिक्ह्याल थिए । हिराक्हालले सबुतोक्हाल्समा रजाई गरे । यिनको सन्तान साब्रें घले भए । मुक्तिक्ह्यालले रि भन्ने स्थानमा रजाई गरी बसे । यिनका सन्तान रिल्दे घले भए । लतिक्हालले क्ह्यालसोंपोमा रजाई गरे । यिनका सन्तान ध्याल्दे घले भए । यी साब्रें घले, रिल्दे घले र ध्याल्दे घले आफ्ना थरमा बाहेक सात पुस्ता वितेपछि आपसमा बिहेवारी चलाए । त्यसपछि सबुतोक्हाल्समा घलेको रजाई मासियो । घलेका सन्तान च्योंसुर घलेले छिमिक्हाल्स भनेको मुक्तिक्षेत्रमा रजाई गरि बसे । उनले उमरकाटी थर मास्ने गर्दा म्हिनकुगिंले घलेलाई नमानी ओल पिंच्या, सिकारी भोट गई बसे । त्यसपछि पनि मैजो र फिस्यां मनाङ गई बसे । घले राजाले त्यसपछि मनाङ ङावल आई रजाई गरी बसे ।

म्हिनकुंगिले मनाङ ङावलबाट घले राजा ल्याई कहोल (कास्की/सिक्लेसनेर) राजा थापी माने । घले राजा म्रंधिंच्हो भन्ने अग्लो डाडाँको टाकुरामा दरवार बनाई बसे । त्यसपछि कहोलमा हीराक्हाल, छुरिक्हाल, थर्मोकहाल, पोतिक्हाल, श्रीस्युंक्हाल नामक घले राजाहरु भए । दोवाक्हाल निसन्तान भएकोले म्हिनकुगिंले रितु घलेलाई कहोलको राजा बनाए । रितु घले स्वेच्छाचारी, अत्याचारी स्वभावका थिए । प्रजाको खेतीमा घोडा चराउथे । यसो हुँदा उनीदेखि सबै चिढिएका थिए । कोट कोटमा उमरावहरू उनको विरोधमा विद्रोहमा उत्रे । विद्रोहमा रितु घलेको खुट्टा काटिएकोले उनलाई खोरण्डो घले भनिन्थ्यो । म्हिनकुगिंले कास्कीको राजा जगति खानलाई राजा मानी बसेकाले कहोलमा घले राजाको रजाई मासियो । रितु घले सिक्लेससम्म आएका थिए । म्हिनकुगिंले थोयुम भन्ने ठाउँमा काठको

च्यापेमा च्यापेर मारे । त्यसपछि घलेका सन्तान कोही भाई पोंजोमा गाउँ बसाली रजाई गरे । कोही भाइले लमजुङ पुरानोकोटमा रजाई गरे । पछि पुरानोकोटको रजाई पनि पोंजोमा नै गाभियो ।

कास्कीका राजा कुलमण्डल शाहका राजकुमार यशोब्रम्ह शाहले नोचनका सन्तानहरूलाई हात लिई पोंजोका घले राजालाई मर्स्याङदीको किनारमा छलगरी मारेकाले पोंजोमा समेत घले राजाको रजाई मासियो । त्यसपछि घलेका सन्तान कोही गोरखा र कोही नेपाल (काठमाडौं) तर्फ भागे । गोरखा गएकाहरूले लिगलिगकोट, गोरखा उपल्लोकोट र वारपाक स्यार्तानमा रजाई गरी बसे ।

लिगलिग मासिदा वारपाकमा च्यांग्या नाम गरेका राजा, सुर्तान नाम गरेका मन्त्री थिए । रामशाहले वारपाकस्यार्तान र अठारसय खोलामा रजाई गरेकाले घले राजाको रजाई मासियो । नेपालतर्फ गएकाहरूले सल्यान, खरिमैधी, चरंग्या, धादिङ, कटुन्जे, समरि आदि स्थानहरूमा रजाई गरि बसे । साब्रे घले, रिल्दे घले र ध्याल्दे घले थर वारपाक गई बसे । यिनीहरू सूर्ववंश, भारद्वाज गोत्र, भारद्वाज अंगिरस, वार्हस्पत्य त्रिप्रवर र माध्यन्दिनीय गोत्रमा विभाजन भएको पाईन्छ  (गुरुङ, २०३४:५-९) ।

### २.४.१ घले वंशावली

केदारनाथ, बद्रीनाथ
बैश्वान, ज्वाला — राज्य गरेको

↓

प्युठान

↓

जुम्ला/सिँन्जा (आठौं शताब्दीबाट झण्डै ४०० वर्ष शासन)

क्रोसिक्ह्ल घले

↓

सिस्योर

↓

सस्येर

↓

मुस्येर

↓

लसेर

↓

डिसिं

↓

तोमिच्चा

↓

पोतिक्ह्याल

↓

शक्तिक्हाल+मुक्तिक्ह्याल (चीन)

↓

हिराक्ह्याल ↓ | मोतीक्ह्याल ↓ | लतिक्ह्याल ↓

(साव्रेक्ह्यालमा रजाई) (रि स्थानमा रजाई) (क्ह्यालसोंपोमा रजाई)

साव्रे घले रिल्दे घले ध्याल्दे घले

(यी ३ भाइले ७ पुस्तापछि एक अर्कामा बिहेवारी गरेकोले साव्रेक्ह्यालमा रजाई मासियो ।)

च्योसुर घले (छिमिक्ह्याल्समा रजाई) वि.सं. १४३६ मा दुल्दुकोट भञ्जाङको कोटी अभिलेख

............?

कहोल (कास्की) सिक्लेस नेर रजाई

हिराक्ह्याल घले

छुरिक्हाल घले

थर्मोक्हाल घले

पोतिक्हाल घले

श्रीस्युंक्हाल घले

दोवाक्हाल घले (निसन्तान रहेकाले रितु घले राजा भएको)

रितु घले (कास्कीको जगतिखानले मारे) वि.सं. १५२५-१५८३ भित्र

(वंश मासिएकोले भाइहरू पोंजो र लमजुङमा राज्य स्थापना)

पोंजो लमजुङ पुरानोकोट

(पछी लमजुङ पनि पोंजोमा गाभियो । कास्कीको यशोव्रम्ह शाहले पोंजोका घले राजालाई मारे । सन्तानहरू भागेर गोरखा र नेपाल (काठमाडौं) गए ।)

गोरखा गएकाहरू नेपाल गएकाहरू

लिगलिग (दलसुर घले) (१६०३-१६१५) गोरखा उपल्लोकोट वारपाकस्यार्तान सल्यान खरिमैधी चंरग्या धादिङ कटुन्जे सामरि

स्रोत (गुरुङ, २०३४:३-९)

## २.५ लिगलिगकोट आक्रमण पूर्वका विभिन्न राज्यका चर्चित घले राजाहरू

आठौं शताब्दीतिर सिँन्जामा शासन गर्ने घलेहरूमा क्रोसिक्हाल घले र च्यासुर घले प्रसिद्ध छन् । उनीहरूको नाम दुल्लु अभिलेखमा पनि उल्लेख भएको पाईन्छ । पश्चिमबाट पूर्वतर्फ सर्ने क्रममा वर्तमान मनाङ जिल्लाको ङावलमा राज्य स्थापना गर्ने हिराक्ह्याल घले, सोह्रौ शताब्दीको समयमा कास्कीको जगति खानसँग युद्ध गर्ने कहोलको राजा रितु घले पनि चर्चित थिए । यसका साथै सल्यान घ्याल्चोकका प्रथम घले राजा पहलमान घले पनि उतिकै चर्चित थिए । लिगलिगकोट आक्रमण पूर्वका चर्चित घले राजाहरू निम्न छन् :

**क) क्रोसिक्हाल घले :** यिनले आफ्नो सनातन यजुर्वेद छोडी अथर्ववेद अन्तर्गतको कौलमार्ग बौद्ध मत लिएका थिए । जुम्लाबाट छिमिक्याल्सा हुँदै सिक्रीभोटमा राज्य शासन गर्न थाले । उनी बडो दूरदर्शी, बुद्धिमान र योग्य शासक थिए । उनले आफ्नो राज्य शासन कालमा निकै राम्रो कार्यहरू गरेका थिए । राज्य संचालनमा पछि शासन गर्ने घले राजाहरूलाई सजिलो र सरल भएको थियो । उनले आफ्नो राज्यमा धर्मको निकै सुधार गरेका थिए । जुम्लाको सिँन्जामा राज्य शासन हुँदासम्म बोनवादको चल्ती रहेको पाइन्छ । बुद्ध धर्मको कम प्रभाव थियो भने सुवतोक्याल्सामा राजा क्रोसिक्हाल घलेले आफ्नो राज्यमा बुद्ध धर्मको महायानी सम्प्रदाय धारण गरी राज धर्म नै घोषणा गरेका थिए (घले, २०६५:२१) ।

**ख) च्यासुर घले :** वि.सं. १४३६ को दुल्लुकोट भञ्ज्याङमा राखेको अभिलेखमा पनि यिनको नाम परेको छ । यिनले (मुस्ताङ) छिमीक्याल्सामा राज्य शासन संचालन गर्ने क्रममा आय स्रोत कम भएर भाइ भारदार (म्हिनकुंगि) हरू र कर्मचारीको लागि रकमको अभावको कारण राजाले रजात (भत्ता) कटौती गरेका थिए । राजाको त्यस व्यवहारले राज्यका म्हिनकुंगिहरूले छिमीक्याल्साको राज्य संचालनमा राजालाई बाधा पारेका थिए । म्हिकुंगिहरू सीक्रीभोट गएर बस्न थाले । म्हिंकुगिहरूको असहयोगले गर्दा त्यस क्षेत्रको राज्य शासन लामो समयसम्म दिगो र स्थिर हुन सकेन् । तिनै म्हिनकुंगिहरू मध्येका मैजु फिस्य नामक भारदारले पनि घले राजालाई छिमीक्याल्सामा छोडी मनाङ गएर बस्न थाले । सबै म्हिनकुंगिहरूको असहयोगको कारण त्यस क्षेत्रमा घले राजाको शासन समाप्त भएको थियो (घले, २०६५:२०) ।

**ग) हिराक्ह्याल घले :** सबुतोक्याल्साबाट मनाङ ङावलको मृधिचो भन्ने अग्लो सुरक्षित स्थानमा दरबार बनाएर राजा हिराक्ह्याल घलेले राज्य सञ्चालन गर्न थाले । समय र

परिस्थितिले त्यसरी जीवन यापन गरी राज्य शासन चलाउने अवस्था नरहेकोले राजा हिराक्ह्याल घलेका मुख्य काजी मैजो : फिस्य र म्हिनकुंगिहरूलाई खेती गर्न योग्य भूमि छनौट गरी खेतीको विकास गर्ने योजना बनाए । म्हिनकुंगिहरूले मनाङ र सबुतोक्याल्साको बीचमा पर्ने खेती गर्न योग्य भूमि कहोलमा खेती गर्न योग्य जमिन भएको ठहर गरी राजालाई जाहेरी गरे । त्यसै ठाउँको काफोंकोमार र कोय कुथर भन्ने स्थानमा म्हिनकुंगिहरुले राजाको आदेश अनुसार ६ सय जङ्गल फडानी गरेर घर, कुरिया बसाली राज्य गरे । त्यसै अवस्थामा एक म्हिनकुंगि मंगले, लुडैले विद्रोह गरेर घले राजालाई अप्ठ्यारोमा पारेका थिए । पछि घलेको सिपाहीहरुले विद्रोही मंगले, लुडैलाई मारिदिएपछि क्रफोंकोगारको क्षेत्रमा घले राजाको शासन राम्रोसँग चल्न थाल्यो । कहोलमा ६०० घर कुरिया बसाई ३ गाउँमा बाडियो । यसैले कहोललाई ३ गाउँको नामले पनि पुकारिन्छ । राजा हिराक्ह्यालको शासनदेखि नयाँ विधानको निर्माण गरियो (घले, २०६५:२४) ।

**घ) रितु घले :** यिनी क्होलाको राजा थिए । उनले कहोलबाट सिक्लेसमा राजधानी बनाएर राज्य विस्तार गर्ने योजना बनाएका थिए । कास्कीका राजा जगती खान (वि.सं. १५२५-१५८३) ले रितु घलेलाई हत्या गरी ती राज्यहरू आफ्नो कब्जामा लिनको लागि आफ्ना भारदारहरू सरमन, सापकोटा किन्नत र किन्नुत जस्ता चतुर भारदारहरूलाई घले राजाका म्हिनंकुगिहरूसँग सिक्लेसमा गई सल्लाह गर्नको लागि नियुक्त गरे । रितु घलेसँग असन्तुष्ट मंग्या क्रोम्छै र ग्रुल क्रोम्छै (म्हिनंकुगि) हरू जगती खानको भारदारसँग सिक्लेसमा भेट गरे । उनिहरूले सातवटा खसी, दुईवटा मुनाल चरा, दुईवटा कस्तुरी, दुईवटा च्याखुरा सहित फुलबुट्टा भएको पाँखि र बख्खु दुईवटा लिएर कास्की जगती खाँन राजाकहाँ गए । उनीहरूले शाही राजाको भारदारहरू पाण्डे, पाण्व्य, अर्ज्याल, खँदाल, बोहोरा र डुरा घिमिरे भारदारको प्रतिनिधिसँग बसेर रीतिथिती “घा” बाचा बन्धन गरी शाही राजालाई मान्ने र घले राजालाई नमान्ने भनेर सम्झौता गरे (घले, २०६५:२९) ।

रितु घले राजाले लमजुङ, गोरखा र कास्की हेर्ने ठुलाकोटको हाकिम झागल गुरुङलाई बनाएका थिए । झागलसँग युद्ध गर्ने की सन्धि गर्ने भनेर दुई प्रस्ताव लिएर अर्घौ ठुलाकोट कानत सापकोटा र जैसर पाण्डे गएका थिए । पछि सो प्रस्तावमा झागल गुरुङले युद्ध गर्ने भनेकाले जगती खान र घले राजाको फौजहरु कुडँरको मैदानमा भेला भए । झागल गुरुङ पनि पछि जगती खानसँग मिल्न पुगे (घले, २०६५:३१-३२) ।

**ङ) पहलमान घले :** सल्यान घ्याल्चोकमा पहिलो शासन गर्ने घले राजा पहलमान घले थिए । उनलाई मल्ल युद्धको लागि काठमाडौंमा निमन्त्रणा गरियो । काठमाडौंमा चार भञ्जाङ भित्रको बीर घोषणा गरेर स्वतन्त्र रुपमा जे मन लाग्यो त्यही गर्न दिए । उनलाई पञ्चखत माफ गरिएको थियो । उनको ८० वर्षको उमेरमा काठमाडौंमा मृत्यु भयो । उनको मृत्युपछि घ्याल्चोक शाह राजाले कब्जा गरे (घले, २०६५ : ४०) ।

## २.६ घले राज्यहरूमा खान (शाह) हरूको आक्रमण

**क) स्याङ्जा :** स्याङ्जाको भीरकोटमा घले राजा थिए । सदरमुकाम हालको सेरुङ्गा नामक थुम्कोमा थियो । गह्रौकोटेको जीत र भीरकोटेको पराजय भएका कारण भीरकोटे घले राजा पराजयको पिडाले आफै सेरिएर आत्महत्या गरेका कारण सो स्थानको नाम सेरुङ्गा रहन गएको हो (खनाल, २०६६:१८) ।

**ख) कास्की :** कास्कीमा घले राजाले शासन गर्दथे । नुवाकोटका राजा मिचा खानका माहिला छोरा जगती खानले कास्कीका घले राजालाई जितेर त्यहाँ आफ्नो राज्य स्थापना गरे । जगती खानले कहोलका घले राजा रितु घलेलाई पनि परास्त पारे । कहोलका घले राजालाई परास्त गरेपछि जगती खानको धन, ऐश्वर्य र शक्ति आफ्ना पूर्ववती राजाहरूको भन्दा प्रशस्त बढ्यो (गुरुङ, २०६१:१९) । कहोलका राजा रितु घले र जगती खान बिच युद्ध भयो । जगती खानले आक्रमण गर्दा कहोलमा घलेको पराजय पछि सिक्लेस भन्ने ठाउँमा घलेहरूको सङ्गठन सुरु भयो । उनले पोखराको लामाचौरमा दरवार बनाई घलेहरूका क्रियाकलापमाथि निगरानी राख्न थाले (सुवेदी, २०६०:८३) ।

**ग) अर्मला (कास्की) :** कुलमण्डन शाहले अर्मलामा घलेको दरवार हुनाले त्यसलाई जित्नु अत्यावश्यक थियो । तसर्थ अर्मलालाई जित्न नुवाकोटबाट आफ्नो विश्वासी राने मगरलाई कास्कीमा ल्याई बसाए (गुरुङ, २०३५:३६) । कुलमण्डन शाहले कुम्भे रानाको नेतृत्वमा अर्मलामाथि आक्रमण गरी अर्मलालाई आफ्नो अधीनमा पारे (सुवेदी, २०६०:७८) ।

घले राजालाई कुम्भे रानाले मारिदिएको हुनाले राजा जगती खान कुम्भे रानासँग निकै खुसी भए । फलस्वरुप कुम्भे रानाले राजा जगती खानबाट फेवातालमाथिको चिलम डाडाँको जग्गा विर्ता पाएका थिए । जगतिखानले कुम्भे रानालाई कास्कीकोट कालिकाको गाथको

पुजारी बनाइ दिएका थिए । त्यसैबेलादेखि कालिकाको गाथमा कुम्भे रानाका सन्तान बाहेक अरुलाई पूजारी नदिने परम्परा चलिआएको हो (पुनमगर, २०५० : ९२) ।

**घ) कहोल (कास्की) :** कहोलमा अन्तिम राजा ढोवाक्हाल निसन्तान रहेकोले रितु घलेलाई राजा बनाइयो । मिचा खानका माहिला छोरा जगति खानले कहोलका राजा रितु घलेलाई मारेर कहोल राज्यलाई पनि आफ्नै राज्यमा मिलाई दिए (गुरुङ, २०५४:३१) ।

**ङ) लमजुङ :** कास्कीबाट कालु शाहीलाई लमजुङ (पुरानोकोटमा) लगि राजा बनाईयो । लमजुङ सुलीकोटका घले राजा आफ्नै राज्य भित्रको पुरानोकोटमा शाही राजा आएर शासन गरेकोमा ज्यादै रिसाए । आक्रमण गर्ने हो कि भनेर त्यहीका बासिन्दाहरूले स्वेच्छाले बनाइएका शाही राजाको पक्षमा लडी आफ्नो हार हुन सक्ने अनुमान गरि घले राजाले षड्यन्त्र गरेर शाही राजालाई मार्ने योजना बनाए । यही योजना अनुसार शाही राजासँग "घा" गर्न इच्छा प्रकट गरि आफ्नो दरवारमा स्वागत गर्नको लागि कालु शाहीलाई लिन पुरानोकोटमा मान्छे पठाए । घले राजाको कुरालाई विश्वास मानी लमजुङ पुरानोकोटका भारदाहरूले आफ्ना राजा कालु शाहलाई घले राजाका व्यक्तिहरूको साथ लगाई सुलीकोट पठाइदिए । यसको केही दिनपछि घले राजाका सिपाहीहरू तोर्दो, पार्दो, बलीतामी, चीमी आदि मिलेर कालु शाहीलाई शिकार खेल्ने बाहाना पारी "शिशिढुङ्गा" नामक घना जङ्गलमा लगेर "बेजो" हानेर मारिदिए । यो थाहाँ पाएर पुरानोकोटका ६ थरेहरू घले राजासँग ज्यादै रिसाए (काफ्ले, २०५६:४३) । भारदारहरू सराम पाँडे, बिजय थापा, जैसर बोहरा, हिरीमणी राना, सिवसर बडाल, रामसर अर्जाल र दामु दुराको सल्लाहले कास्कीबाट जगती खानसँग सल्लाह गरि लमजुङको पुरानोकोटमा जसबम शाही राजा बनाईए । उनी कालु शाहीको भाइ थिए । जसबम शाहीले पोंजोको घले राजालाई मार्ने षड्यन्त्रमा घले राजाका ठूल-ठूला भारदारहरू कुविक्याल, सबक्याल, पुरुक्याल र कौक्यालहरूलाई पोंजो घले राजाका विरुद्ध छलकपट, जालजेल गर्न लगाएका थिए । लमजुङ (पुरानोकोट) को राजा जसबम शाहीले पोंजोको घले राजासँग सन्धी गर्ने भनी मर्स्याङ्दी नदीमा भेला भए । त्यहाँ शाहीहरूले बालुवामा लुकाई राखेका हतियारले घले राजाको हत्या गरिदिए । यसपछि उनका सन्तानहरू पूर्वतर्फ भागे । वारपाकको लिगलिगकोटमा आफ्नो राजधानी स्थापना गरे । त्यस क्षेत्रको राइनासकोट, भञ्ज्याङकोट, ओखरीकोट र सिर्दिवास सम्मको इलाकामा आफ्नो राज्य स्थापना गरि शासन संचालन गर्न थाले । ध्याल्चोक राज्यमा पर्ने सल्यान बडी, मैदि र

त्यसैको साना-साना कुटुन्जे, सामरी गाउँ मिलाएर घले वंशले शासन गर्न थाले । त्यस मध्यमा चरङ्गमा मुख्य स्थान थियो (घले, २०६५:४०) ।

घलेराजाहरूको राज्यलाई मास्ने काम कास्कीको शाहीहरूबाट भएकाले कास्कीमा “घले मारि शाही रजाएको” भन्ने स्थानिय जन-साधारणमा प्रचलित लोकोक्तीबाट बुझ्न सकिन्छ (पौडेल, २०५९:५२) । राजा जगती खानले घलेलाई सिध्याई ठकुरी शासनको शुरुवात गरे (पौडेल, २०५९:४१) । कास्कीका अन्तिम राजा सिद्धिनारायण शाह (१८००-१८४२) को पालामा कास्कीदेखी इसानतर्फका घलेहरूले गिलुङ घनपोखरा याङ्जाकोटका गुरुङहरूसँग मतोगरी कास्कीको विरुद्ध षड्यन्त्रमा सामेल भएका थिए (आचार्य, २०२४:१३३-१३४) ।

**च) गोरखा :** द्रव्य शाहले वि.सं. १६१५ मा घले राज्यहरूमध्ये लिगलिगकोट माथि अधिकार जमाएका थिए । यसैगरी उनले उपल्लोकोटका घले राजालाई जिती उपल्लोकोट कब्जा जमाए । गणेश पाँण्डेको मातहतमा सिह्ानचोक कब्जा गरियो भने उनकै मातहतमा अजिरगढमा विजय प्राप्त गरिएको थियो । त्यसैगरी पूर्ण शाहले सल्यान, खरी, मैधी, धादिङ र छत्र शाहले सिम्जुङ बिजय गरेका थिए  (पन्त, २०४१:५३-७६) । राम शाहले वारपाक, स्यार्तान, अठार सय खोला, सल्यान, बस्याहरी, खरि, मैधी, चरङया, धादिङ आदि घले राज्यहरू जितेर राम शाहले गोरखाको सिमा विस्तार गरेका थिए (गुरुङ, २०४१:११) ।

# परिच्छेद - तीन

## अध्ययनको सैद्धान्तिक पक्ष

### ३.१ लिगलिगकोटको राजा छान्ने विधि

लिगलिगकोट त्यस्तो राज्य थियो, जहाँ राजादेखि रङकसम्म जातजाति, भाषा, धर्म, वर्ग, लिङ्गको विभेद थिएन् । राजा बन्ने दौडमा समेत जुनसुकै जात, धर्म, वर्ग र समुदायका व्यक्ति सहभागी हुन पाउँथे । राज्यसंचालन प्रक्रियामा सहभागी हुन पाउने हक सबैलाई प्रदान गरेकाले लिगलिगकोट लोकतान्त्रिक पद्दतिको अनुकरणीय एवम् नमुना राज्य थियो । लिगलिगकोटमा दौडेर प्रथम हुने व्यक्तिलाई राजा छान्ने परम्परा वि.सं. १६०३ को बडादशैंमा पनि भएको पाइन्छ । यसरी राजा छान्ने प्रथालाई “लिगलिगे दौड” भनिन्थ्यो । कतिपय राजनीतिक प्रसङ्गमा अहिले पनि यो दौडको चर्चा हुने गर्दछ (घर्तीमगर : २०७१:२२) ।

लिगलिगकोटमा राजा अर्थात शासक छान्ने परम्परा अनौठो र रोचक थियो । बडादशैँका दिन हुने दौड जसले जित्न सक्यो, उही राजा बनाइन्थ्यो । तीनै राजाले लिगलिगकोटमा राज्य सञ्चालन गर्थे । त्यहाँ राजा बनाउने परम्परा विश्वकै नौलो र ऐतिहासिक मानिएको छ (नेपाल परिचय, २०७०:६१) । इतिहास हेर्दा प्राय हामीले राजाहरू राजतन्त्रात्मक र निरङ्कुशवादी रहेको पाईएतापनि कतिपय ठाउँमा गणतन्त्रात्मक र प्रजातान्त्रिक पद्धति अपनाएको पनि देखिन्छ । ईसापूर्व छैटौं शताब्दीतिर नेपालको तराईक्षेत्रमा केही महत्वपूर्ण गणतन्त्रात्मक राज्यहरू स्थापित थिए । यी गणराज्यहरू मध्ये कपिलवस्तुको गणराज्य विशेष उल्लेखनीय छ । भनिन्छ शुद्धोधनको समयमा त्यहाँ ८० हजार कुल परिवार सङख्या तथा ५ लाख जनसङ्ख्या थियो । शाक्यसंघको एक सभा थियो, जसमा ५०० सदस्यहरू थिए । यसको अधिवेशन संस्थागतमा हुन्थ्यो । त्यहाँ बहुमतको कदर गरिन्थ्यो (दहाल, २०५३: ३३-३४) । यसैगरी लिच्छविहरूले बैशालीमा रहँदा सञ्चालन गरेका गणराज्य परम्परालाई केही मात्रामा नेपाली शासन व्यवस्थामा पनि कायमै नै राखे । उनीहरूले बैशालीमा शासन व्यवस्था बंशानुक्रम परम्परामा सर्दै जाने नभएर बहुमतको आधारमा हस्तान्तरित हुन्थ्यो ( अधिकारी र घिमिरे, २०६५:३०) । लिगलिगकोट मात्र नभई यसका नजिकका राज्यहरूमा पनि प्रजातान्त्रिक अभ्यास अर्न्तगत राज्य संचालन गरेको पाइन्छ । तनहुँसुर किल्ला माझँको थुम्कोमा कुनै दुधेबराह (मस्टो) को बंशज मगर राजा थिए । दगुरानमा मगरलाई सेनवंशले

जितेर तनहुसुँरमा सेन वंशले राज्य गर्न थाले (थापा, २०५६:६५) । पैंयुकोटमा चार थरी मगरमा थापा, राना, सारु, चितौरेहरूले पालैपालो दुई दुई वर्ष शासन गर्थे (भूसाल, २०६३:३०) । नरभूपाल शाहको समयमा कटुञ्जेदेखी सामरीसम्मका क्षेत्रमा आपसमा मिलेर भित्र-भित्रै राजा छान्दथे (पन्त, २०४१ : २५९-२६०) ।

नेपालको इतिहासमा द्रव्य शाह लिगलिगकोटको दौड जितेर राजा भएको उल्लेख भए पनि यो मिथ्या थियो भन्ने पछिल्ला इतिहासकार र अन्वेषकले पुष्टि गरेका छन् (भूसाल, २०६३:३०) । वि.सं. १६१५ को दशैंमा घलेहरू राजा छान्ने अभियानमा लागिरहेको बखत विना हातहतियार जम्मा भइरहेको समयमा द्रव्य शाहले लिगलिगकोटमा आक्रमण गरेर त्यसलाई आफ्नो अधिकारमा लिए (उपाध्याय, २०५५:६७) । बडा दशैंको टीकाको दिनमा घलेहरूले भोज खाएर चेपेघाटदेखि लिगलिगकोट सम्म दगुर्दथे । यसरी चेपेघाटको महत्व धार्मिक एवम् ऐतिहासिक स्थलको रुपमा पनि प्रख्यात रहेको पाईन्छ (गुरुङ, २०४१:१०२) ।

द्रव्य शाहले लिगलिग आक्रमण गर्दा त्यहाँको राजा दलु घले थिए भनि आरमीट्मामा उल्लेख गरेका छन् भने भर्तीको फन्दा पुस्तकमा दलसुर घले भनि उल्लेख गरेका छन् । धन घलेले समाधान पत्रिकामा राजाको नाम धनसिंह लेखेका छन् । लिगलिगकोटको जानकार एवम् स्थानीय ज्ञानेन्द्र रानाले राजाको नाम दलसिङ बताएपनि उनको विचारमा दलु, दलसुर, धनसिङ, दलसिङ एकै हो भनेका छन् (अर्न्तवार्ता : ज्ञानेन्द्र राना, वर्ष-७५) । वि.सं. १६०३ मा दौड जितेर १९ वर्षको कलिलो उमेरमा उनि लिगलिगकोटको राजा भएका थिए । उनले वि.सं. १६०३ देखि १६१५ सम्म अर्थात १२ वर्षसम्म राज्य सञ्चालन गरेका थिए (योगी, २०२२:६८०) ।

## ३.२ लिगलिगकोटका घले राजाहरू

**क) दलसुर घले :** दलसुर घले वि.सं. १६०३ को विजया दशमी (टिका) को दिन दौडमा प्रथम आई लिगलिगको राजा भएका थिए । उनी १९ वर्षको उमेरमा राजा भएका थिए भने वि.सं. १६१५ को टिका कै दिन द्रव्य शाहको आक्रमणमा परी ३१ वर्षको उमेरमा मृत्यु भएको थियो । उनको जन्म वि.सं. १५८४ मा भएको थियो (घर्तीमगर, २०७१:२३) । उनको राज्य वर्तमान आपँपिपल, खोप्लाङ, हर्मी, पालुङटार र छोप्राक गरी पाँच गाउँ मिलेर बनेको थियो । उनी लिगलिगकोटको राजा हुँदा भारतको मुगल साम्राज्यमा अकबर राजा थिए (श्रेष्ठ, २०४१:१९-२०) । किन भने अकबरको शासन काल वि.सं. १६१३-१६६३ रहेको

पाईन्छ (के.सी., २०५६:८-९) । यसैगरी तनहुँमा भृङ्गीसेन वि.सं. १६१० मा राजा थिए (थापा, २०५६ :६५-६६) । कान्तिपुरमा महेन्द्र मल्ल (१६१७), पाल्पामा मुकुन्द सेन, गोरखामा मानसिंह खड्का, वारपाकमा चाङग्या, लमजुङमा नरहरी शाह राजा थिए (के.सी, २०६१:१५०) ।

दलसुर घले राजाको पारिवारिक पृष्ठभूमी त्यती ज्ञात नभएपनि त्यस राज्यमा त्यसबेला पारिवारिक प्रजातान्त्रिक व्यवस्था कायम भएको मान्न सकिन्छ । राजा नियुक्त गर्नेदेखि लिएर शासनमा प्रत्यक्ष निती निर्देशन दिने परम झाक्री दलसुर घलेको ठुलो बुवा थिए । परम झाक्रीको हत्यापछि सो पदमा आसिन हुने मनबिरे पनि दलसुरको दाजु भाई थिए । दलसुरको माईजु धनीसरा थिए । माइजुको छोरी डिलसरासँग दलसुरको विवाह भएको थियो । डिलसराले खपाङ्गीलाई पुसै (फुपाजु) भनेकाले खपाङ्गी पनि राजा दलसुरको ठूलो बुवा भन्ने देखिन्छ । लमजुङले नुन व्यापारीको रुपमा पठाएको चर खड्के जसले खपाङ्गीको छोरी बुकुनालाई बिहे गरे । बुकुना साइनोले दलसुरको बहिनी थिए । दोस्रो बिहे गर्ने जैसरा, दलसुरको भाउजु पर्दछ । लिगलिगकोट राज्यको हर्ताकर्ता व्यक्तिहरू साने राना र विरमान खाती पनि दलसुर राजाको दाजु भाई पर्दछन् (सिमारेखा फिल्म) ।

**ख) अमर घले :** गोरखामा विद्रोह गरेर अमर घलेले आफूलाई राजा घोषणा गरी लिगलिगकोटको गद्दिमा बसे । शाह राजाले वारपाक र लिगलिग एकै पगरीको स्वायत्त शासन अनुरुप मानेर स्वशासनको मान्यता प्राप्त गरेका थिए । त्यहाँ घले राजाको प्रत्यक्ष शासन चलेको थियो (घले, २०६५:४४) । उनी लिगलिग र वारपाकको राजा बने । अमर घलेलाई वारपाक एकै पगरी गरि दिएकाले त्यहाँको हर्ताकर्ता यिनै थिए (गुरुङ, २०६१:११) । शाह राजाले तनहुँबाट घले राजालाई हात्ती ल्याउने र घले राजाले भोटबाट नुन ल्याउने शर्तमा दरौदी नदीको छेउमा 'निमेल' ठाउँमा मेलमिलाप गर्न बोलाएर तीन पाने रक्सी खुवाएर छल गरी घले सेनाहरूलाई जिउँदै गाडेका थिए । राजा अमर घले त्यहाँबाट भाग्दा भाग्दै वारपाकको मान्द्रे गाउँको मुनी उकालो पहरामा अडिन खोजेको बेला शाह राजाका सेनाले आक्रमण गरि मारे (समाधान, २०७३ वैशाख ६) ।

**ग) रघु घले :** राजा अमर घले पश्चात लिगलिगकोट र वारपाकक्षेत्रका शासनको बागडोर राजा रघु घलेको हातमा आएको थियो । घले राजाहरूको सबैजसो राज्यहरू शाह राजाहरूको कब्जामा आई सकेको थियो । अमर घलेपछि रघु घले लिगलिगकोट र

वारपाकको राजा भएका थिए । रघु घले राजालाई शाह राजाले गोरखा वारपाक शाह शासनलाई सिर्दो र काछो सलामी तिरेर शासन गर्नु भनेर आदेश पत्र जारी गरेर राजा रघु घलेलाई स्वायत शासन गर्ने अधिकार दिईएको थियो (घले, २०६५ : ४४) ।

## ३.३ प्रशासनिक र सैनिक क्षेत्रमा लिगलिगकोटका घलेहरू

**क) मानिक घले :** वि.सं. १७७३ मा पृथ्वीपति शाहले मानिक घलेलाई आजितगढको जागिर दिए (शर्मा, २०४७:७१) । आजितगढ द्रव्य शाहले विजय गरेको प्रदेशमा पर्दथ्यो । यो ठाउँ वारपाक नजिक पर्दछ (पन्त, २०५० : ४३७-४३८) । अजितगढ चौबिसी राज्य र उत्तरतिरबाट हुने आक्रमणलाई रोक्न महत्वपूर्ण थियो । पृथ्वीपती शाहले मानिक घलेलाई त्यहाँको उमरा पदमा नियुक्त गरेका थिए (गुरुङ, २०६१:१२) ।

**ख) रामु घले :** राम शाहले वारपाकका घलेलाई पनि ६ थर सरह रुद्र भोटको द्वारे पदमा नियुक्त गरेका थिए (गुरुङ, २०६१:१२) । गोरखाका शाह राजाहरूले घलेलाई विभिन्न ठाउँको उमरामा नियुक्त गरेका थिए । नरभूपाल शाहको पालामा रामु घले हर्ताकर्ता थिए । वि.सं. १७९६ मा नरभूपाल शाहले रामु घलेलाई लेखेको पत्र पाइएकोबाट उनी राज्यको हर्ताकर्ता थिए भन्ने थाहाँ हुन्छ (पन्त, २०४३:४७८-५९७) ।

**ग) अङ्गद घले :** अङ्गल घले डम्बर घलेको नाति र कालु घलेको छोरा थिए । श्री ५ गीर्वाण युद्धविक्रम शाहको समयमा यिनी कप्तानसम्म भएका थिए । सरदार अङ्गद घलेले पलासीको किल्लामा पैदल सेना, २०० घोडचढी सेना र तीनवटा तोप लिएर अङ्ग्रेज अफिसरहरू आएको, हुन्डरका राजा रामशरणले असर्फी चढ्ाएर तिनीहरूलाई स्वागत गरेको १८६७ वैशाख ३० विहिबार काठमाडौंमा चिठी लेखेका थिए । अङ्गद घलेले ललितपुर जिल्लाको ठैब, खुचिन डोलमा चारसय चालीस मुरी खेत पाखो, टार, डिही घडेरी समेत विर्ता पाएका थिए (गुरुङ, २०६१:३५-९६) ।

## ३.४ लिगलिगकोटमाथि द्रव्य शाहको आक्रमण

लमजुङका राजा यशोव्रम्ह शाहका तीन भाइ छोरा भए । तिनका जेठा नरहरी शाह, माहिला द्रव्य शाह र कान्छा नरपति शाह थिए । द्रव्य शाहलाई उसका बाबुले गोठ हेर्ने काममा खटाएका थिए । त्यहाँ एक दिन गोरखनाथले द्रव्य शाहलाई दर्शन दिए । गोरखनाथ उनीसँग खुसी भै “तँलाई गोरखा राज्य दिँए” भनेछन् । यसपछि द्रव्य शाहलाई केही गर्ने उत्साह

भयो । हरिसिद्धि पण्डितलाई जन्मपत्रिका हेराउँदा नरहरी शाह र द्रव्य शाह भविष्यमा राजा हुने भविष्यवाणी गरे । हरिसिद्धिले नरहरि शाह र द्रव्य शाह दुबै अलग अलग राज्यका राजा हुने कुरा अवगत गराए (शर्मा, २०४७ : ४०-४१) ।

द्रव्य शाह लमजुङको माहिला राजकुमार थिए तैपनि राजपात उनकै दाजु नरहरि शाहको हातमा थियो । लिगलिगमा आक्रमण गर्ने बेला सेनाहरुको गठन कसरी गरे भन्ने प्रश्न निस्कन सक्छ । द्रव्य शाहलाई उनको दाजु नरहरि शाहले लिगलिग आक्रमणमा सेना नदिए पनि नैतिक समर्थन थियो भन्न सकिन्छ । द्रव्य शाह लमजुङकै माहिला राजकुमार रहेकाले लम्जुङवासीहरुको सहयोग थियो । लिगलिगकोटमा दलसुर घलेको राज्य सञ्चालनबाट असन्तुष्ट लिगलिगका मगर, खस, ब्राम्हणहरू उनको विकल्पमा अरु कसैलाई राजा बनाउन आन्तरिक खेलमा लागे । भागिरथ पन्त, गणेश पाण्डे, सर्वेश्वर खनाल, गङ्गाराम राना, गजानन् भट्टराई, केशव बोहरा, मुरली खवासहरूले यो अभियानको अगुवाई गरे । राजा दलसुरको शासन व्यवस्थाबाट असन्तुष्ट उनीहरूको सम्पर्क तत्कालिन चौबिसे राज्यअर्न्तगतको लमजुङका राजा यशोब्रम्हम शाहका माहिला छोरा द्रव्य शाहसँग भयो । लिगलिगको घले राजाबाट चिढिएका गंगाराम राना आफ्नै मितलाई माँभ्कोटमा भेट्न जादा उतै घरजम गरि बसे (सिमारेखा फिल्म) । गंगाराम रानाले माँभ्कोटको जनसमर्थन लिइ द्रव्य शाहसँग मिल्न पुगे । उनिहरूकै सर सल्लाहमा द्रव्य शाहले वि.सं. १६१५ दशैं टिकाको दिन अप्रत्यासित रुपले आक्रमण गरि लिगलिगकोटका घले राजाको हत्या गरे (घर्तिमगर, २०७१ : २३) । यसरी द्रव्य शाहले आफ्ना निकट लमजुङवासी, असन्तुष्ट लिगलिगेवासी, गंगाराम रानाको नेतृत्वमा माँभ्कोटवासी र विभिन्न ठाँउबाट आएका जल्दाबल्दा व्यक्तिहरुलाई मिलाएर सेनाको गठन गरी लिगलिगमा आक्रमण गरेको देखिन्छ ।

द्रव्य शाहले लिगलिग आक्रमण गरेको बारे यसरी वर्णन गरिएको छ । टिकाको दिन नजिकै आइरहेको थियो । द्रव्य शाहले भाइ भारदार, सिपाहीहरूलाई घले राजाको सेनासँग लडाई गर्न हुकुम बक्सनु हुँदा हुकुम बमोजिम भाइभारदार, सिपाही, गैह्र पनि आफ्नो हातमा हतियार, धणु, काँड लिएर लड्न खडा भए । त्यहाँ दुबै तर्फबाट तीर हाना हान हुँदा दुवै तर्फको फौजहरूको अंग-अंगमा लागेर मरे । केही घाइते भए । यस्तै रुपले युद्ध भयो । फेरी बाँकी रहेको दुबै तर्फका फौजले ढाल, तरवार, खुंडा, खुकुरी लिएर हानाहान गर्दा कसैको सिर, कसैको गर्धन, कसैका हात, कसैका कम्मर काटियो । केही घाइते भए । धेरै जनाको

मृत्यु भयो । फेरी बाँकी रहेकाहरुको विच तरवार, खुंडा, खुकुरीको घोर युद्ध भयो । कपाल, हात, पाखुरा, गर्धन, गोडा, कम्मर, काँध टुक्रा-टुक्रा पारेर फ्याकियो । यस्तै तरहले लडाई छिटो गरी लिगलिग कब्जा गरी त्यहाँ रहेको चिज वस्तु लुटेर ल्याई द्रव्य शाहका सामु चढाइ दर्शन गर्दा श्री द्रव्य शाह पनि निकै खुसी भएर स्वावासी दिनुभयो । स्यावासी दिँदा भाइ भारदार, सिपाही, ग्रैह आदि खुसी भए (योगी, २०२२:६८०) । द्रव्य शाहले लिगलिग जितेपछि त्यहाँका दमाईहरूलाई नगरा, दमाह, कर्णाल बजाउन लगाएर आफू त्यहाँको राजा भएको घोषणा गरे । उनले लिगलिगमा १ वर्ष र बाँकी समय गोरखा दरवारमा वि.सं. १६१६ देखि १६२७ सम्म शासन गरे (घर्तीमगर, २०७१:२४) ।

लिगलिगकोटमा द्रव्य शाहको आक्रमण दशैं टिकाको दिन भएको थियो । हुन त द्रव्य शाहले खोलाको किनारमा सेनाहरूलाई तालिम गराईरहदा साने राना र विरमान खातीद्वारा लिगलिग दरबारमा समाचार पुऱ्याईएको थियो । यसरी द्रव्य शाहले लिगलिगमा आक्रमण गर्न खोज्दैछन् भन्ने शंका थियो । द्रव्य शाहले लिगलिगमा आक्रमण गर्ने असफल प्रयास पनि गरेका थिए । लमजुङका केशव काजीको योजनामा पुस्तुनको घाटीमा नाका लगाई लिगलिगमा २०-२५ जना चरहरू पठाई, दलसुर घले राजालाई हरतरह सहयोग गर्ने परम झाक्रीको हत्या गरी कमजोर पारिएको थियो (सिमारेखा फिल्म) ।

दलसुर घले बडो प्रतापी र बलिया राजा थिए तापनि किन लडाईमा हारे भन्नेमा प्रश्न निस्कन सक्छ । प्रथम द्रव्य शाह पुरा तयारीका साथ आएका थिए । उनीहरूले छलकपट सुरु गरे । योजना अनुसार लडाई लडेका थिए तर दलसुर घलेलाई आफ्नो राज्यमा आक्रमण हुँदैछ भन्ने पत्तै भएन् । दोस्रो, टिकाको दिन भएकाले र मतवाली समुदाय भएकाले चाडपर्वको दिनमा मदिरा पानले सबै टिल्ल परेका थिए । राम्रोसँग लडाई लड्ने अवस्थामा घलेहरू थिएनन् । तेस्रो, टिकाको दौड हेर्न सारा बच्चा, आइमाई, बुढाबुढीको भिड थियो । अचानक आक्रमण हुँदा सबैको भागदौड, रुवाबासी हुँदा र आफ्नै बस्तीमा आक्रमण भएकाले घलेहरूको मनोवल गिरेको थियो । चौँथो, घलेहरू चेपेघाट देखि लिगलिगसम्म दौडेकाले थकित थिए । पाँचौं, घलेका सेना वा मानिसहरू चेपेघाटदेखी पाँच्यान हुँदै लिगलिगसम्म बाँडिएको वा छरप्रस्त भएको अवस्था थियो । छैटौं, टिकाको दिन परेकाले मेला जस्तो भएकाले अनि युद्ध हुँदैछ भन्ने थाहाँ नभएकाले घलेका सेनाहरूमा केही सेना बाहेक अरु सेनाहरूसँग हतियार साथमा थिएन् । द्रव्य शाहको सेनाहरू आक्रमक रुपले

अगाडी बढे भने दलसुर घलेका सेनाहरू प्रतिरक्षाका हिसाबले लडाई लडे । लिगलिगका चार थोक (टोल) मध्येका महिब्लथोक भन्दा तल रहेको स्थानमा द्रव्य शाहले लिगलिग घलेका पाँचजना भारदारहरूको हत्या गरेका थिए । पाँच जना भारदारलाई उक्त स्थानमा हत्या गरेकाले त्यस स्थानलाई पाँच्यान भनियो (पन्त, २०४१:४९) । दलसुर घलेका दाहिने हात रहेका मुख्य भारदारहरूलाई मारिदिएकाले लिगलिगेहरूले थप युद्ध लड्न सकेनन् । यी कारणहरूले गर्दा बलिया राजा भएर पनि दलसुर घले द्रव्य शाहसँग युद्धमा हार्नुपरेको थियो ।

## ३.५ द्रव्य शाहको आक्रमणपछि लिगलिगकोटको अवस्था

लिगलिग आक्रमणमा घले राजा दलसुर घले मारिएका थिए । हुन त द्रव्य शाहले यस्ता बहादुर व्यक्तिलाई नमारेर घाईते मात्र बनाएको भए पनि हुन्थ्यो भनेका थिए । लिगलिगको खम्बा परम झाक्रीलाई पनि नारायण पण्डितको नाति चन्द्रेश्वरले चरको रुपमा गएर मारेका थिए । परम झाक्री पछि झाक्री हुने मनविरेलाई पनि घेरा हालिएको थियो (सिमारेखा फिल्म) । घलेहरूलाई लखेटिएको थियो । लिगलिगमा अहिले घलेहरू छैनन् तैपनि घलेबारी भन्ने ठाउँ छ । केही बर्ष अगाडी च्याङलीमा एक घर घलेमगर थिए (अर्न्तवार्ता: ज्ञानेन्द्र राना, वर्ष-७५) ।

लिगलिगमा रहेका कोटहरू मध्ये एउटा कोटलाई द्रव्य शाहको दरवार हो भनी देखाउने चलन अहिले पनि लिगलिगमा छ । त्यसैगरी हातहतियार राख्न बनाईएको मेशिनकोट अहिलेसम्म पनि छ । द्रव्य शाहले स्थापना गरेको देवीको कोट अर्थात दर्भेदेवीको कोट अझै पनि छ । दरवारका खामाहरू पनि देखिन्छन् । द्रव्य शाहको दरवारमा दुई गाग्रो पैसा पाइएको थियो इत्यादी कुरा अहिलेसम्म पनि लिगलिगमा अनुश्रुतिको रुपमा चलिरहेकै छ (पन्त, २०४१:४९) । यसबाट द्रव्य शाहले त्यही दरबारबाट शासन गरेको देखिन्छ । लिगलिग युद्धमा आत्मसमपर्ण गर्ने घलेहरू पनि थिए । उनीहरूलाई पछि गोरखा लगिएको थियो । द्रव्य शाह लमजुङबाट गोरखा प्रवेश गर्दा आएको थर सिंघदल घले, कर्णसिं घले, बलसिं घले, सवलसिं घले आदि थिए (गुरुङ, २०४१:११७) । यिनीहरूले आत्मसमपर्ण गरेको देखिन्छ । घले बाहेक अन्य जातीका मानिसहरूको नामावली पनि दिइएको छ । द्रव्य शाहसँग गोरखामा घलेराजाका १८ जना जल्दाबल्दा मानिसहरू पनि आएका थिए ( अर्न्तवार्ता: मनोज घर्तिमगर, वर्ष २९) ।

लिगलिग विजय पश्चात द्रव्य शाहले गोरखामाथि आक्रमण गरे । त्यहाँ मानसिङ खड्काले राज्य गरेका थिए । द्रव्य शाहले गोरखाको खड्कासँग युद्ध गरे । १५ दिनसम्मको घमासान युद्धमा खड्का राजालाई दुई टुक्रा पारिदिए (योगी, २०२२:६१८) । द्रव्य शाहले मानसिंह खड्कालाई वि.सं. १६१६ मा काटेका थिए । यसपछि उनी लिगलिगबाट गोरखा आई राज्य संचालन गर्न थाले ।

## ३.६ लिगलिगकोटको विद्रोह

द्रव्य शाह गोरखा लागेपछि लिगलिगकोटमा विद्रोह भयो । यस विद्रोहलाई साम्य पार्न पुरन्दर शाह र राम शाहले ठूलै कसरत गर्नुपरेको थियो । द्रव्य शाहले शुरुमै लिगलिग जितेको भएपनि पछि लिगलिग गोरखाको अधिकारबाट छुटेकोले पूर्ण शाहले फेरी त्यसलाई कब्जामा ल्याए (पन्त, २०४१:६७) । अमर घलेले गोरखामा विद्रोह गरेर आफूलाई राजा घोषणा गरि लिगलिगकोटको गद्दिमा बसे । राजा अमर घले पश्चात रघु घलेको लिगलिगकोट क्षेत्र र वारपाक क्षेत्रको शासनको बागडोर आफ्नो हातमा लिए (घले, २०६५:४४) । यस्तै गरी रणजीत घलेले लिगलिग र वारपाकमा आक्रमण गरी फिर्ता गर्ने कोशिस गरेका थिए । वारपाकमा राजा च्याङगा घलेको राम शाहद्वारा हत्यापछि शाह राजाले च्याङगाकी रानी अकला घलेलाई पनि मार्ने योजना गरेका थिए । रानीले “म गर्भवती छु, मलाई नमार” भनेर अनुरोध गरिन् । त्यसैले शाहहरूको नियमअनुसार रानी अकलादेवीलाई देश निकाला गरिदिए । रानी अकला देवीलाई जंगलमा लगेर एक्लै छोडी दिएका थिए । रानी अकला देवी घलेको माईती घर लमजुङको सुलीकोट राज्यमा पर्दथ्यो । उनी सुलीकोट वंगला देवीकहाँ शरण लिन पुगिन । उनको कोखबाट राजकुमार रणजीत घले जन्मे । रानी र राजकुमार कहोलादेखी कहोलास्वथर हुँदै मनाङ आएर राजा मोतिक्याल घलेको राज्यमा पुगे ।

रानी अकलादेवीले मनाङमा आफ्नो राज्य स्थापना गरेको घोषणा गरेर आफ्नो राज्य विस्तारको क्रम तिब्र अगाडी बढाउदै तल्लो मनाङ, उपल्लो मनाङ र घनपोखरा समेत आफ्नो राज्यमा सामेल गरे । मनाङको राजधानी ङावललाई बनाएका थिए । त्यहाँ पहिला पनि घलेकै राज थियो ।

रणजीत घलेले राज्य शासनको विस्तारको क्रममा आफ्नो राज्यको व्यापारी मार्ग मर्स्याङ्दी नदि, तातोपानी नदीको किनारै किनार छर्का भोट, लार्के भोट हुँदै तिब्बतसम्म व्यापारी मार्गको लागि सम्झौता गरेर व्यापार व्यवसायको व्यवस्था मिलाएका थिए । उनले दक्षिण

लमजुङ र गोरखा जिल्लाहरूलाई पनि कब्जा गर्ने योजनाले पहिला रुपाकोट र दोस्रो फेरी सुलीकोट क्षेत्रलाई आफ्नो अधिनमा बनाई गढी गौडाको स्थापना गरेका थिए ।

राजा रणजित घलेले तिब्बतसँग व्यापार विनिमयको सन्धि गरेर ऊन, सुन, भेडा, च्याङ्ग्रा, राडी, पाखि, मुगा र रेश्मी कपडाहरूको आयात गरेका थिए ।

रणजित घले राजाले शाहहरूसँग युद्ध गरेका थिए । खले म्रुचे गाउँ कब्जा गरे । केही दिनपछि घ्रिमुफात समेतको उजागार गरी नरसंहार गरेका थिए । त्यहाँ ठूलै नरसंहार भएको थियो । तीन गाउँहरू नाचै, ताचै र थान्चोकहरूमा घमासान युद्ध भयो । अब रणजीत घलेको राज्य सुलिकोट र रुपाकोट मात्र रहन गयो । दोस्रो युद्धमा शाह राजाले जबरजस्ती सुलीकोट गढि कब्जा गरे । शाहहरूले रुपाकोट गढिमाथि आक्रमण गरे । सबै सेना, महिला, पुरुष मिलेर शाहको आक्रमणलाई विफल बनाई दिए । सुलीकोट र रुपाकोटको फेदी डाउन्ने मैदानमा घमसान युद्ध भयो । यस युद्धमा राजा रणजीत घले मारिए । त्यस क्षेत्रबाट पनि घले राज्य समाप्त भयो (घले, २०६५:४४-५१) ।

### ३.७ लिगलिगकोटको विषयमा गोरखा र लमजुङ विच युद्धहरू

लमजुङमा नरहरि शाह राजा थिए भने उनकै भाई गोरखाको राजा हुँदा द्रव्य शाहलाई नरहरि शाहले एउटा पत्र पठाए । पत्रमा यसरी लेखेका थिए "म जेठो छोरो भएकाले राजगद्दी मेरो हुन्छ । तिमी त मेरो एउटा अफिसर हौ र जति भूमि जितीएको छ, त्यो तिम्रो हुदैन् । राजाको भूमि हुन्छ । त्यसैले तिमीले जितेको भूमी मलाई फिर्ता गर्नुपर्दछ ।" यस पत्रको उत्तरमा द्रव्य शाहले यस प्रकारको उत्तर दिए "गोरखा जित्नको लागि तिमीले मलाई एउटा पनि सिपाही दिएका थिएनौं तर मैले तरवारको बलले नै गोरखा जितेको हुँ । त्यसैले भूमी दिने त कुरै आउँदैन् ।"

दाजु भाईको यस प्रकारको झगडाले युद्ध हुने स्थिति सृजना भयो । यशोव्रम्ह शाहकी विधवा रानीले आफ्नो दुध चेपे नदीमा बगाई चेपे नदीलाई दुवै भाईको राज्यसीमा निर्धारित गरिदिईन (शर्मा, २०४७:४३) । लिगलिगकोट लमजुङ र गोरखाका विचको सिमानामा पर्ने हुनाले बारम्बार लिगलिगकोटमा युद्धहरू हुन्थ्यो । लिगलिगकोटलाई कब्जा गर्नको लागि लमजुङ र गोरखाविच धेरै वर्ष युद्धहरू भए । लिगलिगकोट युद्धस्थल बन्यो । पूर्ण शाह (पुरन्दर शाह) को समयमा लमजुङेहरुले लिगलिगमा कब्जा गरे । तर पुरन्दर शाहले

लमजुङेहरूलाई हराई लिगलिग फर्काएका थिए । यसैगरी लिगलिगकोटको विषयलाई लिएर लमजुङ र गोरखा विच पटक पटक युद्धहरु भएको थियो (शर्मा, २०४७ : ४६) ।

### ३.७.१ पृथ्वीपती शाहको समयमा भएको युद्धहरू

लमजुङका राजा केहरिनारायण शाह र गोर्खाली राजा पृथ्वीपती शाह (वि.सं. १७३४-१७७३) विच लिगलिगकोटमा ९ वर्षसम्म ११ पटक युद्धहरू भएको थियो । लिगलिगको भूमिमा पहिलो युद्ध हुँदा दुवैतर्फका सेनाहरूले हातमा धनुकाण लिई एक अर्कामा हाना हान गर्दा कसैका निधार, कसैका मुख, कसैका छाती, कसैका कोखामा काण (बाण) लागेर कतिपय मरे भने कतिपय घाइते भए । यसपछी दुबै तर्फका सरदार सिपाहीहरूले हातमा ढाल, तरवार, खुंडा, खुकुरीले एक अर्कालाई हानाहान गर्दा कसैका शिर, कसैका गर्धन, कसैका हात, कसैका कम्मर काटियो र कोही मरे । केही घाइते पनि भए । यस्तै तरहले लडाई हुँदा गोर्खालीहरू धेरै मरे भने लमजुङेहरु थोरै मरे । गोरखाको लस्कर पछि हट्यो र लमजुङेहरूले लिगलिगकोट माथि अधिकार जमाए ।

लमजुङेहरूले मझुवा सबै कब्जा गरि दरौंदीको साँध लगाई लिगलिगको सुरक्षार्थ केही सेनाहरू राखी अरु सेनाहरू लमजुङ फिर्ता भए । यता गोरखाको सेनाहरू पनि फर्केर आई महाराज पृथ्वीपती शाहको हजुरमा दर्शन गर्न जाँदा उनि साह्रै रिसाए र फेरी सेनाहरू तैयार गरि सरदार सिपाहीहरूलाई लडाई गर्न पठाए । सरासर दरौंदी तरेर लिगलिग पुगी हल्ला गर्दै जाईलाग्दा त्यहाँ दोस्रो पटक ठूलो लडाई भयो । दुबै तर्फ धेरै मरे । यस पल्ट पनि गोर्खालीहरू पछि हट्नु पऱ्यो ।

गोर्खालीहरुको दुईपटकको हार भएपछि धेरै तयारी गरेर लिगलिगकोटमा तेस्रो आक्रमण गरे । राजा पृथ्वीपति शाहले लिगलिग हान्न सेनाहरु पठाए । महाराज, महारानीहरू झ्यालबाट हेर्दै के हुन्छ भनि चिन्ता मान्दै हेरेर बसे । जब सेनाको लस्कर लिगलिगमा पुगेर गढिमा आगो लगाए र गढि जल्न लाग्यो । राजा पृथ्वीपती शाह, रानीहरू, युवराज साहेबज्यू बीर भद्र शाह, अरु साहेबहरूबाट नजर भयो र अल्लि खुसी माने ।

जब रातीको विचमा आगो बल्न लाग्यो, सुतेका मानिसहरूका कसैका निधार, कसैका कन्फरा, कसैका कुम, कसैका हात, कसैका पीठ, कसैका गोडा डढ्यो र जुर्रजुर्ती उठेर भाग्दै हाहाकार गर्दै यता उता लाग्न थाले । कोही डढेर मरे । त्यहाँ धेरै हाहाकार हुँदा घरघरबाट

सबै मानिसहरु उठेर हाहाकार गर्न लागे । कतिपयले दौडेर यो आगो कस्ले लगायो भन्दै धेरै हाहाकार गर्दै घर घरमा खवर दिन गए र सबैजना उठेर हो-हल्ला गर्न लागे । आगोको ज्वाला हावाको जोड्ले झन् बढेर यताउता हुँदा कसैको पगडी, कसैको जुल्फी, कसैको दारी जुँगा, कसैको पछ्यौरा, कसैका जामालवेदा, कसैका सुरुवालमा आगो लाग्दा आथ्यो-पोल्यो भन्दै टक्टकाउँदै, निभाउदै भागे । कसैका मुख, नाक, कानमा आगो र धुवाँको मुस्लो पस्दा व्यखवर भै ढले । कोही बाहिर निस्कदै गर्दा आगोमा परेर मरे । लोग्ने मानिसहरू मेरा बाबै भन्दै निस्के । स्वास्नी मानिसहरू मेरी आमै भन्दै निस्के । धेरै जना जलेर मरे । कतिपय कराउँदै बाहिर निस्कन लागेकाहरूलाई गोरखाको सर्दार सिपाहीहरूले हातमा लिएका ढाल, तरवार, खुँडा, खुकुरीले काट्दा कसैका शिर, कसैका गर्धन, कसैका कन्फरा, कसैका हात, कसैका कम्मर, कसैका गोडा, कसैका तिघ्रा छिन्न भिन्न गरेर काटियो । दुई चार जनाहरू भागे । गोर्खालीहरूले लिगलिग कब्जा गरे ।

लमजुङको राजाले लामो सेनाको लस्कर तयार गरेर, बलले मिच्दै आई लिगलिगमा पुगेर घेरा हाले । यसरी लमजुङ र गोरखाको चौथो युद्ध हुन पुग्यो । यस युद्धमा त्यहाँ रहेका गोरखाको सरदार सिपाहीहरूले आफ्ना हातहतियार धनुकांड लिएर लड्न तयार भए । त्यहाँ दुवै तर्फका सेनाले एक अर्कालाई हानाहान गर्दा कसैका निधारमा, कसैका मुखमा, कसैका छातीमा, कसैका कोखामा कांड लागी कतिपय मरे । कतिपय घाइते भए । फेरी दुबैतर्फका सरदार सिपाहीहरूले ढाल, तरवार, खुँडा, खुकुरी लिएर हानाहान गरे । लमजुङेहरू धेरै मरे । तैपनि गोरखालीहरू पछि हट्न पऱ्यो । दरौंदीको साँध लगाई ठूलो सेनाको लस्कर समेत लिई लमजुङको राजकुमार लिगलिग कुर्न बसे । बाँकी भएका गोरखाको सिपाहीहरू फर्केर महाराज पृथ्वीपती शाहको दर्शन गर्न आउँदा उनि निकै रिसाए ।

यसपछि गोरखाले लमजुङबाट लिगलिग फिर्ता गर्न पाँचौं, छैठौं, सातौ र आठौं पटक युद्ध गरेपनि हार भएकाले पृथ्वीपति शाहले आफ्ना छोराहरूलाई निकाला गरेपछि पृथ्वीपति शाहको कान्छा छोरा रणदुल्ल शाह सरदार सिपाहीहरूलाई हात-हतियार, लडाईका सर्जाम समेत दिएर बिदा गरे । नवौं पटकको यस युद्धमा त्यो सेनाको लस्कर सरासर गएर रातको समयमा लिगलिगगढि भित्र पसेर त्यहाँ रहेका लमजुङका सरदार, सिपाहीहरूलाई आफ्नो हातहतियार, धनुकांड, तरवार, खुंडा, खुकुरीले हान्न लागे । शरीरमा काँड लागेर कतिपय मरे । कतिपय घाइते भए । कतिपय पक्रिए । बाँकी रहेकाहरू भागे । चार वर्ष लमजुङले

कब्जा गरेको लिगलिगलाई कान्छा साहेव रणदुल्ल शाहबाट कब्जा गरी सबै मभ्कुवा पनि कब्जा गर्दा ठाउँठाउँमा रहेको लमजुङका सेनाहरू भागेर लमजुङ गए । मभ्कुवा गोरखाको भयो । त्यहाँ लिगलिग कुर्नलाई धेरै सेना राखेर श्री कान्छा साहेव, गौरेश्वर, पंत बलि पाध्या कडरिया र अरु सेना लिई गोरखातिर लागे ।

त्यसपछि फेरी लमजुङको सर्दार सिपाहीहरू धेरै फौज तयार गरी लिगलिग हान्न आए । यसरी लामजुङ र गोरखाको दशौं पटक युद्ध भयो । दुवै तर्फका सरदार सिपाहीहरूले हानाहान गरे । यस लडाईमा गोरखाको सेना पछि हट्यो । लिगलिग लमजुङेले कब्जा गरे । महाराज पृथ्वीपति शाह निकै उदासिन भएर प्रतिज्ञा गरे कि जवसम्म लिगलिग जित्दैन तव सम्म केस (कपाल) फाल्नेछैन् । टाउकोमा पगडी राख्ने छैन् भन्ने निश्चय बाँधे । उनकै छोरा श्री चन्द्ररुप शाह सरासर लिगलिगमा पुगे । लमजुङेहरू पनि हतियार लिएर आइलागे । एघारौं पटकको यस लडाईमा गोरखालीहरूले लडाईमा धेरै जनालाई मारेर लमजुङेहरूलाई भगाएर चन्द्ररुप शाहबाट लिगलिग कब्जामा ल्याए । यसपछि जतिपल्ट लमजुङेहरू आउँथे, काट्दै, धपाउदै गर्न लागे (पन्त, २०५० : १०१०-१०१७) ।

यसरी लमजुङे राजाले बाईसी चौविसीको मद्दत लिएर लिगलिग, लकाङ, मिर्कोट, धुवाँकोट, देउरालीमा आक्रमण गरी ९ वर्षसम्म दरौदीमा साँध लगाई शासन गरे । गोरखालीहरूले ११ पटक लडाई लडे तर धेरै पटक हार भयो । गोरखालीहरुले १२ वर्षदेखि माथि र ८० वर्षभन्दा मुनिका मानिसहरूलाई जम्मा पारेर लिगलिग, लकाङ, मिर्कोट, धुवाँकोट, धौरालीमा रहेका लमजुङे फौजमाथि अकस्मात हमला गरी विजय गरेका थिए (पन्त, २०४१:१५८-१६१) ।

### ३.७.२ नरभूपाल शाहको समयमा भएको युद्ध

गोरखाको राजा नरभूपाल शाहको समयमा वि.सं. १७८२-१७८८ भित्र तनहुँ, लमजुङ आदि चौविसी, वाईसी राज्यले देउराली धुँवाकोट पट्टिबाट एकमुख, च्याङ्लीपट्टिबाट एक मुख, लकाङ मिर्कोट पट्टिबाट एक मुख, लिगलिगपट्टीबाट एक मुख गरी गोरखामाथि हमला गरेका थिए (पन्त, २०४१:२९२) । लिगलिगमा लमजुङेले हमला गर्दा गोरखाली अड्न सकेनन् र गोरखा फर्केर आए । पृथ्वीपती शाहको पालामा चन्द्ररुप शाहको नेतृत्वमा गएको सेनाले लमजुङेहरुलाई युद्धमा हराएको हुनाले यस पटकपनि नरभूपाल शाहको आज्ञाले भाइ

चन्द्ररुप शाह फौज लिई लिगलिगमा हमला गर्न पुग्दा लमजुङे अड्न सकेनन् । लिगलिगमा अधिकार जमाई चन्द्ररुप शाह गोरखा फर्के ।

लमजुङले लिएको लिगलिग खुर्पाजुङ चन्द्ररुप शाह गएर लमजुङेलाई हटाए । बिचमा कुरुवा रहेका लस्करले सताउँदा लमजुङबाट अवसर पाएर आक्रमण गर्न भनी हातहतियार तैयार गरेर थुप्रै सेनाको लस्कर लिएर आए । यो खवर राजा नरभुपाल शाहले थाहाँ पाइ आफ्नो कव्जा भएको जग्गामा दुस्मनले कब्जा गर्न आएको खवर सुनी लमजुङसँग धेरै रिसाए । राजा नरभूपाल शाहले चन्द्र रुप शाहलाई सेना र खजना समेत दिएर बिदा गरे । सेनाको लस्कर लिएर चन्द्ररुप शाह पुगेर हाम्रो कव्जा भएको मुलुकमा आएर कब्जा गर्न खोज्ने तिमीहरूलाई जितेर पक्रि हाम्रो राजा (सरकार) मा लैजान्छौं भन्दा लमजुङेहरू पनि लड्न तयार भए । दुबैतर्फबाट पहिले लस्करै बन्दुकले हानाहान भयो । यस किसिमले घोर युद्ध हुँदा, ती लमजुङेहरू भागी यता उता भागे । चन्द्ररुप शाहले यो लडाई जितेर तिनीहरूका हात-हतियार, नगद, जिन्सी, जे हात लागेको ल्याएर राजा समक्ष बुझाउँदा राजा नरभूपाल शाह निकै खुसी भएर स्यावासी दिदै त्यस लडाईमा मिहनेत गर्नेहरू जो जो थिए उनीहरूलाई दर्जा मानपदवी दिए ।

लिगलिग नजिकै चेपेपारी लमजुङको राज्य थियो । यस कारण लमजुङतिरबाट गोरखामा जति पनि हमला भए, ति मध्ये धेरैजसो हमलाको पहिलो मार लिगलिगमा नै पर्दथ्यो । यसकारण गोर्खाली राजाहरू लिगलिगको सुरक्षाको लागि विशेष व्यवस्था गर्थे । रुद्र शाहको पालामा कालुले वि.सं. १७३० मा लिगलिगको किल्लाको खाँपा बनाएका थिए । वि.सं. १७९६ मा लिगलिगगढिको मर्मतको लागि झारा लगाइएको थियो । नरभूपाल शाहको पालामा पनि लमजुङेहरुले लिगलिगमा हमला गरेका थिए । पश्चिमी सीमामा रहेको लिगलिगगढिलाई बलियो रुपले बनाउनुपर्ने अनुभव पृथ्वीनारायण शाहले गरेका थिए । उनले ६ बीस (१२०) धुरी झारा लिगलिगमा पठाएका थिए (पन्त, २०४१:२९२) ।

# परिच्छेद - चार

# अध्ययनको विश्लेषण

## ४.१ जातीय संरचना

लिगलिगकोटमा घले राजालाई नेपालका विद्धानहरूले मगर जाती रहेको मानेका छन् । यसर्थ लिगलिगमा मगर जाती रहनु स्वभाविकै हो । द्रव्य शाहले इस्माका नारायण दास अर्ज्याल, अर्घाका सर्वेश्वर खनाल, कुमाउँका गणेश पाण्डे र भागीरथ पन्थ, सल्यानबाट केशव बोहरा र गंगाराम रानाको सहयोगमा लिगलिग र गोरखा आक्रमण गरेका थिए । पूर्वतिर गण्डकीसम्म र दक्षिणतिर मर्स्याङदी र गण्डकीको बीच मगरातसम्म व्राम्हण, क्षेत्री र पाहुनीहरूको अवादी बढेको थियो । वारपाकमा गुरुङहरूको वस्ती थियो (शर्मा, २०४७ : ४७) । लिगलिगमा नेवार जातीको बसोबास रहेको थियो (पन्त, २०४३:४५६) । विद्वानहरूले "घाँटु" लमजुङ र गोरखाको वीचमा उत्पती भएको हो भन्ने उल्लेख गरेका छन् (गुरुङ, २०६७:२१) । त्यसै घाँटुमा 'कुसुन्डा' जातीको नाम पनि परेको छ । यसबाट कुसुण्डा जातिको पनि बसोबास रहेको देखिन्छ (गुरुङ, २०५९:१५) । द्रव्य शाहले लिगलिग जितेपछि र स्वयम् द्रव्य शाह ठकुरी भएकाले त्यहाँ ठकुरी पनि बस्दथे भन्ने प्रष्ट देखिन्छ । लिगलिगमा व्राम्हण, क्षेत्री, पाहुनी, मगर, गुरुङ, नेवार, दमाई, कामी, ठकुरी, कुसुन्डा आदि जातीको बसोबास रहेको प्रष्ट देखिन्छ । यसैगरी लमजुङ, लिगलिग र माझकोट विजयपछि त्यहाँ रहेका गुरुङ र मगरहरूलाई घर्ती र खवास बनाईएको थियो (थापामगर, २०६७:१) । जात झार्ने वा परिवर्तन गर्ने चलन त्यसवेला रहेको प्रष्ट हुन्छ ।

### ४.१.१ भाषा

लिगलिगमा मगरशासित राज्य भएकाले चलन चल्तीको भाषा पनि मगर नै थियो (घर्ती मगर, २०७१:२३) । राजा द्रव्य शाहदेखी नरभूपाल शाहसम्म गोरखामा खस भाषाको प्रचार भइरहेको थियो । यही खस भाषापछि नेपाली भाषामा परिणत हुन गयो । गोरखामा संस्कृत भाषा र खस भाषा प्रचलित हुन थाल्यो (शर्मा, २०४७:८३) । यसका साथ साथै विभिन्न जातजातीहरूले आफ्नो मातृभाषा बोल्ने गर्दथे जसको प्रमाण उनीहरू बसोवास गर्ने स्थान, पहाड, नदी, खोला आदि उनिहरूकै भाषाबाट नामाकरण हुनुबाट थाहाँ पाउन सकिन्छ । अन्य भाषाहरूमा गुरुङ, तामाङ, नेवार, चेपाङ, कुसुन्डा, घले आदि भाषाहरू पनि बोल्दथे ।

### ४.१.२ भेषभूषा

लिगलिगमा वि.सं. १७२६-१७७३ विचमा आगो लगाउँदा "कसैका पगडी, कसैका जुल्फी, कसैका दारी-जुघा, कसैका पछ्यौरा, कसैका जामा लवेदा, कसैका सुरुवालमा आगो लागेको थियो " (पन्त, २०४३:१०१२) । यसबाट बुझ्न सकिन्छ कि महिलाहरूले जामा लगाउने र पछ्यौरा ओड्दा रहेछन् भने पुरुषहरूले टाउकोमा पगडी गुड्ने र सुरुवाल लगाउने अनि दारी र जुगाँ पाल्दथे भनेर बुझ्न सक्छौं । राजदरवारमा सुनको (कागिँयो) काईयो र जनताले बाँसको काँगियोले कपाल कोर्ने, महिलाले झिनापाते डोरीले कपाल बाद्थे र कपालमा चितु चांगे फुल सिउरीन्थे (श्रीस, २०६८:२४-३७) । कतिपयले कुसुमे डोरीले कपाल बाट्ने गर्थे र निधारैमा सिताराको टिका लगाउथे । हिन्दु नारीले शिरैमा सिन्दुर लगाउँथे । आँखामा गाजल, नाकमा विसोडी र कानमा सुनियो लगाउँथे (गुरुङ, २०५९:१८-१९) । पछि राम शाहले सुनको गहना लगाउने सम्बन्धमा नियम बनाएका थिए (शर्मा, २०४७:८१) ।  घाँटु नृत्य यही ठाउँबाट यसै समयमा रचिएको हुनाले घाटुँमा लगाउने पहिरन नै त्यसवेलाको पोशाक/पहिरन हुन सक्ने देखिन्छ । घलेहरूमा महिलाहरूले रातो ओढ्ने, हरियोपोते, चाँदीको सिक्री, सेतो पटुका, कालो लुङ्गी, मखमलको चोलो लगाउने र पुरुषले ढाका टोपी, कालो धर्के जरिकोट, पहेँलो भोटो, हरियो पटुका र सेतो कछाड लगाउथे (गुरुङ, २०६८:४६९) ।

## ४.२ शैक्षिक संरचना

लिगलिगनेर लमजुङ निवासी गंगा रानाले ने.सं. १८९ (वि.सं. ११२५) मा लेखेको अष्टसाहस्रिका प्रज्ञापारमिता पाईएको छ  (अधिकारी, २०६१:८७) । द्रव्य शाहले दलसुर घलेमाथी आक्रमण गर्दाको समयमा शिक्षाको अवस्था के कस्तो थियो प्रमाण फेला नपरेतापनि गोरखाली राजा राम शाहको समय वरिपरी शिक्षाको निकै विकास भएको पाइन्छ । वि.सं. १६७५ मा राम शाहको निम्ति मेघदुतको चरित्रबर्द्धनको "टिका" सारिएको थियो । जय भद्रले वि.सं. १६७८ मा रुद्रपति सारेका थिए । वि.सं. १६७९ मा माधव मिश्रले राम शाहलाई पढ्नको लागि राघवपाण्डवीय दिईएको पाईएको छ । माधव मिश्रले काशीमा बसेर वि.सं. १६८८ मा सारेको पद्मपुराणोक्त विष्णुसहस्रना मस्त्रोत पाईएको छ । वि.सं. १६८८ मा गोरखामा सारङ्ग भारतीले सारेको पारिजातहरिवंश पाईएको छ । वि.सं. १६९२ मा डम्बर शाहलाई पाठ गर्नाको लागि ज्योतिषी अनन्तले सारेको स्कन्दपुराणोक्त गङ्गासहस्रनामस्तोत्र पाईएको छ । डम्बर शाहको लागि लिगलिगको नजिक सारिएको

हितोपदेशमा श्री शाके १५७७ भनी शक संवत्को प्रयोग गरिएको छ (पन्त, २०४३:४६३-४९६) ।

### ४.२.१ शक संवत्

लिगलिगकोटमा त्यस समय शक संम्वत प्रयोग गरेको पाईन्छ । (शकसंवत्मा १३५ जोड्दा वि.सं. निस्कन्छ ) डम्बर शाहको लागि लिगलिग नजिक सारिएको हितोपदेशमा श्री शाके १५७७ भनि लेखिएको छ (पन्त, २०४३:४९६) । द्रव्य शाहले गोरखा वि.सं. १६१६ भाद्र २५ शुक्रवार जितेको यसलाई गोरखा वंशावलीमा 'श्री शाके १४८१ सालमा गोरखा गढिमा श्री ५ महाराज द्रव्य शाह राज गर्नु भएको हो' भन्ने चर्चा गरिएको छ । श्री शाके, १५३१ मासे श्री ५ महाराज छत्रसाहस्य कृतिः गोरखा, दरवार, रंगमहलको छिडीको कुनामा दुईवटा नगरामा लेखिएको छ । राम शाहको अभिलेखहरूमा पनि शक संवत् दिईएको छ (शर्मा, २०४७:४२-६९) । पृथ्वीनारायण शाहसम्म शक संवत् नै प्रयोग भएको देखिन्छ । पृथ्वीनारायण शाह पछि शक संवत् र विक्रम संवत् दुवै प्रयोग भएको पाईएको छ । रण बहादुर शाहको पालादेखि शक संवत्लाई हटाएर विक्रम संवत् प्रयोग भएको देखिन्छ (बज्राचार्य र श्रेष्ठ, २०३७:१६७) ।

### ४.३ परराष्ट्र सम्बन्ध

लिगलिगकोटको परराष्ट्र सम्बन्ध मध्यम स्तरको रहेको पाईन्छ । कुटनीतिमा त्यती सबल रहेको देखिदैन् । लिगलिगमाथि द्रव्य शाहको आक्रमण हुँदा अन्य राज्यहरूले सहयोग गरेको देखिदैन् । लिगलिगको छिमेकी राज्यहरू गोरखा, वारपाक, लमजुङ र तनहुँले साथ दिइको पाइदैन् । दलसुर घले माथि द्रव्य शाहले आक्रमण गर्दा लमजुङमा उनकै दाजु नरहरी शाह राजा थिए । त्यसैले उनले लिगलिग आक्रमणलाई घलेको पक्षमा सहयोग गर्ने कुरै भएन् । त्यहाँ पहिले नै घले राज मासिएको थियो । तनहुँमा पहिले लिगलिगमा जस्तै दगुरानमा प्रथम हुने राजा हुन्थे । त्यसबेला सम्बन्ध राम्रै रहेको थियो । तर लिगलिग आक्रमण हुँदा तनहुँमा पनि सेन वंशीले राज्य संचालन गरेको हुँदा लिगलिगको तनहुँसँगको सम्बन्ध त्यती राम्रो थिएन् । वारपाकमा घले राजा चाङग्या थिए । तर लिगलिग आक्रमणमा सहयोग नभएतापनि अघि-पछि केही हद्सम्म सहयोग गरेको थिए । अमर घले र रघु घलेले विद्रोह गरि लिगलिग र वारपाकको राजा बन्नु एक उदाहरण हो । यसैगरी रणजीत घलेले लिगलिग र वारपाक फर्काउनको लागि युद्ध गरेका थिए । लिगलिगमा आक्रमण हुँदा

गोरखाको राजा मानसिङ खड्काले पनि लिगलिगलाई साथ दिएको पाईदैन । त्यसको एक वर्षपछि गोरखामा आक्रमण हुदाँ लिगलिग चुप लागेको थियो । हुन त गोरखा त्यसवेला वारपाकको थपौली राज्य थियो (योगी, २०२२:६७८) । त्यस समयमा पश्चिम तर्फका लगभग सबै घले राज्यहरूलाई शाहहरूले तहसनहस पारीसकेका थिए भने यी घलेहरूमा पनि गुरुङ घले, मगर घले र तामाङ घलेमा विभाजित थिए नत्र भने पूर्वमा सल्यान, धादिङ, निभारचोरका, चरेङ्ग, फिर्केप आदिको घलेहरूले सहयोग गर्दथेहोला ।

## ४.४ आर्थिक संरचना

मध्यकालमा नेपालको लगभग पहाडी इलाकाहरूमा गहुँ र कोदोका रोटी खान्थे । अन्य खाद्य वस्तुमा मकै र धानको भात, फापरको रोटी, उसिनेको आलु, भुटेको मकै, गहुँ, भुटेको जौ र भट्मास आदि प्रमुख थिए (दहाल, २०५३:२८४-२८५) ।  भेडा, च्याङ्ग्रा, सुंगुर, हाँस, कुखुरा, परेवा आदि पालिने हुनाले यी जनावरहरूको मासु खाने चलन थियो । गाई, भैंसी र चौरीबाट दुध, घिउँ बनाउथे (दहाल, २०५३:२४३) । धोका दिएर घले राजालाई शाहराजाले मारी तरवार पखालेको हुनाले निमेल खोलाको पानी त्यस भेगका घलेहरूले पिउँदैनन्  (तमु, २०५६:१२) । बाखाको दुध खुलाएर बाँचेको हुनाले घलेहरूले बाखाको मासु खादैनन् (तमु, २०५६:४६) । घले राजालाई काँशाको डब्कामा रक्सी खुलाएर पूर्ण मातिएपछि शाह राजाले धोका दिएर बालुवाबाट तरवार झिकेर मारेका थिए  (तमु, २०५६:१२) । यसबाट मतवाली जातको मानिसहरूले मदीरापान गर्थे भन्ने देखिन्छ । घाटुँमा तमाखु र भाङको कुरा पनि परेको छ । यसैगरी कन्दमूल, तरुलको रस, झिनुवाको भात आदीको उल्लेख गरेको छ  ( गुरुङ, २०५९:१४-१५) । ऐसेंलु, पैयुँ जस्ता फलफूल खाने गरेको र परेवा/ सुगालाई झिनुवा चामल दिईने कुरा घाँटुमा उल्लेख गरेको छ  (श्रीस, २०६८:१७-४६) ।

यहाँका मानिसहरूले पेशाको रुपमा कृषि, पशुपालन, व्यापार आदि अंगालेको पाईन्छ । व्याँसीमा काम गर्ने हलीहरूले राती आश्रम थुममा लिने गरेकाले त्यस ठाउँको नाम नै हलिथुम रहेको पाईन्छ  (शर्मा, २०४७:४६) । त्यसवेला जमिनको स्वामित्व रैकर, गुठी, विर्ता आदि थियो (दहाल, २०५३:२८५) । मानिसहरू मकै, धान, गहुँ, कोदो, फापर आदि अनाज लगाउथे ।

व्यापारमा तिव्वतबाट आउने नुन वारपाककै मध्यस्थताबाट आउथ्यो । वारपाकका राजाले अन्य राज्यहरूलाई नुन र पाखी वितरण गर्थे । नुन चामलसँग सटही हुन्थ्यो (शर्मा,

२०४७:४६) । राजा रणजित घलेले तिब्वतसँग व्यापार विनिमयको सन्धि गरेर ऊन, सुन, भेडा, च्याङ्ग्रा, राडी, पाखि, मुगा जस्ता सामान र रेश्मी कपडाहरूको आयात गरेका थिए (घले, २०६५:४८) ।

त्यसबेला गाई, भेडा, च्याङ्ग्रा, घोडा, चौरी, सुँगुर, हाँस, कुखुरा, परेवा आदि जनावरहरू पाल्दथे (दहाल, २०५३:२४३) । राम शाहको पालामा ललितपुरका अनेक शिल्पकार गोरखामा बसी कपडा बुन्न लाग्दा त्यहाँका मगरहरूले पनि कपडा बुन्न जाने । पाहुनी जातका सार्कीले छाला बनाउने, कामीले खानी खन्ने र भाडाँ बनाउने काम गर्दथे (शर्मा, २०४७:५६) ।

त्यस समयमा मानिसहरू शिकार गर्न पनि सौखिन थिए । लमजुङका कालु शाहीलाई शिकार खेल्ने वाहना गरी “शिशिढुङ्गा” नामक घना जङ्गलमा मारियो (काफ्ले, २०५६:४३) । रामशाह वारपाकका च्याँग्या सुर्यानसित शिकार खेल्न गएका थिए (शर्मा, २०४७:५१) । शिकार खेल्दा जसले पहिलो पल्ट उक्त शिकार समाउँछ, त्यसले दाहिने साप्रो पाउने र दोस्रो खेप समाउनेलाई बाँया साप्रो र कान्छी खुट्टो (पछाडीको देब्रे खुट्टा) पाउने नियम थियो (गुरुङ, २०५९:१७) । जालो हानेर माछा मार्ने चलन पनि थियो (श्रीस, २०६८:३८) ।

## ४.५ शासन व्यवस्थाको संरचना

लिगलिगकोटमा राजा छान्ने विधी अन्य घले राज्यभन्दा भिन्दै थियो । दशैं टिकाको दिन दगुरानमा प्रथम हुने एक वर्ष राजा चयन हुन्थ्यो । प्रत्येक वर्ष दगुरानमा राजा फेर्ने व्यवस्था थियो । यो त्यस बेलाको एक उत्कृष्ठ प्रजातान्त्रिक विधि थियो । लिगलिगकोटमा राजालाई “बाङ” भनिन्थ्यो । दशैं टिकाको दिन दौडेर प्रथम आउनेलाई राजा घोषित गर्ने काम झाक्रीले गर्दथे । दौडमा प्रथम आएको दलसुर घलेलाई परम झाक्रीले घोषणा गरेका थिए । राजकाजमा सर-सल्लाह दिने काम पनि झाक्रीले गर्दथे । बिमार परेकालाई ओखतीमूलो गर्ने काम पनि झाक्रीले नै गर्दथे । परम झाक्रीको चेलो मनविरे थिए । उनी दुरदर्शी थिए । द्रव्य शाहले लिगलिगमा आक्रमण गर्दा २०-२५ जना चरहरू पठाएका थिए । त्यसमा नारायण पण्डितको नाति चन्द्रेश्वर पनि थिए । उनैले परम झाक्रीको हत्या गरेका थिए । यसपछि मनविरेलाई नयाँ झाक्री बनाईयो (सिमारेखा फिल्म) ।

**क) क्षेत्र :** दुई तीन गाउँको एक थुम नामाकरण गरी त्यस थुममा उमरावको जिम्मा मार्फत गाउँको हेरविचार, रेखदेख गाउँको जनताबाट राजस्व असुल गरी केन्द्रमा पठाउँथे ।

**ख) कोट :** आठ, नौँ थुमहरू मिलाएर एउटा कोटको स्थापना गरिन्थ्यो । कोटहरूमा उमराव हाकिम हुन्थे । जहाँबाट राज्यमा शासन गरिन्थ्यो । राजाका दरवार र प्रशासनिक कार्यालय, विभिन्न कार्यालयहरूको व्यवस्था गरेका स्थानको नाम नै कोट थियो ।

### ग) राज्य संचालन विधि

अ) राजसभामा राजा, सदस्यहरू चोग (भलाद्मी), म्हिनकुंगि (भारदार), (व्यवस्थापक), होले (कार्यकता), उमराव हुन्थे । क्रोहाहरूको राजसभा भएर घले राजालाई राज्यको शासन गर्ने राज्य विधान निर्माण गरी राजा र राजसभा विधान स्वीकृति गरेपछि घले राजाले विधान अनुसार शासन संचालन गर्दथे ।

आ) विधान अनुसार घले राजाले मुल काजीको नियुक्ति गर्दथे । मुल काजीको पद प्रधानमन्त्री सरहको हुन्थ्यो । मुल काजीलाई गैरे पनि भनिन्थ्यो । घले राजाहरूले सारा राज्यमा समान न्याय र निसाफ होस् भनेर मूलकाजीलाई निर्देशन गरेर भारदारहरूलाई आफ्नो राज्यमा अन्याय नहोस् भनि दौडाह गर्न खटाएर रिर्पोट सुन्ने काम गर्दथे ।

इ) पैडीले गाउँमा सबैसँग समय र परिस्थिति अनुसार सरसल्लाह गरी सम्पूर्ण सामाजिक कार्य गर्ने व्यवस्था मिलाउथे (घले, २०६५ : ४४-७६) ।

ई) झाँक्रीले औषधी मुलो आदिको विषयमा मार्ग दर्शन गर्ने जिम्मा दिइएको थियो ।

उ) कटुवालले डाडाँको थुम्को वा चौताराबाट समाचार भन्ने गर्दथे ।

ऊ) खानहरूले हातहतियारको निरिक्षण गर्दथे (सिमारेखा फिल्म) ।

घलेहरूले आफ्नो दरवारमा राजगुरु, सत्य साँचो न्यायको अष्ट मार्ग लिई काम गर्ने न्यायमन्त्री, धन सम्पत्तीको व्यवस्था गर्ने, वेद पढ्ने गुरु, सुरक्षा गर्ने मन्त्री सम्मानका व्यक्तिहरू राख्दथे (गुरुङ, २०६७:३) ।

### ४.५.१ सिमाना एवम् जनसङ्ख्या

लिगलिग राज्यको पूर्वमा गोरखा, पश्चिममा लमजुङ, उत्तरमा वारपाक र दक्षिणतिर तनहुँ राज्यहरु थिए । त्यसबेला लिगलिग राज्य वर्तमान आँपपिपल, खोप्लाङ, हर्मी, पालुङटार र छोप्राक गरी पाँच गाउँका सात सय घर धुरी समेटेर बनेको थियो । त्यसैले

लिगलिगकोटलाई "सात सय लिगलिग" भनेर पनि चिनिन्थ्यो (घर्तीमगर, २०७१:२३) । यसको प्रमाण बाली र सेर्मा तिर्दा दिएको भरपाई (रसिद) मा मौजे लिगलिग भनि उल्लेख छ (लिगलिगे दौड, २०६७:४) । जहाँ लिगलिग, त्यहाँ हर्मी भन्ने भनाई पनि छ । त्यसबेला लिगलिगकोटमा जनसङ्ख्या कति थियो होला त ? ७०० परिवारमा प्रत्येक घरमा ५ जनाको दरले ३५०० र ७ जनाको दरले ४९०० हुन आँउछ । पाँचवटा गाउँलाई अनुपातको हिसाबले राख्दा एक गा.वि.स. (गाउँ) बराबर १४० घर हुने सङ्केत देखिन्छ ।

### ४.५.२ हातहतियार र लडाई गर्ने शैली

घले राजाहरूले हातहतियारमा धनु, ताडो, काण, खुकुरी, ठोक्रो, खोडा, तरवार थिए (घले, २०६५:१२) । हुन त त्यसबेला तोप बानिसकेता पनि तोपको प्रयोग भएको पाईदैन् तर धनबज्र बज्राचार्यबाट प्राप्त तोपको अभिलेखको छापाको आधारमा "श्रीसंवत् १५६८ भाद्रवदि" पढ्न सकिन्छ । वि.सं. १५९८ मा लमजुङमा तोप बनेको देखिन्छ । लमजुङमा तोप बनेको १७३ वर्षपछि गोरखामा तोप बनेको थियो (पन्त, २०५०:४४०-४५६) । नरभूपाल शाहको समयमा आएर लमजुङ र गोरखाविच लिगलिगमा युद्ध हुँदा दुवैतर्फबाट लस्करी बन्दुकको हानाहान भएको थियो । त्यस समयमा खाडल खनी काठका तिखा तिखा वाणहरू थाडो पारी धराप थापि राखिन्थ्यो । हातहतियार धारिला छन् कि खिया लागेको छ भनी निरक्षण खानहरूले गर्दथे । युद्ध गर्दा र बन्द गर्दा शंख वा भेडाको सिङ फुक्दथे (सिमारेखा फिल्म) ।

यस समयमा युद्ध गर्दा घात गर्ने, चालबाजी गर्ने गरेको पाइन्छ । घलेहरूले कालु शाहीलाई शिकार खेल्ने बाहना पारी "शिशिढुङ्गा" नामक घना जङ्गलमा लगेर मारेका थिए (काफ्ले, २०५६:४३) । यसैगरी रुपाकोट र सुलीकोटको राजालाई शाह राजाले घ्याम्पेशालामा मित लगाउन बोलाई छल गरी मारेका थिए (तमु, २०५६:१४) । लिगलिगमा दलसुर घलेलाई द्रव्य शाहले टिकाको दिनमा छल गरेर बेखवर आक्रमण गरेका थिए । वारपाकको राजा चाङग्यालाई बालुवामा लुकाई राखेको हतियार झिकेर मारिएको थियो (पन्त, २०५०:६९) । एक राज्यले अर्को राज्यलाई नाकाबन्दी लगाउने चलन थियो । वारपाकका राजाले गोरखामा पूर्ण शाहको राज्यमा नुन, पाखी बन्द गरिदिएकाले अनिकाल परेको थियो (पन्त, २०५०:६७-६८) । द्रव्य शाहले लिगलिगमा आक्रमण गर्नु अगावै लमजुङले भोटबाट आउने नुन रोक्न पुस्टुनको घाटीमा नाका लगाएका थिए (सिमारेखा फिल्म) । राजाले युद्धको बेला कसम

खान्थे जस्तै लिगलिग आक्रमणमा नजितेसम्म केस फाल्ने छैन्, माथमा पगडी राख्नेछैन् भनेर पृथ्वीपति शाहले भनेका थिए (पन्त, २०५०:१०१७) । अर्कोतर्फ राजाहरूले युद्ध हार्दा कतिपयले आत्महत्या पनि गरेको देखिन्छ । स्याङ्जाको भीरकोटमा घले राजाले गह्रौंकोटसँग हार्दा पराजयको पिडाले आफै सेरिएर आत्महत्या गरेका थिए (खनाल, २०६६:१८) । कुनै राज्यमा निसन्तान रहेको देखेमा त्यस राज्यलाई आफ्नो राज्यमा मिलाउने निती अवलम्वन गरेको पाईन्छ । जगति खानले दोवाग्यलका उत्तराधिकारी नजन्मी निसन्तान रहेको मौकामा घलेको राज्यलाई आफ्नै राज्यमा मिलाएका थिए (गुरुङ, २०४१:३१) । लमजुङ र गोरखाको लिगलिगमा युद्ध हुँदा १२ बर्षदेखि माथि र ८० वर्षभन्दा मुनिका मानिसहरूलाई समावेश गराएका थिए (पन्त, २०५०:१५९) । वि.सं. १७२६-१७७३ विचमा घर-घरमा आगो लगाईदिएर हत्तोसाहित पारेका थिए (पन्त, २०५०:१०१७) । वारपाकको लडाईमा त झन् ढुङ्गा हाना-हान पनि भएको थियो । लडाईमा हतियारले जताभावी हिर्काउदथे । लिगलिगमा दलसुर घले र द्रव्य शाहको युद्धमा सिर, गर्धन काट्ने, कम्मर काट्ने, हात-पाखुरा, गोडा काट्ने र टुक्रा-टुक्रा पारी फ्याँक्ने गरिन्थ्यो । द्रव्य शाहले गोरखाको मानसिंह खड्कालाई दुई टुक्रा पारिदिएका थिए (योगी, २०२२:६८०-६८३) । लडाईमा साथ दिने, नेतृत्व गर्नेलाई राजाहरूले खुसी भएर जग्गा विर्तास्वरुप दिन्थे । घले राजालाई कुम्भे रानाले मारिदिएको हुनाले जगतिखानले विर्ता स्वरुप जग्गा दिएका थिए (पुन, २०५०:९२) ।

# परिच्छेद - पाँच

# धार्मीक पक्ष

## ५.१ धर्म संस्कृति

लिगलिगकोट एवम् गोरखा जिल्लामा हिन्दु, बौद्ध र प्राकृतिक पूजक (वोन) धर्म मान्ने मानिसहरूको वसोवास थियो । गोसात्रीथानमा दशहराको मेला लाग्दथ्यो (योगी, २०२२:६७९) । लिगलिगका घले राजाका पालामा बडा दशैंको टीकाको दिनमा घलेहरू भोज खाएर चेपेघाटदेखि लिगलिगकोटसम्म दुगुर्दथे (गुरुङ, २०४१:१०२) । गोरखामा राम शाहको पालादेखि मनकामना मन्दिरमा राजा-प्रजाले मात्र होइन कि पूर्व पश्चिमका अरु प्रदेशका मानिसले पनि भक्तिभाव देखाउथे (पन्त, २०४३:५०७) । वारपाककी देवीको पूजाआजा पनि स्थानीय घलेहरूले सञ्चालन गर्दै आएका थिए । यहाँकी देवीलाई सात औँलाकी देवी भनिन्छ (शर्मा, २०५५:७४) । यस प्रदेशमा बुद्ध धर्म मान्ने मानिसहरूको पनि बहुल्यता रहेको पाउँछौं । वि.सं. ११२६ मा लिगलिगनेर लमजुङका गंगा रानाले सारेको “अष्टसाहस्रिका प्रज्ञापारमिता” तिब्बतको डोर मठबाट ल्याईएको थियो (योगी, २०२२:११) । यसैगरी घले राजाले शासन कालमा निर्माण गरिएको प्रख्यात ताधवाई गोम्वा थियो । त्यसलाई आदित्य मल्ल राजाले आफ्नो सेनाहरू युद्धको लागि आवत-जावत गर्दा त्यस धार्मिक गुम्बालाई घच्च नदिनु भनेर १२७८ को ताम्रपत्रमा आदेश जारी गरेका थिए (घले, २०६५:१८) । घले राजाहरूले उत्सव कर्म गर्दा त्यस स्थानको सिमे र भूमे अथवा भूमीको पूजा गरेर आफ्नो वंशको परम्परा अनुसार पूजा गरेर कार्य गर्ने चलन थियो (घले, २०६५:२१) ।

यस ठाउँमा लोक गीत र नृत्य घाँटु र सोरठीको पार्दुभाव भएको प्रमाणहरू पाईएको छ । कतिपय विद्वानहरूले घाँटु लमजुङ र गोरखाको विचबाट सुरु भएको हो भनेका छन् (गुरुङ, २०६७:२१) । यसैगरी ‘घाटु’ नृत्य कसरी भयो भन्ने सम्बन्धमा कालु शाहको घलेले हत्या गरेपछि यशोव्रम्ह शाह विधुवा भाउजु बसन्तावतीसँग विवाह भई लमजुङको राजा भएको तीन महिनापछी रानीलाई पुत्र लाभ भयो । राजकुमारको नाम प्रताप शाह (प्रशुराम) राखे । प्रशुरामले मकवानपुरका सेनवंशी राजाका राजकन्या यम्मावतीसँग विवाह गरेका थिए । यिनै यम्मावतीबाट बालकृष्ण नामक पुत्रको जन्म भयो (बराल मगर, २०५०:८८) । घाँटु प्रशुराम, यम्मावती र बालकृष्णसँग सम्बन्धीत कहानीसँग गासिएको छ । यसैले घाँटुमा

व्यक्त गरिएका खानपान, संस्कार, भेषभूषा, पेशा, संस्कृति आदिलाई यस भेगमा त्यसवेलाको घटनाक्रमसँग जोड्न सकिन्छ ।

यसैगरी अर्को लोक नृत्य सोरठी पनि यसै ठाउँमा पार्दुभाव भएको देखिन्छ । सोरठी गितमा "सेती गण्डकी जमुना पारी । सामरी भामरी गाउँको नाम" भनेर राजा जयसिङ्गेले भनेको देखिन्छ (बरालमगर, २०५०:८८) । सेती नदी अनि घलेले राज रहेको सामरीको नाम पनि यस गीतमा परेकाले सोरठी पनि यसै घले वस्तीमा रचिएको भन्ने देखिन्छ ।

त्यसवेला हिमाल चुली देवता, वरचुली देवता, चण्डी देवतालाई मान्थे (गुरुङ, २०५९:१२) । समाजमा बोक्सी प्रथामा विश्वास गर्थे । राँको लिएर हिड्ने राँकेभूत, टाउको नभएको मुर्कट्टा, खुट्टा पछाडी फर्किएको किचकिन्नी, ख्याक, प्रेत आदि विविध रुपमा प्रेतात्माहरूले प्राणी विशेषलाई दुःख दिन्छन् भन्ने धारणा थियो (दहाल, २०५३:२३१) । त्रिपासा खेली (जोखाना) हेर्ने, दुध वा पानी हेरेर भविष्य हेर्ने चलन थियो (श्रीसमगर, २०६८:४६) ।

## ५.२ चाडपर्व

लिगलिगकोटमा दशैं टिकाको दिनै राजा छान्न दगुरान हुनेगर्दथ्यो । गोसाञीथानमा दशहराको मेला लाग्ने गर्दथ्यो । बौद्ध धर्म मान्नेहरूले वैशाख पूर्णिमालाई बुद्ध जयन्ती वा चण्डी पूर्णिमाको नामले मनाउथे । ल्होसार पनि उत्तरी भेगमा मनाईने गरिन्थ्यो । यो समय मध्यकाल भएकाले त्यस समयमा साउन सक्रान्तिलाई 'साउने तिहार' र माघे सक्रान्तिलाई 'माघे तिहार' का रुपमा मनाइन्थ्यो । साउन सक्रान्तिमा राती सल्लाका दाउरा बालेर अनिकाल लागिदे, लुतोपिलो, रोग व्याधि लगिदे, सहकाल ल्याइदे भन्दै दोवाटोतिर सल्लाको अगुल्टो फाल्ने गरिन्थ्यो । चैत्र महिनाको चैत्राष्टमीमा करिव ४५-५० फिट अग्लो लिङ्गो गाडेर चैताली चाड मनाइन्थ्यो । लिङ्गो ल्याउन औंसीको दिनमै गएर जङ्गलमा बास बसेर २-३ दिन पछि ल्याई पुऱ्याउने चलन थियो । लिङ्गोलाई काकर भनिने हुँदा लिङ्गो लिन जाने औंसीलाई काक्रे औंसी भनिन्थ्यो । अहिले पनि 'काक्रो' चोर्ने औंसी हुन्छ । भाषा वंशावलीमा उल्लेख भएअनुसार त्यसबेला गोरखामा मिहेल (मयल) को लिङ्गो गाडेर होली खेलिन्थ्यो ( दहाल, २०५३:२८३) ।

## ५.३ लिगलिगकोट दरवारको वर्तमान अवस्था

गोरखाका ३२ कोटहरूमध्ये लिगलिगकोट पनि एक हो । त्यस समयमा यहाँको दरवार सम्भवत्: ढुङ्गाकै गारो र छाना पनि झिँगटीकै बनेको थियो । वरीपरि छरिएका ढुङ्गा र झिँगटीका अवशेषबाट थाहाँ पाउन सकिन्छ । अरु स्थानहरूमा भन्दा यहाँ प्राप्त झिँगटीहरूमा प्वाल पारेर फलामको क्लिपद्वारा अड्काउने गरिएको पाईएको छ । यस्ता फलामका क्लिपहरू मूलकोट वरिपरी आजसम्म पनि छरिरहेका पाउन सकिन्छ । मूलकोट अगाडी एउटा मौला र यस वरिपरी पर्खाल लगाइएको छ । पर्खालको बिचबिचमा बन्दुक राख्ने प्वालहरू पनि रहेको देखिन्छन् । यस कोटको चारैतिर पाँचवटा शत्रुहरूलाई नियाल्न हुने स-साना गढीहरू बनाइएका छन् (शर्मा, २०५५:७४) ।

लिगलिगकोटमा रहेका पाँच किल्ला मध्ये एउटा किल्लाको गारोको छपनीको रुपमा रहेको ढुङ्गामा रुद्र शाहको पालाको अभिलेख कुँदिएको छ । सो अभिलेख कालुले वि.सं. १७३० फाल्गुण ५ गते राखेका हुन् । सो अभिलेखमा कालुले रुद्र शाहको पालामा यस मुख्य किल्लाको खापा मैले बनाएको हुँ भनी लेखेका छन् । यसबाट कालु त्यसवेलाको प्रभावशाली भारदार हुन् भन्ने देखिन्छ । त्यसमा उनले आफूलाई रघो : कुलोदभूत (रघुवंशी) भनि लेखाएका छन् (पन्त, २०४३:४३७-४३८) । लिगलिगकोट दरवार वरिपरी श्रीकालिका माई, भूमे, भिमसेन तथा द्रव्यदेवीको स्थान रहेका छन् । यसका साथै त्यस ठाउँमा लहरै पाँचवटा गढीहरू अवस्थित छन् । जसमध्ये सबैभन्दा माथि मूलकोट छ । जहाँ भारदारहरूको बैठक बस्ने कोठा र नियमित पूजा गर्ने कोठा प्रष्ट देख्न सकिन्छ । तर अरु कोठा भने भग्नावशेष अवस्थामा छन् (लिगलिगे दौड, २०६७:६) ।

लिगलिगको क्षेत्रलाई काँडे तारले घेरिएको छ । लिगलिगकोट विकास अभियानले यहाँ प्रवेशद्वार, पाहुनाले आराम गर्ने घर (Guest house), धारो, चर्पी, मन्दिरसम्म पुग्नेगरी सिडी, उपासे बस्ने घर, बस्ने बेन्चहरू बनाईदिएको छ । यस लिगलिगकोट क्षेत्रमा ज्ञानेन्द्र रानाको समयमा लगाईएको (रोपिएको) सल्लाघारीले ढाकेको छ । प्रवेशद्वार भन्दा केही माथी देब्रेतिर ठूलो गढी छ । यसको माथि अर्को गढीको भगनावशेष देख्न सकिन्छ । यसको माथि क्रमशः चर्तुभुज आकारमा छानोविहिन लिगलिग भुमे कालिकाको मन्दिर र सबैभन्दा माथि डाँडाको टुप्पोमा मुल दरवार रहेको छ । यहाँबाट हेर्दा वरिपरीको पहाड, वेसी, वस्ती, हिमाल, गोरखा दरवार रहेको डाँडो, रागिनाशको डाँडो, चेपे, मर्स्याङ्दी नदीहरू स्पष्ट रुपमा

देख्न सकिन्छ । मूल दरवारको वरिपरी तीनतिर भिर पहराहरू छन् । दरवारको उत्तरतिरको भिरनेर भूमेथान रहेको छ । मन्दिरदेखि उत्तरतर्फ अर्को गढी चर्तुभुज आकारमा छ भने मूलकोट (दरवार) र ठूलो गढीको आकार छुट्टै स्वरुप भएको तारा आकारमा रहेको पाइन्छ । काडेतारले बारेको क्षेत्र वा प्रवेशद्वार बाहिर अर्को सानो थुम्को देखिन्छ । यहाँ पनि अर्को गढी तारा आकारमा नै रहेको छ । यसलाई वनमारा झारपातले ढाकेको छ । दरवार र गढीलाई वरिपरी खाल्डो खनेर घेरिएको पाइन्छ । लिगलिग डाँडादेखि उत्तर तर्फको ओरालो आँपपिपल जाने बाटोमा रहेको चौतारीमा एउटा ढुङ्गे अभिलेख गाडिएको छ त्यसमा "वि.सं. १५४१ शस्थाबितात्य चौतारा भनि" लेखिएको पाइन्छ । लिगलिगकोटको दरवारदेखी उत्तरतर्फ ३० मिनेटको दुरीमा आँपपिपलको सिह्रानको डाडाँमा अर्को दरवारको भगनावशेष तारा आकारमै देख्न सकिन्छ । यसको वरिपरी खाल्डो खनिएको छ जसलाई हर्मीकोट दरवार भनिन्छ । हुन त यसलाई लिगलिगकोटको थपौली राज्यको रुपमा लिन सकिन्छ । लिगलिगकोट डाँडोको तल तिर दर्खेपानी, फूलपाती डाँडा, कटुवाल चौतारो र मानिसहरूको वस्ती भएको गाउँहरूमा घलेवारी, पाच्यान, तिलिङ्ग चौतारो, भिमसेन थान, नाईवारी, सभा चौतारो, धोवी धारा, चेपेघाट आदि स्थानहरू छन् (स्थलगत भ्रमण) ।

## ५.४ लिगलिगकोट अर्न्तगतको महत्वपूर्ण ऐतिहासिक स्थलहरू

**क) चेपेघाट :**लिगलिगका घले राजाका पालामा वडा दशैंको टीकाको दिनमा घलेहरू भोज खाएर चेपेघाट देखि लिगलिगकोट सम्म दगुर्दथे । यसरी चेपे घाटको महत्व केवल धार्मिक एवम् तीर्थस्थलमा मात्र सिमित नरहेर यो राजनैतिक एवम् ऐतिहासिक स्थलको रुपमा पनि प्रख्यात रहेको छ । गण्डकी प्रस्रब्धक्षेत्रका गुरुङ, मगर, ठकुरी, दरै, कुमाल आदि जातीमा प्रचलित लोक नृत्य घाटुँमा उल्लेखित ती मुख्य सातवटा घाटहरूमा चेपेघाट पनि एउटा घाट हो । चेपेघाटमा माघे सक्रान्ति आदि पर्वमा स्नान गर्दछन् (गुरुङ, २०६१:१०२-१७५) । चेपेघाटमा पनि इतिहासकार दिनेशराज पन्तले चोरकाटेदेखि लिगलिगसम्म दौडने कुरा उल्लेख गरेका छन् । यसैगरी लेखक तथा इतिहासकार नरु थापाले चोरकाटेको सिवालयको मन्दिरदेखि लिगलिगसम्म दौड हुने उल्लेख गरेका छन् । भिमनिधी तिवारीले चेपे र मर्स्याङ्दी नदीको दोभानबाट दौड हुने कुरा उल्लेख गरेका छन् । परापूर्वकालदेखि चलिआएको सांस्कृतिक पक्ष (फूलपाती लिन जाने स्थान) लाई प्रमाणका रुपमा आधार मान्दै

चेपे र मर्स्याङ्दीको दोभान चेपेघाटबाट अहिले दौड प्रतियोगिता गराउने व्यवस्था मिलाइएको छ (लिगलिगे दौड, २०६७:३-४) ।

**ख) सभा चौतारो :** लिगलिग जितेपछि द्रव्य शाहले यही चौतारोमा सभा गर्थे । यहाँभन्दा मुनी पोखरी बनाइएको थियो जुन अहिले खेतमात्र रहेको पाउँछौं । यहाँ सभा सकिएपछि राजाले दाह्री जुङ्गा काट्ने ठाउँ नाइवारी अल्लि माथि छ । त्यहाँबाट बिजुली डाडाँसम्म त्यसवेलाको राजाहरू हिड्ने सिडीहरू अझैपनि अवशेषको रुपमा रहेको छ (अर्न्तवार्ता : कृष्ण बस्याल, वर्ष -३२) । भाइभारदार र जनताहरूलाई भेला गराइ न्याय अन्यायको छानविन गरी फैसला गर्ने चौतारो भएको र उक्त चौतारोलाई "सभा चौतारो" मानिएको किम्वदन्ती छ । जुन चौतारो आँपपिपल (बोहरा गाउँ) मा पर्दछ ।

**ग) दर्खे पानी :** लिगलिगकोट दरवारको दक्षिणतिर लगभग आधा घण्टाको दुरीमा एउटा कुवा छ । जसमा बाह्रै महिना पानी हुन्छ । हालसम्म पनि यो पधेरोलाई दर्खे पानी नामले नै चिनिन्छ ।

**घ) धोवी धारा :** धोवीले लत्ताकपडाहरू यसै पधेरोमा धुने गर्दथे । त्यसैले गर्दा यस पधेरोलाई धोवी धारा भनिन्थ्यो । यद्दपि यो पधेरो धोवी धाराको नामले परिचित छ ।

**ङ) फूलपाती डाडाँ :** दशैंको सप्तमी तिथिमा अर्थात फूलपातीको अघिल्लो दिनमा कन्या केटाहरू गई, चोखो वसी, पालुङ्टारबाट काँस, पलाँस, बेलपत्र आदि जस्ता फूलपाती टिपी ल्याई जमघट गरी फूलपाती भित्राउने तयारी गर्ने काम यसै ठाउँमा गर्दथे । यसै कारण यस ठाउँलाई फूलपाती डाडाँ भनिने गरिएको हो । यो स्थान दर्खेपानीको ठिक माथि पर्दछ ।

**च) कटुवाल चौतारो :** पहिले नेपालमा रेडियो, टेलिभिजन जस्ता श्रव्य दृश्य सामाग्रीहरूको विकास हुनुभन्दा अघि जनतालाई सुसुचित गराउनु पर्दा वा केही कुराको जानकारी दिनुपर्दा वा उर्दी सुनाउँनु पर्दा कटुवालले नै निश्चित तोकिएको ठाउँमा गई सुनाउनु पर्दथ्यो । त्यस राज्यकालमा पनि आफ्ना जनतालाई कुनै उर्दीहरू सुनाउनु पर्दा कटुवालले चौतारोबाट सुनाउने गर्दथे । त्यस चौतारोलाई कटुवाल चौतारो भनिन्थ्यो । त्यो चौतारो अहिलेसम्म पनि छ ।

**छ) फूलपाती पर्सने मैदान :** दशैँको सप्तमीको दिनमा फूलपातेहरूले पालुङटारबाट ल्याएको फूलपातीहरू मैदान स्थित भिमसेन स्थानमा ल्याई कालिकाको मन्दिरमा उपासक (उपासे) बस्नेहरूले बाजागाजा र मालश्री गायनका साथमा पर्सेने स्तोत्र पाठका साथमा अक्षतापाती छर्ने काम भएकाले उक्त स्थानलाई फूलपाती पर्सने मैदान भनिन्छ । यहाँ पर्सेपछि कोटको कालिका मन्दिरमा बाजागाजाकै साथमा लगि भित्राउने र दशमीका दिन साँझ उक्त फूलपाती शुक्र ग्रहको स्थिति हेरी उक्त ग्रहलाई छली, पूर्वमा खाल्टेपानी पँधेरो र पश्चिममा रुसेपानीको पँधेरोमा बाजागाजाका साथ लगि सेलाउने चलन छ ।

**ज) नाई बारी :** राजाको दाह्री, कपाल काट्ने नाईहरू बस्ने ठाउँलाई नाइवारी भनिन्थ्यो । जुन ठाउँ बोहोरा गाउँको माथिल्लो पधेरो नजिक पर्दछ ।

**झ) पाच्यान :** तत्कालीन सात सय लिगलिगका स्थानिय वासिन्दाहरू दशैंको नतिजा हेर्न आउने क्रममा द्रव्य शाहका समर्थकहरूबाट पाँच जनालाई एउटै चिहान पारेको ठाउँ भएको हुनाले त्यस ठाउँलाई पाच्यान नाम रहन गएको जनश्रुति छ (लिगलिगे दौड, २०६७:४-५) ।

**ञ) घलेवारी :** तत्कालीन समयमा घले मगरहरूको मुख्य बसोवास रहेको स्थानलाई आज पनि घले बारीको नामबाट चिनिन्छ । दशैंमा कालिकाको पूजा गर्न घलेवारी र गोलाई वारीको मात्र फूल लगेर पूजा गर्ने चलन अझै पनि छ (अर्न्तवार्ता :सुवास राना, वर्ष-३१) ।

**ट) तिलिङ्गे चौतारा :** लिगलिगकोटको केही तल्लो भागमा हाल पनि तिलिङ्गे चौतारो छ । जसको वरीपरी फराकिलो ठूला ठाउँहरू छन् जसलाई बुढापाकाहरू टुडिखेल भन्दछन् । जहाँ घले मगर राजाका सिपाहीहरू (तिलिङ्गा) सो ठाउँमा शारीरिक व्यायम, कवाज खेल्ने गर्दथे (लिगलिगे दौड, २०६७:४-६) । राजा छान्ने क्रममा घलेहरू कुन बाटो दौडिन्थे भनेर खोजीनिती गर्ने क्रममा तीनवटा स्थानलाई आधार बनाइएको छ जसमध्ये एउटा आधार खोली गाउँको तिलिङ्गो चौतारा पर्दछ । चेपेघाट र मर्स्याङ्दीको दोभान, ढिकेडाडाँ (सिडी भएको ठाउँ), तिलिङ्गो चौतारा हुँदै मूलगढीलाई इतिहाससँग जोडिने आधार मानिएको पाइन्छ (अर्न्तवार्ता : सुवास राना, वर्ष-३१) ।

## ५.५ लिगलिग भूमे कालिका मन्दिरको उत्पती तथा स्थापना

लिगलिग भूमे कालिका मन्दिर हाल गोरखा जिल्लाको प्रसिद्ध शक्ति पीठ मध्यमा एउटा शक्ति पीठ हो । चौविसे राज्यमा राजाहरूले आफ्नो राज्यमा दरवारको आडमा शक्ति पीठको पनि स्थापना गरी पूजा गर्न परम्परा वसालेको ऐतिहासिक तथ्यहरू प्राय : सबै राज्यमा देखिएका कोट र कालिका/भगवती मन्दिरले जनाउँछ । घले राजाहरूले यो मन्दिर बनाए कि बनाएनन् ज्ञात नभएपनि उनिहरूले टिकाको दिनमा दौड प्रतियोगिता हुने हुनाले उनिहरूले देवीलाई मान्ने गरेको पाईन्छ । तसर्थ उनिहरूले नै स्थापना गरेको देखिन्छ । हुन त त्यसलाई द्रव्य देवी नामले पुकारिने हुदाँ द्रव्य शाहले जितीसकेर बनाएको पनि हुन सक्छ । यस कालिका मन्दिरमा अनादि काल देखि नै पूजा आजा गर्दै आएको पाईन्छ । घलेवंशको अर्को राज्य वारपाकमा सात औंलाको देवी हुनुले पनि घलेहरूले देवीलाई मान्दा रहेछन् भन्ने देखिन्छ । मन्दिर स्थापनाबारे अहिलेसम्म कुनै पनि ठोस प्रमाण, लालमोहर, अभिलेख प्राप्त हुन सकिरहेको छैन् । वर्तमान समयमा यस मन्दिरमा ब्राम्हण र ठकुरी जातीका पूजारीले पूजा गरिरहेका छन् । एक महिना ब्राम्हणले र अर्को महिना ठकुरीले आलोपालो गरी पूजा गरिरहेका छन् । वर्तमान पूजारी ६० वर्षे ठागुर प्रसाद न्यौपानेले आफ्नो पूर्खाहरू जुम्लाबाट आएको र आफ्ना पूर्खाहरू क्रमशः मैगनाथ न्यौपाने, मैनाथ न्यौपाने, तिलोचन न्यौपाने, चिन्तामणी न्यौपानेसम्मको पूर्खाहरूले पूजा-पाठ गर्दै आएको बताउनुहुन्छ । यसैगरी यस मन्दिरमा मानबहादुरको छोरा कृष्णबहादुर बगाले ठकुरीले छोडेको दुई वर्ष भएको र अहिले नयन्द्र ठकुरीले पूजा पाठ गर्दैछन् । पुजारी नभएको केही समयसम्म मगर पूजारीले पनि पूजा गरेका थिए । दैनिक पूजा गर्दा ६५ वर्षे सन्तोगी दर्जीले कर्णाल बजाउदै आइरहेको क्रम जिजुबाजेदेखि नै रहदै आएको अनि नगरा बजाउनेहरूले छोडी सकेका छन् (अर्न्तवार्ता :सन्तोषी दर्जी, वर्ष-६५) । यस मन्दिरमा मगर पूजारी रहेको र मगर तालुकदारहरूले आफू उच्च हुनलाई अन्य जातीलाई पूजारी बनाईएको हो ( अर्न्तवार्ता : ज्ञानेन्द्र राना, वर्ष-७५) । अहिले दशैं घटस्थापनाका दिनदेखि विजयादशमीको दिनसम्म एकजना मगर माथिल्लोकोट दरवारमा उपासे बस्ने गर्दछन् । त्यसैगरी पष्ठीको दिन बेलुका कटुवालका साथ दुई जना मगर पालुङतार गई बेलको फेदमा पूजा गरी सप्तमीका दिनमा बिहान चेपे र मर्स्याङ्दीको दोभानमा गई स्नान् गरी धोती फेरी, नाङ्गो खुकुरी हातमा लिइ फूलपाती जम्मा गरी फूलपाती डाडाँमा लिएर आउँछन् (लिगलिगे दौड, २०६७:६-७) ।

### ५.५.१ पूजा विधि र परम्परा

लिगलिग भूमे कालिका मन्दिरमा प्रत्येक बिहान सधै नित्य पूजा गरिन्छ । तर भक्तजनहरू भने विशेष चाडपर्वमा मात्र जान्छन् । नित्य पूजाको क्रममा पुजारीले बिहान ८-९ बजेभित्र नुवाई-धुवाई गरी खाना नखाई पुँजा गर्दछन् । सुरुमा पूजारीबाट शिलालाई नमस्कार गरी त्यहीको फूलपाती टिपेर घण्टी बजाइन्छ । थानलाई गाईको गोबर पानीले पोतिन्छ । यसपछि शिलालाई चोखो पानीले नुहाईदिन्छन् । क्रमश : चन्दन, अक्षता, फूल, धुप चढाई बत्ति बालिन्छ । पहिला मुलशिला (कालिका देवी) लाई पुजिन्छ । पहिला दियो, गणेश, कलश, मूल शिलालाई क्रमश : दियो बालिन्छ । मूलशिलालाई नौं ठाउँमा पूजा गर्नुपर्दछ । यसपछी अन्य शिलाहरूमा पूजा गरिन्छ । धूप बालिन्छ । शंख, घण्टा बजाईन्छ अनि कालिकाको कुखुरा काट्ने स्थानमा पूजा हुन्छ । त्यसपछि मौलो, घण्टीको पूजा हुन्छ । केही गल्ती भएमा क्षमा प्राप्त होस् भनी फेरी शिलापूजा हुन्छ । यस पूजा गर्ने क्रममा कर्णाल र नगरा बजाउने चलन छ तर नगरा अहिले बजाइदैन् । कर्णाल मात्र बजाईने गरिन्छ । बिहान पूजा गरिसकेपछि पूजारी आफ्नो घर जान्छन् । मन्दिरमा ढोका भएपनि बन्द गर्ने र खोल्ने नभएको अनि मन्दिरको छाना नभएकाले जो कोही कुनै पनि बेला आएर दर्शन गर्न सक्दछन् (अर्न्तवार्ता : ठाकुर प्रसाद न्यौपाने, वर्ष-६०) ।

### ५.५.२ विशेष पूजा

नित्य पूजा बाहेक चाडपर्व (वडा दशैं, चैतेदशैं, मङ्सिरमा गुठी पञ्चमी) आदिमा कालिका कोटमा भव्य पूजाआजा गरिन्छ । दशैंको बेलामा छिमेकीहरूले खर लिएर उपासे घर छाइन्छ । तर अहिले उपासे घर बनाई राख्न नपरोस् भनेर निर्माणाधिन अवस्थामा रहेको छ । घटस्थापनाको दिनदेखि पूजा शुरु गरी जग्य थापेर जमरा राखिन्छ । पूजारीले एक छाक खाने र नगर्चीले बिहान, बेलुका र रातमा गरी तीन चोटी कर्णाल बजाउन आउँने चलन छ । घटस्थापनाको दिनदेखी विसर्जन (टिका) को दिनसम्म दैनिक एउटा कुविन्डो काटिन्छ (अर्न्तवार्ता : ठाकुर प्रसाद न्यौपाने, वर्ष-६०) । वडादशैंमा घटस्थापनाका दिनदेखि विजया दशमीको दिनसम्म एक जना मगर माथिल्लोकोट दरवारमा र एकजना ठकुरी वा ब्राम्हण श्री कालिकाको मन्दिरछेउ उपासे बस्दछन् । षष्ठिका दिन बेलुका कटुवालको साथ दुईजना मगर, दुईजना ठकुरी पालुङ्टार गई बेलको फेदमा पूजा गरी सप्तमीका दिनमा बिहान चेपे र मर्स्याङ्दीको दोभानमा गई स्नान गरी धोती फेरी कुविन्डो, केरा, उखु, अदुवा

आदी लिई फूलपाती ल्याउँछन् र यसलाई कसैले रोकतोक गर्न पाउँदैन । उनीहरूले नाङ्गो खुकुरी हातमा लिई फूलपाती जम्मा गरी फूलपाती डाडाँमा लिएर आउँछन् । उक्त फूलपातीलाई त्यही डोलीमा राखी एउटा डोली ठकुरीको जोडी र अर्को डोली मगर जोडीले रातो झ्यापुन ओढाएर भिमसेन स्थान मैदानमा आउछन् । पूजारीले चौर खुर्केर रेखी हाली त्यहाँ पूजा गर्दछन् । दियो, कलश राखेर फूलपाती पर्सने गरिन्छ । उनीहरुले लिएको एउटा कुविन्डो पोखरीमा पूजा गरेर काटिन्छ । पछि बाजागाजाका साथ पर्सेर माथिल्लोकोटमा ल्याई भित्राउँछन् । नवरात्रीको पूजामा बिहान तीन-चार बजे नगरा, कर्णाल र रासा बजाईन्छ । अष्ठमीको रातमा कालरात्री गरिन्छ । नवमीका दिनमा रागाँ बोकाको बली चढाइन्छ । टिकाका दिन पूजारीले अध्यक्ष, सचिव आदीलाई टिका लगाइदिएर विर्सजन गर्दछन् । बेलुका पन्चेबाजा लिएर शुक्र पूर्व भए पश्चिम र पश्चिम भए पूर्व भएर सेलाउन लगिन्छ (लिगलिगे दौड, २०६७:६-७) । अष्ठमीको दिन बली पूजामा वडा नं. ११ र वडा नं. १३ ले एक/एक ओटा बोका बली दिन्छन् । मङ्सिरमा गुठी पञ्चमीमा मेला लाग्दछ । मनोकांक्षा पूरा भएमा बेला बेलामा पंचवली दिईन्छ । साउने सक्रान्तीमा यहाँबाट लुतो फालिन्छ ।

### ५.५.३ जनसाधारण तथा जनविश्वास

लिगलिग भूमे कालिकालाई दर्वे देवीको रुपमा पनि चिनिन्छ । कालिकाको अङ्गरक्षकको रुपमा भूमेथान र भिमसेन स्थानलाई लिने गरेको पाइन्छ । देवीको थानमा एउटा ढुङ्गा खुडे (टुटेको छ) जसलाई हलोले जोत्दा फालीले चोइटेर रगत आएको र त्यसैलाई कालिकाको अवशेष मानिन्छ । कसैले त्यस हली तर्सेर तत्कालै मरेको भनेका छन् भने कसैले फेरी त्यस हलीलाई सपनामा ‘म कालिका हुँ र मेरो पूजा गर्नु’ भनेकाले त्यस ढुङ्गोलाई मन्दिरमा राखि पूजा गरिएको भन्ने विश्वास गरिन्छ । अन्य मठ-मन्दिरहरुमा छाना भएपनि यस लिगलिग कालिका मन्दिरमा छानो रहेको छैन् । पहिले दिनभरी छानो हाल्यो भोली पल्ट देवीको वाहन स्वरुप बाघले भत्काईदिने गर्नाले गर्दा यस मन्दिरमा छानो नहालिएको भन्ने विश्वास रहेको छ । यस मन्दिरमा पहिला पाठीको बलि दिइन्थ्यो तर जननीको हत्या किन गर्नु भनेर अहिले बोका, भालेको बली दिईन्छ । कालिका देवीको मन्दिर भन्दा केही पर उत्तरतिरको भिरमा भुमेथान छ । त्यहाँ परेवा, बोकाको बलि दिईन्छ । पुजारीले काटेर भोग चढाउने वेलामा कसैले हेर्न हुँदैन भन्ने जनविश्वास छ । पुजारीलाई सोध्दा त्यहाँ गँगता र विच्छी आएर भोग

खान्छन् र त्यो देख्दा तर्सेर मर्छन भनेर नहेर्नु भनिएको हो । यसवेला सर्वसाधरणले मात्र होइन पुजारीले पनि नहेरेर भोग चढाउने गर्दछन्  (अर्न्तवार्ता : सुवास राना, वर्ष-३१) । वर्तमान पुजारी ठाकुर प्रसादका अनुसार २०६७/६८ ताका लिगलिगकोट विकास अभियानले बनाएको नयाँ उपासे घरमा बस्दा ठकुरी पुजारीलाई डर लाग्यो भनेको र ब्राम्हण पूजारीलाई सपनामा जहाँको त्यही बस भनियो । यसैले उही पुरानै ठाउँमा उपासे बस्ने गर्दछन् (अर्न्तवार्ता : ठाकुर प्रसाद न्यौपाने, वर्ष-६०) । मन सफा भएपछि लिगलिग कालिका देवीले भाकल पुऱ्याउदा रहेछन् ।  कान्छो छोरो भर्ती हुँदा दुःख पाउँदा यही कालिकालाई भाकल गर्दा पुगेको कुरा स्थानिय धनकुमारी कार्कीले बताईन । उहाँले सपनामा पनि देखेकाले दुइपल्ट पूजा गरेको बताउनुभयो । कालिकालाई मात्र नभएर भूमेलाई पनि सँगै पूजा गर्नुपर्दछ  (अर्न्तवार्ता : धनकुमारी कार्की, वर्ष-६५) । यसरी लिगलिग कालिकाप्रति विश्वास र आस्था हुनेहरुले भाकल गरी पंचवली दिने गरेको पाईन्छ ।

### ५.५.४ लिगलिग भूमे कालिका मन्दिरको बनोट शैली र वस्तुकला

लिगलिग भूमे कालिकाको मन्दिर ढुङ्गै ढुङ्गाले बनेको छ । चारपाटे (चर्तुभुज) आकारका रहेको यस मन्दिरको दाहिनेतिर ढोका छ । जुन उत्तरदिशा तर्फ फर्किएको छ । उक्त मन्दिरको ढोका खोल्न र बन्द गर्ने हालिएका छैनन् । ढोकैमा विच्छ्याईएको छपनीमा अपुष्ट रुपमा लेखिएको देखिन्छ । भित्ताहरुमा रहेका अन्य ढुङ्गाहरुमा अभिलेख जस्तै लेखिएका अपुस्ट अक्षरहरु कोरिएको पाइन्छ । यस मन्दिरमा कुनै पनि झ्याल वा खोपाहरु राखिएका छैनन् । मन्दिरमा छानो राख्न नमिल्ने हुनाले मन्दिर छानो विहिन छ । मन्दिरको बाहिरी भागको चार कुनामा काठका चारवटा मौलाहरु गाडिएका छन् । ढोकाबाट प्रवेश गर्दा त्यसको सिधै भित्तातिर दुईवटा ढुङ्गाको खम्बामा अर्को ढुङ्गा तेस्राई त्यहाँ साना घण्टीहरु झुण्ड्याईएको छ । देब्रेबाट सानो घण्टीमा श्रीमान/श्रीमती टिकाराम न्यौपाने, त्यसपछि अल्लि ठूलो घण्टीमा लिगलिग द्रव्य शाह कालिका माई, श्री बल बहादुर ठकुरीको तर्फबाट, तेस्रो सानो घण्टीमा 19:10:2005, S.B. Bhujel र अर्को अल्लि ठूलो घण्टीमा केही लेखिएको छैन् । चन्द्र शमशेर थापाले चढ्ाएको ठूलो घण्टी चोरी भएर पोखराको (महेन्द्रपुल) गल्लीमा फ्याकिएको अवस्थामा फेला परेको थियो । उक्त घण्टी २०३३/३४ मा जीवन राना प्रधान पञ्चले ल्याउनु भएको हो । उक्त घण्टी पुजारीसँग रहेको र दशैं पूजामा मात्र लिएर बजाईन्छ । द्रव्य शाहका पालाको कर्णाल रामजी परियारसँग छ  (अर्न्तवार्ता : सुवास राना,

वर्ष-३१) । दुईपट्टी धार भएको तरवार थियो जुन लुरे गन्धरीसँग रहेको छ । बिचमा काठका ३/४ वटा साना मौलाहरु गाडिएका छन् । पूजारीलाई सोध्दा ती मौलाहरुलाई फेर्न मिल्ने बताउँछन् । त्यसको देब्रे स्थानमा थुप्रै गोलो आकारका शिलाहरु छन् । यसको अगाडि विच्छ्याईएको खोडे आकार (हलोले जोत्दा फालीले चोईटिएर रगत आएको) मानिने कालिका देवीको प्रतिकको रुपमा ढुङ्गा छ । त्यसको देब्रेमा देवीको टाउको मात्रै रहेको र गणेशको दुईवटा ढुङ्गालाई खोपेर बनाइएको मूर्तिहरु छन् । त्यसको देब्रे कुनामा कुखुरा काट्ने स्थान छ । मन्दिरको बाहिरी भाग अर्न्तगत दक्षिणमा उपासक बस्ने घर २०७३ सालमा निर्माणाधिन अवस्थामा रहेको देखिन्छ । पश्चिममा बस्ने बेन्च सहित कटेज छ । माथि डाडाँमा मुल दरवार छ । वरिपरी सल्लाको रुखहरु छन् । मुलगेटबाट मन्दिरसम्म पुग्नलाई सिडीहरु बनाइएको छ । यस मन्दिरको उत्तरतर्फको भिरमा भूमेथान छ । त्यहाँ एउटा ढुङ्गे खम्बामा भित्तासँग जोडाई अर्को ढुङ्गा तेस्र्याएर घण्टा झुण्डाइएको छ । हाल त्यहाँ एउटा मात्र सानो घण्टी छ जसमा लिगलिग भूमे माइ, श्री बल बहादुर ठकुरीको तर्फबाट भनि लेखिएको छ । त्यहाँ तीनवटा शीलालाई ठड्याई राखिएको छ जसलाई भूमे माई मानिएको छ । भूमेथान भीरमा रहेकाले सुरक्षा गर्ने हेतुले सिमेन्टको पिलरमा फलामका डण्डीहरुले बारिएको छ (स्थलगत भ्रमण) ।

### ५.५.५ गुठी व्यवस्था र वर्तमान अवस्था

**क) गुठी व्यवस्था :** हिन्दुशास्त्रमा बढी प्रभावित समाज त्यसैमा पनि यस समाजमा अस्तित्वमा रहदै आएका मठ, मन्दिर एवम् स्तुपहरु प्रति नेपाली समाजको अगाध आस्था हुनु स्वभाविकै हो । यिनै मठ, मन्दिर एवम् स्तुपहरु प्रति आवद्ध संस्थाको नाम हो गुठी । गुठी शब्दको इतिहास लामो छ । गोष्ठी शब्दबाट गुठी बनेको हो । यसको अस्तित्व नेपालको प्रागऐतिहासिक कालदेखी नै स्पष्ट हुन्छ । गुठीको सहि मर्म वास्तवमा समग्रमा मानव हित वा मानव धर्मसँग आवद्ध रहेको छ (क्षेत्री, २०५७:१२४) । तिर्खाएका धपिएकाका लागि पानी खुवाउनु, थाकेको बटुवाको लागि पाटी पौवाको विश्राम थलो जुटाउनु, भोकाएका लागि सिधा दान गर्नु, कुमार्ग तर्फ लागेकालाई सहि मार्गको बोध गराई सुमार्ग तर्फ लगाई दिनु जस्ता कुराहरुको निस्वार्थ सेवा पुऱ्याई असहाय प्राणीको सेवा गर्नु जस्तो वडो संवेदनशिल एवम् विवेकपूर्ण कार्य नै वास्तवमा सच्चा मानव धर्म हो । सहि धर्मात्मा पनि यस्तै कार्य गर्नेलाई भनिन्छ ।

पहिले देखि नै निरन्तर रुपले चल्दै आएको एउटा लिगलिगकोटको गुठी थियो, जसमा सयौं मुरी खेत, सयौं रोपनी पाखोवारी र रकम थिए । उक्त गुठीका मोहीहरुलाई रैताने लालपूर्जा वितरण गरी रैकर अर्थात आँठो सरहको बाली (तिरो) लिने र मोहीहरुबाट उचित मुआब्जा लिई सो रकमबाट प्राप्त हुन आउने ब्याज आम्दानीबाट नियमित रुपले पूजा संचालन गर्दै आईरहेको छ ।

लिगलिगकोटको गुठी अर्न्तगत निम्न कामदारहरुको व्यवस्था गरिएको थियो ।

अ) पुरोहित ब्राम्हण : वडादशैं, चैतेदशै तथा अन्य समय समयमा पाठ, पूजा आदि गर्ने गराउने ।

आ) पूजारी : साँझ बिहान नित्य पूजा अर्चना गर्ने ।

**बानादारहरु :**

इ) रासा बजाउने

ई) कर्णाल बजाउने

उ) नगरा बजाउने

ऊ) नगरा मोहोर्ने

ऋ) हतियारहरुमा सान लगाउने

ए) कटुवाल

उपरोक्त कामदारहरु सबैका लागि तोकिएका खान्गी (खेत) थिए । कामदारहरुको खान्गी बाहेक अक्षेता गुठी, उपासे खान्गी र उपासे वस्दाका अवधिका लागि खर्च भनि तोकिएका गुठी खेतहरु पनि थिए । नगद, भेटी, ध्वजा पत्ताका, सिन्दुर, सुपारी तथा पूजा सामाग्री खरिदका लागि आवश्यक रकम लिगलिगकोट पूर्वी भेग (खोल्ली) तर्फ बिजुलीथोक र पश्चिम भेग (मैवलतर्फ) पपनेथोक दुई तर्फबाट पाखो सेर्मा उठाई चलाईन्थ्यो । उपरोक्त सबै कामदारको खटनपटन, दशैं तथा नित्य पूजाको निरिक्षण तथा रेखदेख बिजुलीथोकका मुखियाद्वारा गरिन्थ्यो (लिगलिगे दौड, २०६७:६) ।

लिगलिगकोटको गुठी भएतापनि सबै हिनामिना र अव्यवस्थित रहेको देखिन्छ । यहाँ भएका गुठीको खेतवारीहरुलाई चोरी दर्ता गर्दै आफ्नो नाममा पार्ने गरिएको पाइन्छ । गुठीलाई कार्यान्वयनमा नलिएको र धेरैले गुठीको जग्गा प्रयोग गरेको हुनसक्ने अड्कल गर्न सकिन्छ । पूजारीको नाममा जग्गा थियो, त्यो रैतानी भएको छ । दमाईहरुको जग्गा सिम्पानीमा ४०-५० रोपनी भएपनि बाँजो छ । नगरा मोहड्ने सार्की, गाईने आदी सबैको गुठी जग्गा छ । तर व्यवस्थित भने नभएको देखिन्छ । सिम्पानी, वड्डाडाँ, पाथीभरा, खोलीगाउँमा जग्गा थियो । सो सबै हिनामिना र मनोमानी सबै मुखियाहरुले गरे । वि.सं. २०३८ सालबाट लालपूर्जा, तिरो केही छैन् । चौरासी रोपनी जग्गा गुठीको बारेमा डिल्लीबजार, काठमाडौंमा खोज्न जानुपर्छ (अर्न्तवार्ता : ज्ञानेन्द्र राना, वर्ष-७५) । यस्तै वेद बहादुर रानाको अनुसार मुखियाले रैकर बनाए । पछि आएर थाहाँ भयो धेरै जग्गा रहेको । ५-७ वर्ष अगाडी यसका धेरै खान्गी रहेछ । पूजारी खान्गी, नगरा (रासा) कटुवालेको खान्गी थियो । खेतहरु ठाउँ-ठाउँमा थियो । लिगलिगमा पूजारीको अक्षता भन्ने गुठी अर्न्तगत थियो तर रैकर बनाईदियो । उहाँको सोचमा यो गुठी यहीका टालुकदारहरुले गर्दा लिगलिग गुठी व्यक्तिको नाममा मनोमानी तरिकाले गयो । गुठीमा हुनुपर्ने तर किन रैकरमा भैदियो ? (अर्न्तवार्ता : वेद बहादुर राना, वर्ष-५५) लिगलिग गुठीको जग्गा कटहरे, कोलविडीमा बाझै, पोखरा वेसीमा छन् । सिमपानीमा भएको व्यक्तिगत भएको अनि दमाईहरुको जग्गामा धान लिन जान्थे । धान नदिएपछि बजाउनै छोडी दिए (अर्न्तवार्ता : गणेश बहादुर कार्की, वर्ष-६९) ।

## ५.६ लिगलिगकोट विकास अभियान

लिगलिगकोटको ऐतिहासिक, पुरातात्विक, पर्यटकिय तथा धार्मिक विशेषता ओझेलमा परेको तथ्यलाई यसै वडा नं. ४ (हाल वडा नं. १३, पालुङटार) लिगलिग निवासीहरु, वुद्धिजिवीहरु एवम् समाजसेवीहरुले हृद्धयगंम गरी सक्रियताका साथ ज्ञानेन्द्र रानाको अध्यक्षतामा 'लिगलिगकोट विकास अभियान' नामक संस्थाको जन्म दिई विधिवत् रुपमा मिति २०६५ साल वैशाख १६ गतेका दिन दर्ता गरेको हो । हाल यसको कार्यालय खोल्लीमा रहेको छ । यस संस्थाले यस स्थलको आवश्यक पूर्वाधार तयार गरी विकास गराउन विधिवत् अल्पकालिन तथा दीर्घकालिन योजनाहरु राखी कार्यक्रम सम्पन्न गर्ने उद्देश्य राखेको छ ।

यस लिगलिगकोट विकास अभियानले ऐतिहासिक, पर्यटकिय एवम् धार्मिक स्थल लिगलिगकोट र यसका परिधिभित्र रहेका सम्पूर्ण स्थलहरुलाई विकास गरी देश तथा विदेश सामु पहिचान गराउन संस्थाले विविध कार्यक्रम तथा योजनाहरु निम्न बमोजिम तर्जुमा गरेको छ ।

**अल्पकालिन योजना**

पम्पीङ्ग खानेपानी, मनोरञ्जनात्मक साधन, फलामे पिङ, फलामे चिप्लेटी, कटेज निर्माण, बाध्यवादनका सामाग्रीहरु, शौचालय, बस्ने बेन्चहरु, पिकनिकलाई आवश्यक सामाग्रीहरु, पूजाका सामाग्रीहरु, बिजुली बत्ती, वृक्षारोपण (श्रृङगारिक वोटविरुवा), इमेल इन्टरनेट सुविधा ।

**दीर्घकालिन योजना**

खानेपानी, गढी जिर्णोदार, कालिका मन्दिर निर्माण, लिगलिगे दौड, सिमा क्षेत्र निर्धारण, भ्यू टावर, पार्क निर्माण, कम्पाउडिङ, प्याराग्लाइडिङ, व्यवस्थित भोजनालय, प्राकृतिक ओडारहरु संरक्षण, लाली गुराँसको जुस तथा वाइन उत्पादन, जडीबुटी खेती, जङ्गल सफारी, आराम गृह, सिंडी निर्माण, दूधपोखरी पदमार्गको एक विश्रामस्थल, सङ्ग्राहलय

**सम्पन्न कार्यहरु**

**क) सिढी निर्माण :** तल्लो गढीबाट मूल दरवार नजिक रहेको कालिका मन्दिरसम्म कुटुवा ढुङ्गाबाट सिढी निर्माण सम्पन्न गरिएको छ ।

**ख) खुल्ला दिसामुक्त क्षेत्र :** हाल वडा नं. ४ (पालुङटार-१३) ८० घरमा पक्की चर्पी निर्माण गरी खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गरिसकिएको छ ।

**ग) खानेपानी :** भिरपानीबाट लिफ्टिङ्ग गरी करिव ४० लाख अनुमानित लागतमा लिगलिग खानेपानी निर्माण शुरु गरी करिव १० लाख बराबरको कार्य सम्पन्न गरिसकिएको छ ।

यसै संस्थाले दशैंमा चेपेघाट देखि लिगलिगकोट सम्म वर्षेनी दौड प्रतियोगिता गर्दै आइरहेको छ । वि.सं. २०६७ सालमा दौडमा विजयीहरुलाई निम्न पुरस्कारको व्यवस्था गरेको थियो ।

अ) प्रथम पुरस्कार : नगद रु ५०,०००।-, पगरी, ट्रफी, प्रमाणपत्र

आ) द्धितीय पुरस्कार : नगद रु १०,०००।-, ट्रफी, प्रमाणपत्र

इ) तृतीय पुरस्कार : नगद रु ५,०००।- ट्रफी, प्रमाणपत्र

ई) सबै सहभागिलाई प्रमाणपत्र

(लिगलिगे दौड, २०६७:७-९)

# परिच्छेद - छ

# निष्कर्ष र सुझाव

## ६.१ निष्कर्ष

मध्यकालमा आएर नेपाल बाईसे, चौबिसे, पश्चिममा खस राज्य, दक्षिणमा तिरहुत, नेपाल उपत्यकामा नेपाल मण्डल र पछिल्लो समयमा बाइसे-चौबिसे आदिको रुपमा विभक्त रहेको पाईन्छ । डाडाँको टाकुरोमा दरवार बनाई विभिन्न जातिका शासकहरुले भुरे-टाकुरे राजाका रुपमा शासन चलाएको कुरा सर्वविदितितै छ । भुरे-टाकुरे राज्यहरुमा वर्तमान नेपालको १२ वटा जिल्लाहरुमा घले जातिहरुले शासन सत्ता चलाएको देखिन्छ । घले जाती वर्तमान नेपालमा रहेका जातीहरु मध्ये एक जाति हो । जुन जातिय थर गुरुङ, तामाङ र मगर जातीहरुमा रहेको पाउँछौं । हुन त नेपालको भूपरिवेशमा विभिन्न कालक्रममा विभिन्न घले राज्यहरु र त्यहाँ प्रभावशाली राजाहरुको उदय र विलय भएको पाइन्छ तैपनि नेपालको इतिहासमा कोर्नै पर्ने र छुट्याउन नहुने राज्य हो लिगलिगकोट । प्रत्येक दशैं टिकाको दिन दगुरानमा प्रथम आउने व्यक्ति एक वर्षको निम्ति राजा हुने र राजा फेर्ने विश्वकै एक छुट्टै प्रजातान्त्रिक विशेषता रहेको राज्य थियो । गोरखामा शाहवंशको जग बसाल्ने द्रव्य शाहको प्रथम आक्रमण रहेको स्थान पनि यहि नै थियो । शाह वंशको इतिहास लेख्दा सुरुवात लिगलिगकोटबाट नै लेखिन्छ नत्र त्यो अपुरो हुन जान्छ ।

घले वंशको इतिहास हेर्दा आठौं शताब्दीमा सिंन्जा र त्यो भन्दा अझै अगाडी जाने हो भने वद्रीनाथ र केदारनाथसम्म पुग्न सकिन्छ । यी घलेहरु पश्चिमबाट पूर्वतर्फ सर गर्दै मनाङ, मुस्ताङ, बाग्लुङ, कास्की, तनहुँ, लमजुङ, गोरखा हुँदै फिर्के आदि सम्म सर्दै राज्य स्थापना गरेको देखिन्छ । इतिहासलाई कोट्याउदा थाहाँ लाग्छ कि यी घलेहरुको ठाउँ-ठाउँमा बारम्बार शाह (खान) हरुसँग मात्र युद्ध भएको देखिन्छ । यही शाहहरूबाट नै यिनीहरुको राज्य विलय भएको पाईन्छ । लिगलिगकोटमा पनि यही अवस्था भएको थियो ।

लिगलिगकोटमा वि.सं. १६०३ को टिकाको दिन दगुरानमा प्रथम भई दलसुर घले राजा भएका थिए । उनी वलवान भएकोले वि.सं. १६१५ सम्म उनी नै राजा भएको पाइन्छ । द्रव्य शाहको छलकपटको कारणले यो शाहहरुको पकडमा आएको थियो । पछि त्यहाँ विद्रोह गरेर अमर घले राजा भए । उनीपछि लिगलिगमा रघु घले पनि राजा भएका थिए । रणजीत घलेले लिगलिगकोट फिर्ता गर्न युद्ध लडेका थिए । धेरै वर्षसम्म लमजुङ र गोरखाविच

लिगलिगकोटको बारेमा साना-ठूला युद्धहरु भए । सो युद्धहरु खासगरी गोरखामा पृथ्वीपति शाह र नरभूपाल शाहको पालामा भएको पाइन्छ ।

यस राज्य वर्तमान आँपपिपल, हर्मी, पालुङटार, खोप्लाङ र छोप्राक मिलेर बनेको देखिन्छ । राज्यका छिमेकी राज्यहरु वारपाक, गोरखा, तनहुँ, लमजुङ थिए । युद्धको बेलामा छिमेकी राज्यहरु र अन्य घले राजाहरु मौन रहनुले कुटनितीमा खासै सवल रहेको देखिदैन् । यस राज्यमा शक संवत चलाइने र त्यहाँका जनताहरु हिन्दु, बौद्ध र प्राकृतिक पूजक थिए । जातजातीहरुमा ब्राम्हण, क्षेत्री, गुरुङ, मगर, नेवार, कामी, दमाई, पहुनी, कुसुण्डा, तामाङ, ठकुरी, खवास आदि रहेको पाइन्छ । नेपालकै सर्वमान्य लोक गित घाटुं र सोरठी पनि यसै ठाउँमा सप्रने र हुर्कने गरेको पाइन्छ ।

लिगलिगकोटमा ऐतिहासिक दृष्टिकोणबाट महत्वपूर्ण मानिएका कोट, दरवारको भगनावशेष, मन्दिर, किल्लाहरु रहेका छन् । तिनीहरुको उत्खनन् कार्यमा अग्रसर रहने हो भने थप धेरै कुराहरु पत्ता लगाउन सकिन्छ । त्यस समयमा दौडको सुरुवात रहने चेपेघाट ऐतिहासिक रुपले मात्रै नभई धार्मिक रुपमा पनि महत्वपूर्ण क्षेत्र हो । यी स्थानहरुको बारेमा प्रकाशन, अध्ययन अनुसन्धान गरी क्षेत्रीय इतिहास लेखनको थालनी गर्दा नेपालकै इतिहास लेखनमा टेवा पुग्न सक्ने देखिन्छ ।

## ६.२ सुझावहरु

नेपाल विश्वमा नै ऐतिहासिक धरोहर, कला, भाषा, संस्कृतिले भरिपूर्ण भएको राष्ट्र हो । हाम्रो देशमा छरिएर रहेका असङ्ख्य कोट, मठ, मन्दिर, पाटीपौवा, मूर्ति, पोखरी, चौतारा जस्ता धार्मिक तथा सांस्कृतिक सम्पदाहरु देशका अमूल्य सम्पत्ती हुन् । हाम्रो नेपाली डाडाँ, पाखाहरुमा भत्केका र जिर्ण अवस्थामा रहेका भूरे-टाकुरे राजाका दरवारहरु अझै पनि हामी देख्न सक्छौं । यिनीहरुको संचालन संरक्षण र समवर्द्धन गर्नु हाम्रो कर्तव्य हो । यिनै सांस्कृतिक क्षेत्रहरुको धरोहरको रुपमा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको समुचित प्रयोग र संरक्षणद्वारा नै राष्ट्रको उत्थान हुन सक्छ । त्यसैले यस अध्ययनबाट निम्न निष्कर्षको आधारमा सुझावहरु प्रस्तुत गरिएका छन् ।

- लिगलिगकोटमा रहेका धार्मिक सम्पदाहरुको नित्य नौमित्तिक पूजा लगायत अन्य आवश्यक व्यवस्थापनका लागि क्षेत्रगत रुपमा पूजा व्यवस्थापन समिति गठन गरी त्यसलाई क्रियाशिल बनाउने ।
- लिगलिगकोट दरवारको पुन : निर्माणमा जोड दिई व्यवस्थित पार्नुपर्ने र त्यहाँ बगैंचा, निर्देशित होर्डिङ बोर्डहरु राख्ने ।
- लिगलिगकोटको धार्मिक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको वैज्ञानिक ढङ्गले अभिलेख राख्ने ।
- लिगलिगकोटको बारेमा धेरै अध्ययन र अनुसन्धान हुन बाँकी रहेकाले सरकार र निजि तरफबाट पहल गर्ने ।
- लिगलिगकोट डाडाँमा पुग्नलाई गाडीको बाटोमा होर्डिङ बोर्ड लगाउनुको साथै फराकिलो र कालो पत्रे बनाउने ।
- पर्यटकिय दृष्टिकोणले त्यस ठाउँको प्रचार प्रसार गरी स्वदेशी र विदेशी पर्यटकहरुको आगमनको लागि सम्बन्धित गा.वि.स./नगरपालिकाले त्यहाँ होटल, रेष्टुराँको प्रवन्ध गर्ने ।
- लिगलिगकोटको प्रचार प्रसारको लागि समितिको निर्माण गरी मासिक रुपमा पत्रिका निकाल्ने ।
- लिगलिगकोटको विकास निर्माणको लागि विविध कार्यक्रम गरी चन्दा संकलन मार्फत अर्थ संकलन गर्न विशेष जोड दिने ।
- लिगलिगकोटमा दशैं (टिका) को दिन दौड प्रतियोगिता गर्ने कार्यक्रमलाई यथावट राखि अझै व्यवस्थित र आकर्षक बनाउने ।
- चेपेघाट, बड्डाँडा, पाच्यान, टिलीङ्ग क्षेत्र अनि दौड हुने स्थानहरुलाई व्यवस्थित र आर्कषक बनाउने ।

# सन्दर्भ सामाग्री


अधिकारी रेशराज र घिमिरे हरिहर, (२०६५), *नेपाली समाज र संस्कृति,* काठमाण्डौं : साँग्रिला प्रिन्टिङ प्रेस ।

अधिकारी, सूर्यमणि, (२०६१), *खस साम्राज्यको इतिहास,* काठमाडौं : भुँडीपुराण छापाखाना ।

अर्याल आई.आर एण्ड ढुङ्गेल आई.पी., (१९७०), *अ.न्यू हिष्ट्री अफ नेपाल,* काठमाडौं : अ न्यू भ्वाईस अफ नेपाल ।

अर्याल, कृष्ण राज, (१९७५), *मोर्नाची इन द मेकिङ अफ नेपाल,* काठमाडौं : हिज मेजेस्टी गोभरमेन्ट प्रेस ।

आचार्य, बाबुराम, (२०२४), *श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,* काठमाडौं : श्री ५ को सरकारको छापाखाना ।

आचार्य, महेशकुमार, (२०५४), *हिस्तोरिया,* इतिहास तथा संस्कृति विभाग, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

आरमीट्मा, (२०६०), कास्की : नेपाल मगर सङ्घ ।

उपाध्याय, श्री रामप्रसाद, (२०५५), *नेपालको समीक्षात्मक इतिहास,* काठमाडौं : साझा प्रकाशन ।

काफ्ले, डोलराज, (२०५६), *गुरुङ संस्कृति र घाटुँ नाँच,* नेपालगञ्ज : महेन्द्र बहुमुखी क्याम्पस ।

के.सी., सुरेन्द्र, (२०५६), *भारतको आधुनिक इतिहास,* काठमाडौं : पैरवी प्रकाशन ।

.......”........ (२०६१), *नेपालको इतिहास,* काठमाडौं : पैरवी प्रकाशन ।

क्राउथर, जियोफ र फिन्ले ह्युग, (१९८१), *लोनली प्लानेट,* न्यू दिल्ली : सुसान मित्र ।

खनाल, कुलप्रसाद, (२०६६), *भीरकोट राज्यको संक्षिप्त अध्ययन,* (शोधपत्र), इतिहास तथा संस्कृति विभाग, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

गुरुङ, ईन्द्रबहादुर अदिलेम, (२०६८), *तमु (गुरुङ) सांस्कृतिक दिग्दर्शन,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

गुरुङ, जगमान, (२०३४), *गुरुङ जाती तथा संस्कृति,* पोखरा : पोखरा सेन्टर प्रेस ।

गुरुङ, जगमान, (२०३५), *कास्कीदेखि गोरखासम्म,* माछापुच्छ्रे, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

……."…….. (२०४१), *नेपालको एकीकरणमा गुरुङहरुको भूमिका,* पोखराः श्री बौद्ध अर्घौ सदन ।

……."…….. (२०५४), *रिभानचौर ङेरो पैंगीलामाहरुको वंशवृक्ष,* पोखरा : नथुप्रल्हाद समिति ।

……."…….. (२०६१), *नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवण क्षेत्रका तीर्थस्थलहरुको विश्लेषात्मक अध्ययन,* कीर्तिपुर : नेपाल र एसियाली केन्द्र त्रिभुवन विश्वविद्यालय ।

गुरुङ, चन्द्रमणि, (२०६७), *तमु जातीको कथा र व्यथा,* पोखरा : सिग्देल मुद्रणालय ।

गुरुङ, मीन बहादुर, (२०५९), *घाँटु,* पोखरा : डाँफे कला मन्दिर ।

घर्तीमगर, मनोज, (२०७१), *भर्तीको फन्दा,* काठमाडौं : मिडियासेट प्रिन्ट प्वाइन्ट ।

घले, धन, (२०७३ वैशाख ६), *घले राजाको अन्त्य र शाहवंशको उदय,* पोखरा : समाधान दैनिकी ।

घले, भद्र बहादुर, (२०६५), *घले राजवंशको संक्षिप्त ऐतिहासिक परिचय,* पोखरा : शिव शंकर अफसेट प्रेस ।

तमु, डिल्लीजङ, (२०५६), *तमु जातिको लुकेको इतिहास,* काठमाडौं : सर्पोट प्रेस ।

तामाङ, परशुराम, (२०५६), *तामाङ जाति,* काठमाडौं : नेपाल राजकिय प्रतिष्ठान ।

थापा, एम.एस., (२०४९), *प्राचीन मगर र अक्खा लिपि,* ललितपुर : बृजि प्रकाशन ।

थापा, धर्मराज, (२०५६), *तनहुँ फूलबारी,* काठमाडौं : सहयोगी प्रेस (प्रा). लि. ।

थापामगर, नरु, (२०६७), *नेपालको इतिहासमा मगरहरु,* आरमीट्मा, कास्की : नेपाल मगर संघ ।

थापामगर, नरु, (२०५०), *सिमारेखा,* ललितपुर : नेपाल मगर संघ ।

दहाल, पेशल, (२०५३), *नेपालको इतिहास,* काठमाडौं : एम.के. पब्लिशर्स डिष्ट्रिव्युर्टस ।

देवकोटा, राजेश्वर, (२०२५), *हाम्रा पूर्खाहरु,* काठमाडौं : साझाँ प्रकाशन ।

नेपाल परिचय, (२०७०), काठमाडौं : सूचना विभाग ।

पन्त, दिनेशराज, (२०४१), *गोरखाको इतिहास, (पहिलो भाग),* काठमाडौं : सृजना प्रिन्टर्स ।

.......”........ (२०४३), *गोरखाको इतिहास, (दोस्रो भाग),* काठमाडौं : सृजना प्रिन्टर्स ।

.......”........ (२०५०), *गोरखाको इतिहास, (चौथो भाग),* काठमाडौं : श्री ५ को सरकार सुचना तथा सञ्चार मन्त्रालय ।

पुनमगर, दानबहादुर, (२०५०), *मगर पुजारी र देवस्थलहरु,* बुटवल : लाङ्घाली छापाखाना ।

पौडेल, चन्द्रकान्त, (२०५९), *कास्कीकोटको ऐतिहासिक अध्ययन,* (शोधपत्र), इतिहास तथा संस्कृति विभाग, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

बज्राचार्य धनबज्र र श्रेष्ठ टेक बहादुर, (२०३७), *शाहकालको अभिलेख, (पहिलो भाग),* नेपाल र एशियाली अनुसन्धान केन्द्र, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

बरालमगर, केशरजंग, (२०५०), *(पाल्पा, तनहुँ र स्याङ्जाको मगरहरुको संस्कृति),* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बिष्ट, सोमध्वज, (२०३९), *नेपालगढ,* काठमाडौं : लुष प्रेस ।

भूसाल, जीवलाल, (२०६३), *पैयुँकोटको ऐतिहासिक अध्ययन,* (शोधपत्र), इतिहास तथा संस्कृति विभाग, पोखरा : पृथ्वीनारायण क्याम्पस ।

मेची देखि महाकालीसम्म (भाग-३), (२०३१), काठमाडौं : श्री ५ को सरकार संचार मन्त्रालय, सूचना विभाग ।

योगी नरहरिनाथ, (२०२२), *इतिहास प्रकाशनमा सन्धिपत्र सङ्ग्रह, (भाग-१),*बाराणसी : कल्पना प्रेस ।

रानामगर, जे.के., (२०५८), *बुद्धको बामियानमा ढुङ्गे मूर्ति ध्वस्त : मगराँतमा हस्तीहाडको मूर्ति फेला,* सिद्धार्थनगर : न्यू श्रेष्ठ छापाखाना ।

लिगलिगे दौड, (२०६७), गोरखा : लिगलिगकोटको विकास अभियान ।

शर्मा, डिल्लीराज, (२०५५), *नेपालको किल्ला-वस्तुकला,* काठमाण्डौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मेदिनीप्रसाद, (२०४७), *द्रव्य शाह, "नेपालको आधुनिक इतिहास,* विराटनगर : जानुका प्रकाशन ।

शाक्य, हरिकृष्ण, (२०६०), *चीन र जापानको इतिहास,* बिराटनगर : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

श्रीस मगर, पदम, (२०६८), *नेपालको लोक संस्कृति घाटु नृत्य,* काठमाण्डौं : निरन्तर प्रकाशन ।

श्रेष्ठ, नारायणप्रसाद, (२०४१), *पाल्पाको सम्झना गर्दा,* मधुपर्क, काठमाडौं : गोरखापत्र संस्थान ।

सुवेदी, राजाराम, (२०६०), *कास्की राज्यको इतिहास,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

क्षेत्री, दिल बहादुर, (२०५७), *शिद्ध शक्तिपीठ विन्ध्यावासीनी तथा पोखराका केही मठ मन्दिरहरुको संक्षिप्त परिचय,* पोखरा : श्री बिन्ध्यावासिनी धार्मिक क्षेत्र विकास समिति ।

**चलचित्र :**

लिगलिगकोटसँग सम्बन्धित चलचित्र (सिमारेखा) थापा, नरु, सिमारेखा चलचित्र, काठमाडौं : रेसुङ्गा फिल्मस (प्रा.ली.) ।

## परिशिष्ट-१

## अन्तर्वार्ता लिएका व्यक्तिहरुको नामावली

| क.सं. | नाम, थर | वर्ष | ठेगाना | अन्तर्वाता लिएको मिति |
|---|---|---|---|---|
| १. | कृष्ण बस्याल | ३२ | पालुङ्टार (११), बोहरागाऊँ (लिगलिग क्षेत्र) | २०७३/०३/३० |
| २. | गणेश बहादुर कार्की | ६९ | पालुङ्टार (१३), आँपपिपल (लिगलिग क्षेत्र) | २०७३/०४/२ |
| ३ | जगमान गुरुङ | ६५ | काठमाडौं | २०७३/१२/२३ |
| ४. | ठाकुर प्रसाद न्यौपाने | ६० | पालुङ्टार (१३), राईगाऊँ (लिगलिग क्षेत्र) | २०७३/०३/३१ |
| ५. | धन कुमारी कार्की | ६५ | पालुङ्टार (१३), खोलीगाऊँ (लिगलिग क्षेत्र) | २०७३/०४/२ |
| ६. | पूर्ण बहादुर राना | ४९ | पालुङ्टार (१३), खोलीगाऊँ (लिगलिग क्षेत्र) | २०७३/०४/१९ |
| ७. | बेद बहादुर राना | ५५ | पालुङ्टार (१३), खोलीगाऊँ (लिगलिग क्षेत्र) | २०७३/०४/२ |
| ८. | मनोज घर्तीमगर | २९ | पोखरा (१४), चाउथे | २०७३/०६/२८ |
| ९. | सन्तोगी दर्जी | ६५ | पालुङ्टार (१३), राईगाउँ (लिगलिग क्षेत्र) | २०७३/०३/३१ |
| १०. | सुवास राना | ३१ | पालुङ्टार (११), महिवल (लिगलिग क्षेत्र) | २०७३/०४/१ |
| ११ | ज्ञानेन्द्र राना | ७५ | पालुङ्टार (१३), खोलीगाऊँ (लिगलिग क्षेत्र) | २०७३/०४/२ |

# परिशिष्ट - २

अन्तवार्ताका क्रममा सोधिएका प्रश्नावली

नाम : लिङ्ग : उमेर :

स्थायी ठेगाना :

आवद्ध संस्था र पद :

अन्य पहिचान :

मिति :

१) लिगलिगकोटको नामाकरण र यस राज्यको बनोट बारे तपाईको धारणा के छ ?

२) लिगलिगकोटमा राजा छान्ने विधि कस्तो थियो ?

३) लिगलिगकोटमा युद्धहरु के कसरी भयो भन्ने बारे थाहा छ कि ?

४) लिगलिगकोटमा घलेहरु छन् कि छैनन् ? छन् भने कति र कहाँ छन्, बताइदिनु हुन्छ कि ?

५) लिगलिगकोटमा ऐतिहासिकता झल्काउने स्थानहरु कहाँ कहाँ छन् र तिनीहरुको बारेमा बताई दिनु हुन्छ कि ?

६) लिगलिगको दौड प्रतियोगिता के कसरी सम्पन्न गरिदै आईएको छ ?

७) लिगलिग भूमे कालिका मन्दिरको उत्पती कसरी भयो ?

८) लिगलिग भूमे कालिका मन्दिरमा नित्य पूजा र विशेष पूजा कसरी गरिदै आईएको छ ?

९) लिगलिग भूमे कालिका प्रति तपाई र स्थानियहरुको के कस्तो आस्था र विश्वास रहेको छ ?

१०) यस मन्दिरको गुठी व्यवस्थाको बारेमा प्रकाश पारिदिनु हुन्छ कि ?

११) लिगलिगकोट विकास अभियानले लिगलिगकोटको विकासको निम्ति के कस्ता कदमहरु चालेको छ ?

१२) यहाँको मुख्य समस्या भनेको के हो ?

१३) यस क्षेत्रमा रहेका सम्पदाहरुको संरक्षण र समग्र विकासमा लागि सरकार र जनस्तरबाट के के अपेक्षा गरिएको छ ?

## परिशिष्ट - ३

## लिगलिगकोट विकास अभियान स्थापनाकाल देखिका पदाधिकारीहरु

**क) २०६५ (पहिलो कार्यकाल)**

| | | |
|---|---|---|
| अध्यक्ष | : | ज्ञानेन्द्र राना |
| उपाध्यक्ष | : | पूर्णचन्द्र देवकोटा |
| सचिव | : | वेद बहादुर राना |
| कोषाध्यक्ष | : | मानकाजी आले |
| सदस्यहरु | : | राम बहादुर रोका |
| | : | ठाकुर प्रसाद न्यौपाने |
| | : | सुदन ठकुरी |
| | : | सुसिला परियार |

**ख) दोस्रो कार्यकाल (२०६९।०३।०५ देखि)**

| | | |
|---|---|---|
| अध्यक्ष | : | अनिल थापा |
| उपाध्यक्ष | : | यान बहादुर राना |
| सचिव | : | पदम बहादुर राना |
| कोषाध्यक्ष | : | रोशन थापा |
| सदस्यहरु | : | सुधन सिंह ठकुरी |
| | : | अशोक थापा |
| | : | सुवास राना |
| | : | प्रकाश न्यौपाने |
| | : | राजु सुनार |
| | : | मिता के.सी. |


**ग) तेस्रो कार्यकाल (२०७२ भदौ १९ देखी)**

| | | |
|---|---|---|
| अध्यक्ष | : | पूर्ण बहादुर राना |
| उपाध्यक्ष | : | सरोज देवकोटा, भिम कुमारी थापा |
| सचिव | : | पूर्ण चन्द्र देवकोटा |
| सह सचिव | : | देवी कार्की |
| कोषाध्यक्ष | : | सुदीप रोका |
| सदस्यहरु | : | सुधनसिंह ठकुरी |
| | : | शिव थापा |
| | : | सिता मरहता |
| | : | राम प्रसाद देवकोटा |
| | : | सुसिला परियार |

(टेलिफोन वार्ता : पूर्ण बहादुर राना, वर्ष- ४९)

## परिशिष्ट-४

घलेहरुले वर्तमान नेपालको निम्न १२ वटा जिल्लाहरुमा राज्य गरेका थिए ।



## परिशिष्ट-५

लमजुङ र गोरखाका घले राज्यहरु




स्रोत : घले, भद्र बहादुर घले राजवंशको संक्षिप्त ऐतिहासिक परिचय, २०६५ : ४७

**परिशिष्ट-६**

वर्तमान गोरखा जिल्लाि [illegible]




बाली र सेर्मा तिर्दा दि [illegible] उल्लेख छ । सातसय लिगलिगकोट अन्तर्गत वर्तमान आँपपिपल, हर्मी, खोप्लाङ, छोप्राक र पालुङ्टार गरी पाँच गा.वि.स. पर्दछन् । ती ५ गा.वि.स.को नक्सालाई जोडेर त्यसबेलाको लिगलिग राज्यको नक्सा कोरिएको हो ।



## परिशिष्ट - ७


लिगलिगकोटमा तारा आकारमा रहेका दरबारको भगनावेशको नक्सा




स्रोत : डिल्लीराज शर्मा, नेपालको किल्ला बस्तुकला, २०५५:७५

## परिशिष्ट - ८

लिगलिगकोटमा हुने दौड्ने बाटोको नक्सा




स्रोत : लिगलिगे दौड, २०६७

## परिशिष्ट - ९

लिगलिगकोटमा दौड प्रतियोगिताको पर्चा




सौजन्य : बेद बहादुर राना, खोलीगाउँ, उमेर-५५

# परिशिष्ट - १०

लिगलिगकोट विकास अभियानको विधान अन्तर्गत परिच्छेद १

## लिगलिगकोट विकास अभियानको विधान

२०६५

प्रस्तावना :

देश भरिका ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय महत्वपूर्ण स्थलहरु जसको विविध कारणवश सही मूल्यांकन र विकास हुन सकेको छैन, त्यस्ता स्थलहरुको विस्तृत विवरणहरुको खोज तथा अनुसन्धान गरी सूचना तथा चेतनाको माध्यमबाट सहि पहिचान गराई विकासमा सहयोग पुऱ्याउने एवं देशको पिछडिएका भागहरु तथा जनताहरुमा समयानुकूल शिक्षा प्रदान गरी त्यस्ता स्थलहरुको संरक्षण तथा सम्वर्द्धन गर्न दक्ष जनशक्ति विकास गर्ने अभिप्राय र उद्देश्य राखी "लिगलिगकोट विकास अभियान" नामक संस्थाको स्थापना गरी संचालन गर्न यो विधान संस्था दर्ता ऐन २०३४ को अधिनमा रही तर्जुमा गरिएको छ।

### परिच्छेद १

#### प्रारम्भिक

१. संस्थाको नाम :-

यस संस्थाको नाम लिगलिगकोट विकास अभियान रहनेछ। अंग्रेजीमा Lig Ligkot Development Expedition रहनेछ। छोटकरीमा नेपालीमा 'लि.लि.वि.अ.' र अंग्रेजीमा 'LLKDE' भनिनेछ।

क) संस्थाको कार्यालय रहने ठेगाना :-

यस संस्थाको कार्यालय गोरखा जिल्ला आँपपिपल गा.वि.स. वडा नं. ४, लिगलिग खोल्लीभा रहनेछ।

ख) संस्थाको कार्यक्षेत्र :-

यस लिगलिकोट विकास अभियानको कार्यक्षेत्र हाललाई गोरखा जिल्ला हुनेछ। आवश्यकता अनुसार जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल अधिराज्य भित्र कार्य क्षेत्र विस्तार गर्न सकिनेछ।

ग) प्रारम्भ :-

यो विधान संस्था दर्ता भएको मितिबाट प्रारम्भ हुनेछ।

घ) संस्थाको अस्तित्व :-

यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामुलक, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ। संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन।

ङ) आवद्धता : यो संस्थालाई समाज कल्याण परिषद् र कानूनी मान्यता प्राप्त अन्य निकाय समेतमा आवद्धता गर्न सकिनेछ।

च) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ।

छ) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट उजुर लाग्नेछ।


ज) संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हक अधिकारको हनन गर्ने छैन।

(१)

सौजन्य : वेद बहादुर राना (पालुङटार-१३, खोलीगाँउ)

## परिशिष्ट - ११

## फोटोहरु



लिगलिगकोट प्रवेशद्वार



लिगलिगकोटको मूल दरबार



मूल दरबारमा पाईएका ईट्टा, टालीहरु



ठूलो गढी



प्रवेशद्वार बाहिर रहेको बनमारा झारले ढाकेको एउटा गढी




कटुवाल चौतारोमा रहेका अभिलेख



लिगलिग कालिका मन्दिर (बाहिरबाट)



लिगलिग कालिका मन्दिरको भित्री दृश्य



कालिका मन्दिरमा रहेको खुडे आकारको मूल शिला, अन्य शिलाहरु र गणेश देवीको मूर्तिहरु



लिगलिग कालिका मन्दिरभित्र रहेको मौलो





लिगलिग भूमे थान



भिमसेन थान



आगन्तुकको लागि विश्रामस्थल




निमार्णाधिन उपासे घर (२०७३)



द्रव्य शाहले सभा गर्ने ठाउँ (सभा चौतारो)



राजाहरु हिड्ने अवशेष (सिडीहरु)



माथिको डाँडा लिगलिगकोट र त्यसको तलतिर पाच्यान ठाउँ




लिगलिगकोट विकास अभियानको कार्यालय